सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ पुस २०८१, बिहीबार (9 Jan 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आकर्षक काम र ज्यालाको प्रलोभनमा कस्मिर पुऱ्याएर बन्धक बनाउँदै श्रमशोषण

कस्मिर पुगेका १२० नेपाली मजदुरमाथि चरम यातना, आठ महिनासम्म काममा लगाएर रित्तो हात फर्काइयो

(विस्तृत पृष्ठ ३)

चीन-भारत प्रतिद्वन्द्विताबाट निर्देशित हुनेछ एसियाको भविष्य

जोखिमका बाबजुद भारतले भिन्न विचार राखेर उदाउँदो महाशक्ति चीनको क्षमता र शक्तिलाई खुलमखुला चुनौती दिएको छ, जुन यो शताब्दीमा अरू कुनै शक्तिले गरेको छैन

(विस्तृत पृष्ठ ५)

बुढीगण्डकी जलाशयमा हजार मेगावाटको सोलार निर्माणको प्रस्ताव

बुढीगण्डकीको निर्माणमा फेरि अर्को खाका बनाइँदै, निजी क्षेत्रलाई पनि समावेश गराइने

■ उच्चस्तरीय आयोगले अर्थमन्त्रीलाई बुझायो अन्तरिम प्रतिवेदन

सरकारी बक्यौता तिर्ने र उधारो नियमन गर्ने कानुन ल्याउन सुझाव

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रविलाई 'तारो' बनाएर अध्यादेश ल्याउँदा ५२ हजार बचतकर्ताको साढे ७ अर्ब झन् अनिश्चित

संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा चलेको अवस्थामा मिलापत्र गर्न नमिल्ने गरी सरकारले रविलक्षित अध्यादेश ल्याउँदा उनी जोडिएका पाँच सहकारीका झन्डै ५२ हजार बचतकर्ताको साढे सात अर्ब फिर्ता झन् अनिश्चित, सञ्चालकले दिन्छु भन्दा पनि पीडितले नपाउने

टेकराज थामी/नयाँ पत्रिका

सरकारले रास्वपा सभापति रवि लामिछानेलाई 'कुनै पनि हालतमा नछाड्ने' नियतसहित व्यक्तिलक्षित सहकारी अध्यादेश ल्याउँदा उनी जोडिएका पाँच सहकारीका ५२ हजार बचतकर्ताको करिब साढे सात अर्ब बचत फिर्ता झन् अनिश्चित बनेको छ। सांसद सूर्य थापा नेतृत्वको उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन, प्रहरीमा परेको जाहेरी र सहकारीपीडितहरूले संकलन गरेको तथ्यांकअनुसार रवि जोडिएका पाँच सहकारीमा ५१ हजार ८४७ बचतकर्ताको सात अर्ब ३३ करोड ७८ लाख ३६ हजार रुपैयाँ फसेको छ। उनी पोखराको सूर्यदर्शन, काठमाडौंको स्वर्णलक्ष्मी, बुटवलको सुप्रिम, पर्साको सानो पाइला र चितवनको साहारा सहकारी हिनामिनामा तानिएका छन्।

■ इजलासमा सहकारीपीडितकै कानुन व्यवसायीले सोधे- **सरकारले मुद्दालाई राजनीतीकरण गर्ने त होइन ! व्यक्तिकेन्द्रित बहस किन ?**

पृष्ठ २

यी पाँच सहकारीको ठगीमा मुख्य अभियुक्त जिबी राई छन्। सरकारले रविलाई 'तारो' बनाएर अध्यादेशमा गरेको व्यवस्थाले अब जिबीले पीडितको रकम तिर्छु भन्दा पनि बचतकर्ताले रकम फिर्ता नपाउने अवस्था सिर्जना भएको छ।

सरकारले सहकारीपीडितको समस्या समाधान गर्ने भन्दै १४ पुसमा सहकारी ऐन, २०७४ लाई संशोधन गर्न जारी गरेको अध्यादेशमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न नसकिने व्यवस्था गरेको छ। अध्यादेशमा यस्तो व्यवस्था यसकारण राखियो कि सूर्यदर्शन र स्वर्णलक्ष्मीमा सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको समेत मुद्दा चलाइएको छ। सूर्यदर्शनको मुद्दामा कास्की जिल्ला अदालतमा थुनछेक बहस सकिएर आदेश आउन बाँकी छ भने स्वर्णलक्ष्मीको

» पृष्ठ २ मा क्रमशः

■ यी सहकारी ठगीका मुख्य अभियुक्त जिबी राईले रकम फिर्ता गर्छु भन्दा पनि बन्यो पीडितले नपाउने अवस्था

■ **स्वर्णलक्ष्मी सहकारी, काठमाडौं**

बचतकर्ता
३ हजार २००
फसेको रकम
दुई अर्ब ६५ करोड

■ **सूर्यदर्शन सहकारी, कास्की**

बचतकर्ता
१८ हजार ७००
फसेको रकम
१ अर्ब ५१ करोड ४० लाख १९ हजार १९४

■ **सानो पाइला सहकारी, पर्सा**

बचतकर्ता
८ सय
फसेको रकम
१ अर्ब ३५ करोड ४१ लाख ६५ हजार ९११

■ **सुप्रिम सहकारी, बुटवल**

बचतकर्ता
१९ हजार ३५
फसेको रकम
एक अर्ब १६ करोड ७९ लाख ७९ हजार ७९१

■ **साहारा सहकारी, चितवन**

बचतकर्ता
१० हजार ११२
फसेको रकम
६५ करोड १६ लाख ७१ हजार ७१२

● **गौरीबहादुर कार्की**, अध्यक्ष
समस्याग्रस्त सहकारी जाँचबुझ आयोग, २०७०

सहकारी अध्यादेश नै रवि लामिछानेलक्षित भएर आयो। जहाँ संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दासँग सम्बन्धित कसुरमा मिलापत्र गर्न नसकिने भनिएको छ। रवि पाँच सहकारीमा जोडिएका छन्। उनीविरुद्ध संगठित अपराध र सम्पत्ति शुद्धीकरणको समेत मुद्दा लागेको छ। यस्तो अवस्थामा मिलापत्र गर्न सकिने अवस्था रहेन। त्यसैले ती सहकारीका बचतकर्ताको रकम फिर्ता हुने अवस्था अनिश्चित बनेको छ।

● **परितोष पौड्याल**, सचिव
सहकारी विभाग, एमाले

अध्यादेश उल्टो बाटो हिँडेको देखिन्छ। बचतकर्ताको रकम फिर्ता गर्न बचत रकम र ऋण प्रवाह गरिएको रकमलाई मूलधारमा ल्याइनुपर्छ। तर, अध्यादेश यस विषयमा केही बोल्दैन। जबसम्म बचत र ऋण प्रवाह गरिएका रकम पहिचान हुँदैन र त्यसलाई मूलधारमा ल्याइँदैन, तबसम्म बचतकर्ताको रकम फिर्ता हुँदैन।

● **कुशलभ केसी**, अध्यक्ष
सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघ

अध्यादेश झारा टार्ने नियतले मात्रै ल्याइएको देखियो। त्यसमा तत्काल बचत फिर्ता गर्नुपर्ने कुनै नीति र कार्यक्रम नै छैनन्। कानुनको छिद्र समाएर उन्मुक्ति खोज्ने पीडकलाई मात्रै हित हुने प्रावधान राखेर अध्यादेश आउनु खेदजनक छ। यो अध्यादेश व्यक्तिकेन्द्रित भएको देखिन्छ। यसले समस्याको समाधान गर्न सक्दैन।

एक अर्ब १९ करोड ठगीको अभियोग लागेका स्वर्णलक्ष्मीको कर्जा र लेखा समिति सदस्य लामा र नेवा धरौटीमा रिहा

काठमाडौं/ काठमाडौंको स्वर्णलक्ष्मी सहकारी हिनामिनामा पक्राउ परेका दुई आरोपी धरौटीमा छुटेका छन्। कर्जा उपसमिति सदस्य कमल लामा तीन लाख र लेखा समितिकी पूर्वसदस्य सुनिता नेवा चार लाख धरौटीमा मंगलबार छुटेका हुन्। गत आइतबार जिल्ला सरकारी वकिल कार्यालयले पक्राउ परेका दुईसहित ३९ विरुद्ध मुद्दा दायर गरेको थियो। नेवा र लामाविरुद्ध पनि एक अर्ब १९ करोड ४९ लाख २१ हजार २७० रुपैयाँको एकमुस्ट बिगो कायम गरिएको थियो। दुई अर्ब ६५ करोड हिनामिना भए पनि पीडितहरूले दिएको जाहेरीलाई आधार बनाएर सोबराबरको रकम मागदाबी लिइएको थियो। नेवाले बयानका क्रममा ०७३/७४ देखि सहकारीका सञ्चालकहरू सहकारीको रकम हिनामिनामा जिम्मेवार रहेको बताएकी थिइन्। त्यसयता कांग्रेस सांसद माया राई दुईपटक सहकारीको सञ्चालक रहेकोमा उनलाई भने रहस्यमय रूपमा उन्मुक्ति दिइएको छ। सुरुमा प्रहरीले उनीविरुद्ध अदालतबाट पक्राउ अनुमति लिएकोमा पछि सोधपुछसमेत नगरी मुद्दा दायरको सिफारिस गरेको थियो। तर, सरकारी वकिल कार्यालयले अदालतमा दायर गरेको मुद्दामा उनको नाम नै गायब पारेको छ।

उमागौरी सहकारी हिनामिना प्रकरण : प्रहरीलाई सघाउँछु भन्दै आत्मसमर्पण गरेका पूर्वसञ्चालक राजवंशी थुनामा

फरार ऋषिकेशपत्नी अञ्जला अदालत टेकेकै दिन बयान र थुनछेक बहस सकेर धरौटीमा रिहा

विराटनगर/ मोरङको उमागौरी कृषि सहकारी ठगी गरेको आरोप लागेका पूर्वसञ्चालक रोशन राजवंशी प्रहरीलाई सघाउँछु भन्दै प्रहरीमा आफैं हाजिर भए पनि अदालतको आदेशमा एक महिनाअघि नै पुर्पक्षका लागि थुनामा पठाइएका छन्। तर, सोही सहकारी ठगीमा फरार प्रतिवादी बनाइएकी एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइराला भने अदालत टेकेकै दिन बयान र थुनछेक बहस सकेर १० लाख धरौटीमा छुटेकी छिन्। घरमै रहे पनि कोइरालालाई अनुसन्धानको दायराबाट उन्मुक्ति दिँदै प्रहरीले फरार प्रतिवादीको रूपमा सीधै अदालतमा उपस्थित हुन मिल्ने सुविधा दिएर मुद्दा दायर गरेको थियो। यो सहकारीको २२ करोड ४८ लाख २७ हजार ठगीमा अञ्जला प्रत्यक्ष संलग्न छिन्। सदस्यहरूलाई झुक्याएर उनीहरूकै धितो राखेर योजनाबद्ध रूपमा बैंकबाट ऋण ल्याएर ठगी गरिएको थियो। त्यसमा अञ्जलाको हस्ताक्षर नै छ।

■ माघेसंक्रान्तिलाई तरुल

माघेसंक्रान्तिको पूर्वसन्ध्यामा तरुल, चाकु, तिलको लड्डुलगायतका सामग्री बजारमा आउन थालेका छन्, कालीमाटी तरकारी बजारमा बिक्रीका लागि राखिएका थरीथरीका तरुल। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

अन्तिम कार्यकाल बढाउने देउवा रणनीति

विधानले दिएको सुविधामा टेकेर र विगतका नजिर देखाएर एक वर्ष कार्यकाल थप्न सकिनेमा देउवा ढुक्क, संस्थापन पक्षकै नेता भन्छन्- ०८२ मा महाधिवेशन गाह्रो छ

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

०७८ मंसिरमा १४औं महाधिवेशन गरेको कांग्रेसको १५औं महाधिवेशन ०८२ मा हुनुपर्ने हुन्छ। तर, कांग्रेसकै नेताहरूलाई ०८२ को मंसिरमा महाधिवेशन हुनेमा संशय छ। आगामी महाधिवेशनमा नेतृत्वको दौडमा नलाग्ने घोषणा गरेका सभापति शेरबहादुर देउवा पनि आफ्नो अन्तिम कार्यकाल विधानले दिएको सुविधामा टेकेर र विगतका नजिर देखाएर बढाउने दाउमा छन्।

'पार्टीको सबै तहको कार्यसमितिको सभापति निरन्तर रूपमा दुई पदावधिभन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउनेछैन,' विधानको धारा ५७ को व्यवस्थाले देउवालाई तेस्रोपटक सभापतिको उम्मेदवार बन्न रोकेको छ। देउवा आफैंले अब आफू सभापतिको दौडमा नलाग्ने सार्वजनिक उद्घोष गरिसकेका छन्। तर, उनले विधानले दिएको सुविधा प्रयोग गरी कार्यकाल बढाउन सक्छन्।

देउवाले आफू नियमित महाधिवेशनका लागि तयार रहेको बताएका छन्। तर, सभापति देउवाको अन्तिम कार्यकाल भएकाले पनि चार वर्षमा महाधिवेशनको सम्भावना नरहेको निकट नेताहरूले स्पष्ट संकेत गर्ने गरेका छन्। संस्थापन पक्षका नेताहरू विधानले चार वर्ष भने पनि पाँच वर्षको कार्यकाल नजिर रहेको बताउन थालेका छन्।

असाधारण परिस्थितिमा एक वर्ष कार्यकाल बढाउन सक्ने सुविधा विधानकै धारा ४३ मा छ। 'पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ,' उक्त धारामा उल्लेख छ।

यही व्यवस्थाका कारण संस्थापन समूहले एक वर्ष समयावधि थप्ने संशय डा. शेखर कोइराला समूहलाई छ। देउवा नेतृत्वमा नआउनु भनेको कांग्रेसले नयाँ सभापति पाउने हो। यस्तोमा महाधिवेशन लम्बिए

» पृष्ठ २ मा क्रमशः

पाँच वर्षलाई नै हामीले सामान्य अवधि मान्ने गरेका छौं

मीन विश्वकर्मा, प्रचार विभाग प्रमुख

'विधानतः चार वर्षको अवधि हो। तर, यसअघिका सबै सभापतिले प्रत्येक पाँच-पाँच वर्षमै महाधिवेशन गराउँदै आउनुभएको नजिर भएकाले पाँच वर्षलाई नै हामीले सामान्य अवधि मान्ने गरेका छौं। पाँच वर्षभन्दा पर जाँदैन। ०८२ मा महाधिवेशन हुन्छ-हुँदैन भनेर आशंका गर्नुभन्दा सबैले सहयोग गर्दा समयमै महाधिवेशन हुने अवस्था आउँछ।

प्रारम्भिक तयारीविना महाधिवेशनको सुनिश्चितता हुन सक्दैन

गुरुराज घिमिरे, इतर समूहका नेता

प्रारम्भिक तयारी पूरा नहुँदा ०८२ मा महाधिवेशनको सम्भावना कम हुन्छ, महाधिवेशनको सुनिश्चितता हुन सक्दैन। तोकिएकै समयमा महाधिवेशन सुनिश्चित हुने गरी पार्टीलाई दबाब दिँदै छौं। वडादेखि प्रदेश तहसम्मको अधिवेशनको कार्यतालिका तत्काल ल्याउन आवश्यक छ। सदस्यता वितरण पनि समयमै सम्पन्न गर्न आवश्यक छ।

०८२ मै महाधिवेशन हुने आधार तयार भएको छैन

एनपी साउद, संस्थापन समूहका नेता

सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण आवश्यक गतिमा भइरहेको छैन। महाधिवेशनका लागि सांगठनिक प्रक्रियाहरू पूरा भएका छैनन्। ०८२ मै महाधिवेशन हुने आधार भएको छैन। कांग्रेस विधानमा चार वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था छ। तर, प्रायः एक वर्ष थप गरेर पाँच वर्षमा महाधिवेशन सम्पन्न हुने गरेका छन्।

शशांक कोइरालाको प्रस्ताव- ०८४ को निर्वाचनपछि महाधिवेशन गरौं

पूर्वमहामन्त्री डा. शशांक कोइरालाले महाधिवेशन ०८२ मा सम्भव नभए ०८४ को आमनिर्वाचनपछि गर्नु उपयुक्त हुने प्रस्ताव गरेका छन्। चितवनमा १६ पुसमा सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उनले आमनिर्वाचनको मुखमा महाधिवेशन गर्न उपयुक्त नहुने बताएका थिए। निर्वाचनको मुखमा महाधिवेशन गराउँदा त्यसको असर निर्वाचनमा पर्न नहुनेमा उनको जोड थियो। '०८४ मा आमनिर्वाचन हुँदै छ। त्यसको दुई वर्ष पहिले नै १५औं महाधिवेशन हुनुपर्ने हो। निर्धारित समयमा अधिवेशन हुन सकेन भने पार्टीभित्रको असन्तुष्टि बोकेर निर्वाचनमा जान सकिँदैन। निर्वाचनपछि मात्र महाधिवेशन गराउँदा उत्तम हुन्छ,' उनको भनाइ थियो।

आफैं बिरामी बन्दै छ कान्ति बाल अस्पताल

जनशक्ति, ल्याबदेखि भवनसम्म अभाव

● **प्रदीप पौडेल**, स्वास्थ्यमन्त्री

अस्पतालको सेवा राम्रो भएर नै बिरामी धेरै आएका हुन्। अस्पतालको केही व्यवस्थापकीय पक्षमा भने त्रुटि छ। आवश्यक जनशक्ति, उपकरण र भौतिक संरचना छैनन्, यहाँ काम गर्नेहरूले अन्तजति सेवा-सुविधा प्राप्त गर्नुभएको छैन। यी कुराहरूलाई हामीले सम्बोधन गर्नु जरुरी छ।

● **डा. पंकज राय**
निर्देशक, कान्ति बाल अस्पताल

प्रशासनिक भवन जीर्ण छ, उपचार कक्षहरू पनि पर्याप्त छैनन्, बिरामी फर्काउनुपर्ने अवस्था छ। प्रशासनिक भवनलाई अन्यत्रै सार्नुपर्नेछ। प्रयोगशालाको अभाव छ, एउटा एक्सरे मेसिन बन्द भए सेवा नै बन्द गर्नुपर्ने हुन्छ। डिस्चार्ज पद्धतिमा पनि चेन्ज गर्नुपर्नेछ, स्टाफका लागि आवश्यक क्वार्टर छैन। तत्काल कैयौं उपकरण खरिद गर्नुपर्ने आवश्यकता छ। मास्टरप्लानअनुसारका काम गर्नुपर्नेछ, यस्तै-यस्तै थुप्रै समस्यासँग जुधिरहेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

बालबालिकाका लागि एक मात्र सरकारी विशिष्टीकृत अस्पताल कान्ति बाल अस्पताल आफैं बिरामी हालतमा छ। कमजोर र साँघुरो संरचनाबिच बालबालिकालाई सबैखाले उपचार सेवा प्रदान गर्दै आइरहेको अस्पताल पछिल्लो समय जनशक्ति र संरचना अभावको चुनौती झेलिरहेको छ।

» पृष्ठ २ मा क्रमशः

■ कहाँ पुग्यो मास्टरप्लान ?

२२ पुस ०८० मा कान्ति बाल अस्पताल प्रशासन तथा विज्ञ टोलीले नयाँ कार्ययोजना तथा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयारी पारी स्वास्थ्य मन्त्रालयमा पेस गरेको प्रतिवेदन कार्यान्वयन हुने अवस्थामा छैन। गत वर्ष अस्पतालले सो प्रतिवेदन स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा पठाएको थियो। तर, त्यतिवेला कतार सरकारले आर्थिक सहयोग गर्ने भनेपछि त्यही रकममा मास्टरप्लान अघि बढाउने सरकारको योजना थियो।

तर, डा. भगवान कोइरालाले खोल्न लागेको बाल अस्पताल र कान्ति अस्पतालको प्रतिवेदन एकैसाथ कतार सरकारलाई पठाइएपछि दुवै संस्थालाई सहयोग गर्न नसकिने भन्दै कतारले हात झिक्यो। 'यो विषय अर्थ मन्त्रालयसम्म पुगेर धेरै छलफल भयो। कतार सरकारले बनाइदिने भनेर प्रस्ताव पनि गरेका थियौं, तर दुईवटा प्रतिवेदन एकैसाथ पेस भए। त्यसपछि दुई संस्थालाई सहयोग नगर्ने भनेर जवाफ आयो,' स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने, 'अहिले यो विषय ओझेलमा छ।'

उनले कान्तिलाई एक हजार शय्याको बनाउने योजना निकै कठिन र खर्चिलो भएको बताए। प्रारम्भिक योजनाअनुसार एक हजार शय्याको अस्पताल निर्माण गर्न बहुवर्षीय योजनामा जाँदा पनि ६ वर्ष लाग्ने देखिन्छ। सरकारले एक वा दुई वर्षमा अस्पताल निर्माणका लागि ठुलो आकारमा बजेट विनियोजन गर्न नसक्ने भएकाले यसलाई बहुवर्षीय योजनाका रूपमा अघि बढाउनेबारे स्वास्थ्य मन्त्रालयले अर्थ मन्त्रालयसँग पहलसमेत गर्दै आइरहेको छ। हाल अस्पतालको कुल ३५० शय्यामा पिआइसियू र एनआइसियूलगायत गम्भीर बिरामीको उपचार गर्ने शय्या ४२ मात्र छन्। अस्पतालमा लाग्ने भिड थेग्न यो संख्या निकै कम हो। अस्पतालमा एमबिबिएस र विशेषज्ञ गरी ९८ चिकित्सक छन् भने २२३ नर्स छन्। त्यस्तै, प्यारामेडिक्सतर्फ ५० जनाको जनशक्ति छ।

■ ९ वैशाखसम्म एमालेको वडाकेन्द्रित अभियान

सबै वडामा एक लाख क्षमतावान् नयाँ युवालाई पार्टीमा भर्ती गर्ने लक्ष्य

नयाँ पत्रिका

एमालेले पार्टीमा कम्तीमा एक लाख क्षमतावान् नयाँ युवालाई भर्ती गरेर पार्टीमा आबद्ध गराउने लक्ष्यसहित आगामी वैशाखसम्म वडाकेन्द्रित पार्टी निर्माण अभियान सञ्चालन गर्ने भएको छ। केन्द्रीय कमिटीको मंगलबार सम्पन्न बैठकले केन्द्रीय संगठन विभागको संगठन विस्तारसम्बन्धी कार्ययोजना पारित गर्दै ६७ सय ४३ वडामा कम्तीमा एक लाख क्षमतावान् युवालाई भर्ती गरेर पार्टी कमिटीमा भर्ती गर्ने लक्ष्य राखेको हो। कम्तीमा एउटा वडामा १५ जना क्षमतावान् युवालाई रोस्टर बनाएरै प्रशिक्षित गरी पार्टीमा आबद्ध गराउने कार्ययोजनामा भनिएको छ। लक्ष्य पूरा भएको अवस्थामा एक लाख एक हजार १४५ युवा आबद्ध हुन सक्नेछन्।

'प्रत्येक वडामा सम्भावना बोकेका कम्तीमा १५ जना युवाको रोस्टर बनाउने (सूची तयार पार्ने) र नेतृत्व विकासका लागि विशेष प्रशिक्षण आरम्भ गर्ने। विदेश गएका पार्टी समर्थक युवाको विवरणसहितको लगत लिने र पार्टीको केन्द्रीय संगठन विभागमा पठाउने। निर्वाचन बुथकेन्द्रित सुरक्षा-प्रबन्धको अग्रिम तयारी थाल्ने। सम्भाव्य युवाहरूको खोजी गर्ने,' बैठकले पास गरेको युवा नेतृत्व विकासको काम शीर्षकमा भनिएको छ।

केन्द्रीय कमिटी बैठकले स्वदेशमै रोजगारी र उद्यमशीलताको विकासका लागि युवाहरू परिचालन गर्ने भन्दै अलग्गै प्रस्ताव पारित गरेको थियो। 'स्वदेशभित्र अवसर नदेखेर या भएको अवसर सदुपयोग गर्न नसकेर भइरहेको युवाहरूको ठूलो संख्यामा प्रवासनप्रति एमाले चिन्तित र संवेदनशील छ। देशभित्रै केही गरौं भन्ने हुटहुटी बोकेका युवाहरूलाई प्रोत्साहन, सहयोग र साझेदारी गर्दै युवाहरूमा उद्यमशीलताको विकास गर्न, उनीहरूलाई उत्पादन, रोजगारी र स्वरोजगारीमा जोड्न र सूचना प्रविधिलगायत क्षेत्रमा प्राप्त अवसरलाई सदुपयोग गर्ने उपयुक्त वातावरण निर्माण गर्दै समृद्धिका संवाहकका रूपमा युवाहरूलाई परिचालन गर्न यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ। ५० को दशकमा सशस्त्र द्वन्द्व, ६० को दशकमा शान्ति स्थापना र ७० को दशकमा संविधान निर्माण गर्दै अगाडि बढेको मुलुकमा ८० को दशकलाई समृद्धिको दशक र रोजगारी सिर्जनाको दशकका रूपमा अगाडि बढाउन सरकार सफल होस् भन्ने बैठक कामना गर्दछ,' प्रस्तावमा भनिएको छ।

१ माघमा सुरु गरेर पार्टी स्थापना दिवस ९ वैशाखमा अभियान समापन गरिने केन्द्रीय सदस्य तथा संगठन विभागका सचिव माधव ढुंगेलले बताए। ०८४ को निर्वाचनमा तीनवटै तहमा एकल बहुमत ल्याउने उद्देश्यले सञ्चालन गरिने अभियानभित्र पार्टी सदस्यता विस्तार, फागुन-चैतभित्र सदस्यता नवीकरण, टोलसम्म संगठनात्मक रूपमा गतिशील बनाउने, पार्टी जीवनको शुद्धीकरण गर्ने, भ्रामक प्रचारको प्रतिवाद गर्ने, पार्टीको नीति र नेतृत्व स्थापित गर्ने, कार्यकर्तामा आत्मविश्वास र जनतामा आशा जगाउन, जनताका माग-मुद्दा र समस्यामा अग्रसरता लिएर घर-घर पार्टीलाई पुऱ्याउने, महिला सदस्यता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने, युवा नेतृत्व विकास गर्न, पार्टीलाई पूर्णतया प्रविधिमैत्री बनाउने उद्देश्य रहेको पनि उनले बताए। 'वडासम्म जनसंगठनका कमिटी र सदस्य विस्तार गर्न अर्थात् जगैदेखि पार्टीलाई मजबुत जनाधारित कार्यकर्ता पार्टी बनाउन पनि तीनमहिने विशेष अभियानको आवश्यकता परेको हो,' ढुंगेलले भने।

अभियानमा केन्द्र, प्रदेश र जिल्लाको नेतृत्व पूर्णकालीन रूपमै गाउँमा खटिनुपर्ने आवाज केन्द्रीय कमिटी बैठकम उठेको थियो। त्यस्तै, अभियानबाहेक पनि केन्द्रीय नेतृत्व पूर्णकालीन रूपमा गाउँमै केन्द्रित हुनुपर्ने र स्थानीय समस्या समाधानको नेतृत्व लिनुपर्ने सुझाव पनि कतिपय केन्द्रीय सदस्यहरूले दिएका थिए। एमालेले अभियानमा सम्बन्धित भूगोल, गैरभौगोलिक क्षेत्र र सम्बन्धित जनसंगठनका लागि तोकिएका जिम्मेवार नेता-कार्यकता नै अभियन्ताको भूमिकामा रहने र वडामा बाहिरबाट कुनै प्रतिनिधि नपठाए पनि सम्बन्धित प्रदेश पार्टी कमिटीका इन्चार्जको मुख्य कमान्ड रहने गरी कार्ययोजना बनाएको छ।

त्यस्तै, जिल्ला इन्चार्जको संयोजनमा निर्वाचन क्षेत्रका इन्चार्ज केन्द्रीय कमिटीका नेताहरूले अभियानको समग्र नेतृत्व गर्नेछन् भने प्रदेश कमिटीका पदाधिकारीले योजनाबमोजिम प्रदेशभरि अभियान चले-नचलेको अनुगमन तथा निर्देशन गर्ने पारित कार्ययोजनामा भनिएको छ। फागुन र चैतलाई सदस्यता नवीकरण र वितरणको महिना बनाउने भनिएको छ।

रविलाई 'तारो'...

पृष्ठ १ बाट क्रमशः

मुद्दा जिल्ला अदालत काठमाडौंमा दर्ता भएको छ। अन्य तीन सहकारीमा पनि प्रहरीले संगठित अपराध र सम्पत्ति शुद्धीकरणअन्तर्गत अनुसन्धान गरिरहेको छ। पीडितसँग मिलापत्र गरेर रवि कतै छुट्ने हो कि भन्ने डरले वैकल्पिक बाटो पनि बन्द गर्ने नाममा सरकारले बचतकर्ताको रकम फिर्ता नै अनिश्चित बनाइदिएको छ।

संसदीय छानबिन समितिले तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्नलगायतका निर्देशन ३० भदौमै दिएको थियो। तर, समितिको निर्देशन कार्यान्वयनका लागि भन्दै अध्यादेश ल्याएको सरकारले उल्टै रविलाई 'ठेगान' लगाउने नाममा साना बचतकर्तामाथि अन्याय हुने बाटो तय गरेको छ। अध्यादेशको दफा १३१ मा अदालतमा विचाराधीन रहेको मुद्दामा पनि दुई पक्षको मन्जुरी भए मिलापत्र गर्न सकिने भनिए पनि सोही दफाको उपदफा २ मा संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा भने मिलापत्र गर्न नसकिने भनिएको छ। अध्यादेशको यही उपदफा २ रवि जोडिएका पाँच सहकारीका ५१ हजार ८४७ बचतकर्ताको सात अर्ब ३३ करोड ७८ लाख ३६ हजार फिर्तामा पर्खाल बनेको छ।

'अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानुनबमोजिम मिलापत्र गर्न सकिने बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकाले मिलापत्र गराइपाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ,' दफा १३१ को उपदफा १ मा भनिएको छ। तर, लगत्तै उपदफा २ मा भनिएको छ, 'उपदफा १ मा जस्तोसुकै कुरा लेखिएको भए पनि प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिनेछैन।'

समस्याग्रस्त सहकारी जाँचबुझ आयोग (२०७०)का अध्यक्षसमेत रहेका विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की रवि लामिछानेलक्षित अध्यादेश ल्याएकाले उनी जोडिएका सहकारीको रकम चाहेर पनि फिर्ता गर्न गाह्रो हुने बताउँछन्। 'यो अध्यादेश नै रवि लामिछानेलक्षित भएर आयो। जहाँ संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दासँग सम्बन्धित कसुरमा मिलापत्र गर्न नसकिने भनिएको छ। लामिछाने पाँच सहकारीमा जोडिएका छन्। उनीविरुद्ध संगठित अपराध र सम्पत्ति शुद्धीकरणको समेत मुद्दा लागेको छ। यस्तो अवस्थामा मिलापत्र गर्न सकिने अवस्था रहेन। त्यसैले ती सहकारीका बचतकर्ताको रकम फिर्ता हुने अवस्था अनिश्चित बनेको छ।'

कानुनअनुसार जाँदा बचतकर्ताले रकम फिर्ता पाउन मुद्दाको अन्तिम किनारा लाग्नुपर्छ। जिल्ला तहमै एउटा मुद्दाको किनारा लाग्न कम्तीमा डेढ वर्ष लाग्छ। मुद्दा पुनरावेदन भए उच्च अदालतबाट किनारा लाग्न थप उति नै समय लाग्छ। तल्ला अदालतको फैसलामा चित्त नबुझे प्रतिवादीलाई सर्वोच्चसम्म जाने कानुनी हकै छ। प्रतिवादी सर्वोच्च गए त्यहाँ पनि मुद्दाको किनारा लाग्न अर्को डेढ वर्षभन्दा धेरै समय लाग्छ। यसरी सबै तहका अदालतबाट अन्तिम किनारा लाग्न कम्तीमा पनि पाँच वर्ष लाग्छ। तर, दुई पक्षको मिलापत्रबाट हुन सक्ने न्याय-निसाफलाई अदालती प्रक्रियामै धकेलेर पीडितलाई थप पीडा दिन सरकार नै सक्रिय छ।

सरकारको नेतृत्व गरिरहेको एमालेकै सहकारी विभाग सचिव परितोष पौड्याल स्वयं यो अध्यादेशले बचतकर्ताको रकम फिर्ता गर्न नसक्ने बताउँछन्। 'अहिलेको अध्यादेश उल्टो बाटो हिँडेको देखिन्छ। बचतकर्ताको रकम फिर्ता गर्न बचत रकम र ऋण प्रवाह गरिएको रकमलाई मूलधार ल्याइनुपर्छ। तर, अध्यादेश यस विषयमा केही बोल्दैन। जबसम्म बचत र ऋण प्रवाह गरिएका रकम पहिचान हुँदैन र त्यसलाई मूलधारमा ल्याइँदैन, तबसम्म बचतकर्ताको रकम फिर्ता हुँदैन,' उनले भने, 'सम्पत्ति शुद्धीकरण र संगठित अपराधजस्ता फौजदारी कसुरमा मिलापत्र गर्न नमिल्ने त अन्तर्राष्ट्रिय नियम नै हो।'

सरकारी अध्यादेश महान्यायाधिवक्ताको कार्यालयले गत असोजमा गरेको परिपत्रको समेत विपरीतमा आएको छ। महान्यायाधिवक्ता कार्यालयले बचतकर्ताको रकम फिर्ता गर्नेहरूलाई मुद्दा नचलाउने वा मुद्दा चलिरहेको अवस्थामा पनि मिलापत्र गराउन सक्ने भन्दै ८ असोजमा सरकारी वकिल कार्यालयहरूलाई परिपत्र गरेको थियो। महान्यायाधिवक्ता केशव बडालले पत्रकार सम्मेलन नै गरेर मातहतका सरकारी वकिल कार्यालयलाई सहकारीबाट ठगी भएको रकम फिर्ता भए घटनामा संलग्न व्यक्ति र पीडितबिच मिलापत्र गराउन निर्देशन दिएका थिए। पत्रकार सम्मेलनमा उनले भनेका थिए, 'चेक अनादर र केही बैंकिङ कसुरमा अभ्यास भइरहेको मिलापत्रको अवधारण सहकारी ऐनअन्तर्गतको कसुरमा पनि कार्यान्वयन गर्न निर्णय भएको छ। सोहीअनुसार गर्न निर्देशन गरिएको छ।' तर, महान्यायाधिवक्ता कार्यालयको निर्देशनसमेत उल्लंघन हुने गरी सहकारी ठगीमा पनि सम्पत्ति शुद्धीकरण र संगठित अपराधअन्तर्गतको कसुर जोडिएको छ।

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघका अध्यक्ष कुशलभ केसी सहकारीपीडितको समस्या समाधान गर्ने उद्देश्यले नभई ठगीमा संलग्न हुनेहरूकै पक्षपोषण गर्न अध्यादेश ल्याइएको बताउँछन्। 'अध्यादेश झारा टार्ने नियतले मात्रै जारी भएको देखियो। त्यसमा तत्काल बचत फिर्ता गर्नुपर्ने कुनै नीति, योजना र कार्यक्रम नै छैनन्,' उनले भने, 'कानुनको छिद्र समाएर उन्मुक्ति खोज्ने पीडकलाई मात्रै हित हुने प्रावधान राखेर अध्यादेश आउनु हाम्रा लागि खेदको विषय हो। भएका कानुनहरूलाई निष्क्रिय पारिएको छ। यो अध्यादेश व्यक्तिकेन्द्रित भएको देखिन्छ। यसले समस्याको समाधान गर्न सक्दैन।'

सांसद सूर्य थापा नेतृत्वको उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन र प्रहरीमा परेको जाहेरीमा उल्लेख तथ्यांकअनुसार बुटवलको सुप्रिम सहकारीले मात्रै १९ हजार ३५ बचतकर्ताको एक अर्ब १६ करोड ७९ लाख ७९ हजार ७९१ रुपैयाँ हिनामिना गरेको छ। त्यस्तै, पोखराको सूर्यदर्शन सहकारीले १८ हजार ७०० बचतकर्ताको एक अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ हिनामिना गरेको छ। काठमाडौंको स्वर्णलक्ष्मीले तीन हजार २०० बचतकर्ताको दुई अर्ब ६५ करोड, पर्साको सानोपाइलाले आठ सय बचतकर्ताको एक अर्ब ३५ करोड ४१ लाख ६५ हजार ९११ रुपैयाँ र चितवनको साहारा सहकारीले १० हजार ११२ बचतकर्ताको ६५ करोड १६ लाख ७१ हजार ७१२ रुपैयाँ बचत रकम अपचलन गरेको छ। तर, सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघका अध्यक्ष केसी पीडित बचतकर्ता र रकम अझै धेरै हुन सक्ने बताउँछन्। पाँचै सहकारीमा रविसहित गितेन्द्रबाबु (जिबी) राई, जिबीका दाइ देवेन्द्रबाबु राई, अनन्तबाबु राईलगायतलाई प्रतिवादी बनाइएको छ।

■ इजलासमा सहकारीपीडितकै कानुन व्यवसायीले सोधे-

सरकारले मुद्दालाई राजनीतीकरण गर्ने त होइन ! व्यक्तिकेन्द्रित बहस किन ?

पोखरामा रोहितराज पराजुली

सूर्यदर्शन सहकारीका बचतकर्ताको रकम अपचलन मुद्दाको बहस निश्चित व्यक्ति (रवि लामिछाने) केन्द्रित भएकोमा पीडित पक्षकै कानुन व्यवसायीले इजलासमा आपत्ति जनाएका छन्। न्यायाधीश नीतिज राईको इजलासमा उनीहरूले मुद्दालाई सरकारले राजनीतीकरण गर्न खोजेको आशंका गर्दै प्रश्न गरेका हुन्।

'मलाई त के शंका लाग्न थाल्यो भने यो मुद्दालाई कतै घुमाई-घुमाई सरकारले राजनीतीकरण गर्ने त होइन ?' रवि लामिछानेले ०५३ मा अंशमा पाएको सम्पत्ति पनि रोक्का राख्ने गरी अभियोगपत्र बुझाएकोतर्फ इंगित गर्दै अधिवक्ता वेदबहादुर विष्टले प्रश्न उठाए, 'अंशमा आएको सम्पत्तिमा जाहेरवालाको निवेदनको सम्बन्ध कसरी मिल्छ ? के जाहेरवालाले सम्पत्ति शुद्धीकरण भनेर निवेदन दिएका हुन् ? जाहेरवालाले सम्पत्ति शुद्धीकरण चिन्दैन, जाहेरवालालाई सम्पत्ति शुद्धीकरणसँग के मतलब ?

जाहेरवालाकै वकिलले प्रयोग गरेका शब्दप्रति आपत्ति जनाउँदै विष्टले व्यक्तिकेन्द्रित बहस भएकोमा इजलासमै क्षमासमेत मागे। उनले आफूभन्दा अघि बहस गरेका रमण कर्णलाई इंगित गर्दै भने, 'वकिलहरूले पनि बहस गर्दा मर्यादामा रहनुपर्छ।'

प्रतिवादीहरूको बहस सकिएपछि जाहेरवालाको तर्फबाट सुरु भएको जवाफी बहसमा करिब एक घण्टा समय लिएका कर्णले सहकारीको 'स'समेत नछोई कम्पनी ऐनअन्तर्गतका विषयमा प्रवेश गरी रवि लामिछानेकेन्द्रित बहस गरेका थिए। उनले एमआरएल (म्यानेजमेन्ट रिप्रेजेन्टेसन रिपोर्ट) अडिट रिपोर्टमा किन नराखिएको ? डाइरेक्टर्स लोन लिनलाई बोर्डले निर्णय गर्नुपर्नेमा किन नगरेकोजस्ता प्राविधिक प्रश्न उठाए। तर, एमआरएल अडिट रिपोर्टमा समावेश गर्ने अभ्यास हुँदैन, यो अडिट प्रक्रियाको एक महत्त्वपूर्ण सपोर्टिङ डकुमेन्ट भने हुन्छ। यो पत्र व्यवस्थापन र लेखापरीक्षकबिचको गोपनीय सञ्चार हो। अडिट रिपोर्ट भने सार्वजनिक वा बाह्य प्रयोगकर्ताहरूलाई उपलब्ध गराइने कागजात हो। म्यानेजमेन्ट रिप्रेजेन्टेसन लेटर अडिट राय दिनका लागि लेखापरीक्षकले प्रयोग गर्ने आधार हो, तर यो प्रत्यक्ष रूपमा अडिट रिपोर्टको अंश नहुने अभ्यास संसारभर हुन्छ।

बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा बोर्डको निर्णय आवश्यक भए पनि सञ्चालकहरूले आफ्नो सल्लाहमा ऋण ल्याउन पाउँछन्। 'कम्पनी अध्यक्षले ऋण दिन पाउँछ, यसमा बोर्ड निर्णय अनिवार्य हुन्न,' कम्पनी कानुनका जानकार बताउँछन्। बुधबार जाहेरवालाहरूका तर्फबाट जवाफी बहस सकिएपछि बिहीबार पुनः सरकारी वकिलले जवाफी बहस गर्नेछन्। त्यसपछि न्यायाधीशले साधारण तारेखमा छाड्ने, धरौटीमा छाड्ने वा पुर्पक्षका लागि थुनामा राख्नेमध्ये एउटा आदेश गर्नेछन्।

अन्तिम कार्यकाल...

पृष्ठ १ बाट क्रमशः

पनि ०८४ को निर्वाचनअघि कांग्रेसले नयाँ नेतृत्व पाउने पक्का छ। नीतिगत रूपमा भने कांग्रेस नेताहरू समयमै महाधिवेशन गर्ने पक्षमा छन्। जस्तो कि ७ देखि १० फागुन ०८० मा भएको कांग्रेस महासमिति बैठकको सर्वसम्मत निर्णय छ, 'नेपाली कांग्रेसको ०७८ मंसिरमा सम्पन्न १४औं महाधिवेशनबाट निर्वाचित वर्तमान कार्यसमितिको चारवर्षे कार्यकाल विधान २०१७ (संशोधनसहित) को धारा ४३ बमोजिम आगामी ०८२ मंसिर मसान्तभित्र समाप्त हुनेछ। अतः महाधिवेशनको अन्तिम वर्ष विधानको प्रावधान निलम्बन गरेर क्रियाशील सदस्यता वितरण गर्ने अभ्यास पूर्णतः बन्द गरी विधानबमोजिम ०८२ मंसिरमा पार्टीको १५औं महाधिवेशन सम्पन्न गर्नेछौं।'

उक्त विषय रहेको महामन्त्री गगन थापाको सांगठनिक प्रस्ताव १६ साउनको केन्द्रीय कार्यसमिति बैठकले अनुमोदन भएको छ। तर, पछिल्लो समय कांग्रेसमा सबैभन्दा बढी संशय ०८२ मा महाधिवेशन होला-नहोला भन्नेमा छ। कांग्रेस निर्णयमा विधानले तोकेको विधानसम्मत जिम्मेवारी कार्यतालिका तयार गरेर सम्पन्न गर्ने उल्लेख थियो। तर, महाधिवेशनका लागि आवश्यक पूर्वतयारी र कार्यतालिकामा कामले गति लिएको छैन।

त्यसैले महामन्त्री थापाले महाधिवेशन हुँदैन कि भन्ने चिन्ता नगर्न आफ्नो समूहलाई आश्वस्त पारेका छन्। १६ पुसमा मेलमिलाप दिवसको कार्यक्रममा सहभागी हुन मकवानपुर पुगेका महामन्त्री थापाले भनेका थिए, 'पार्टीका मञ्चहरूमा र केन्द्रीय समितिमा ०८४ को चुनाव र १५औं महाधिवेशनबारे कुरा गर्छौं। १५औं महाधिवेशन हुन्छ, रुवाबासी नगरौं। प्रतिबन्धित कालमा त सम्हालिएर आएको पार्टीले आनन्दसँग समयमै महाधिवेशन गर्छ,' उनले भनेका थिए।

सदस्यता वितरण र नवीकरणसम्बन्धी कामका लागि महामन्त्री थापाको संयोजकत्वमा रहेको समितिले काम गरिरहेको छ। समितिले चैतभित्र सदस्यता नवीकरणको अनिवार्य टुंगो लगाउन जिल्लालाई निर्देशन दिएको छ। जिल्लाबाट टुंगो नलागे केन्द्रले नै हस्तक्षेप गर्ने समितिको तयारी छ। महाधिवेशनको पूर्वसर्त सदस्यताको टुंगो हो।

कांग्रेस नेताहरू नै ०८२ मा महाधिवेशन हुने आधार तयार हुने सम्भावना न्यून भएको ठान्छन्। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा महाधिवेशनको तयारीका काम भइरहेको बताउँछन्। 'विधानतः चार वर्षको अवधि हो। तर, यसअघिका सबै सभापतिले प्रत्येक पाँच-पाँच वर्षमै महाधिवेशन गराउँदै आउनुभएको नजिर भएकाले पाँच वर्षलाई नै हामीले सामान्य अवधि मान्ने गरेका छौं,' उनी भन्छन्, 'पाँच वर्षभन्दा पर जाँदैन। ०८२ मा महाधिवेशन हुन्छ-हुँदैन भनेर आशंका सबैले सहयोग गर्दा समयमै महाधिवेशन हुने अवस्था आउँछ।'

इतर समूहका नेता तथा कांग्रेस महाधिवेशन दबाब अभियानका संयोजक गुरुराज घिमिरे प्रारम्भिक तयारी पूरा नहुँदा ०८२ मा महाधिवेशनको सम्भावना कम रहेको बताउँछन्। 'प्रारम्भिक तयारीविना महाधिवेशनको सुनिश्चितता हुन सक्दैन। तोकिएकै समयमा महाधिवेशन सुनिश्चित हुने गरी पार्टीलाई दबाब दिँदै छौं,' उनी भन्छन्, 'वडादेखि प्रदेश तहसम्मको अधिवेशनको कार्यतालिका तत्काल ल्याउन आवश्यक छ। सदस्यता वितरण पनि समयमै सम्पन्न गर्न आवश्यक छ।'

संस्थापन समूहका नेता एनपी साउद महाधिवेशनका लागि आवश्यक संगठनात्मक गतिविधि र तयारी नभएकाले ०८२ मै महाधिवेशन हुन कठिन देख्छन्। 'सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण आवश्यक गतिमा भइरहेको छैन। महाधिवेशनका लागि सांगठनिक प्रक्रियाहरू पूरा भएका छैनन्,' उनले भने, '०८२ मै महाधिवेशन हुने आधार भएको छैन। कांग्रेस विधानमा चार वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था छ। तर, प्रायः एक वर्ष थप गरेर पाँच वर्षमा महाधिवेशन सम्पन्न हुने गरेका छन्।'

जनशक्ति, ल्याबदेखि...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्यमन्त्री प्रदीप पौडेलकै अगाडि निर्देशक डा. पंकज रायले देशभरका बिरामीको भिड लाग्ने भए पनि संरचना र जनशक्ति अभावले उपचारमा कठिन भइरहेको समस्या सुनाएका छन्। 'प्रशासनिक भवन जीर्ण छ, उपचार कक्षहरू पनि पर्याप्त छैनन्, बिरामी फर्काउनुपर्ने अवस्था छ, प्रशासनिक भवनलाई अन्यत्रै सार्नुपर्ने अवस्था छ,' अस्पतालको वार्षिकोत्सव कार्यक्रममा सोमबार उनले भने, 'प्रयोगशालाको अभाव छ, एउटा एक्सरे मेसिन बन्द भए सेवा नै बन्द हुने अवस्था छ। डिस्चार्ज पद्धतिमा पनि परिवर्तन गर्नुपर्ने अवस्था छ, स्टाफका लागि क्वार्टर छैन, उपकरणहरू खरिद गर्नुपर्ने अवस्था छ, मास्टरप्लानअनुसारका काम गर्नुपर्नेछ।'

कान्ति बाल अस्पतालले सन् १९६३ मा ५० शय्याबाट सेवा प्रारम्भ गरेको थियो। अहिले ३५० शय्याबाट सेवा दिइरहेको छ। निर्देशक रायले अस्पतालको वृद्धिविकासको अवस्था हेर्दा अधिकांश संरचना निर्माण र सेवा विस्तारको काम विभिन्न दातृ निकायहरूको सहयोगमा हुने गरेको छ।

स्वास्थ्यमन्त्री पौडेलले कान्ति अस्पतालको समस्या सुधार गर्न मन्त्रालयले सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाए। 'अस्पतालको सेवा राम्रो भएर नै बिरामी धेरै आएका होलान्। केही व्यवस्थापकीय पक्षमा त्रुटि छ,' उनले भने, 'आवश्यक जनशक्ति, उपकरण र भौतिक संरचना छैनन्। यहाँ काम गर्नेहरूले अन्तर्जति सेवा-सुविधा प्राप्त गर्नुभएको छैन। यी कुरालाई सम्बोधन गर्नु जरुरी छ।' उनले उपलब्ध साधनस्रोतभित्र अधिकतम सेवा प्रवाह गर्ने गरी काम गर्न अस्पताल टिमलाई निर्देशनसमेत दिए।

कान्ति अस्पतालको प्रशासनिक भवन ०७२ को भूकम्पले जीर्ण पारेको थियो। त्यतिबेला भवन जोखिमपूर्ण भएको भन्दै रातो स्टिकर नै टाँसिएको थियो। तर, अझै पनि अस्पतालका कर्मचारीहरूले सोही भवनबाट सेवा दिइरहेका छन्।

अस्पतालले कमजोर संरचनामा पनि वार्षिक दुई लाखभन्दा बढीलाई सेवा दिएको तथ्यांक सार्वजनिक गरेको छ। ०८०/८१ मा दुई लाख चार हजार २९९ बिरामीलाई सेवा दिएको अस्पतालको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

कान्तिमा सबै प्रकारका बिरामी आउँछन्। आर्थिक हैसियत भएका बिरामीले तोकिएको शुल्क तिरेर उपचार सेवा लिन्छन् भने कतिपय उपचार खर्चसमेत तिर्न नसक्ने अवस्थाका बिरामी आउँछन्। त्यस्ता बिरामीको उपचारमा अस्पतालले एक वर्षमा पाँच करोड ११ लाख ४४ हजार ९०१ रुपैयाँ खर्च गरेको तथ्यांक छ। सो निःशुल्क सेवा विपन्नलक्षित सेवा हो। पछिल्लो समय सरकारले १४ वर्षमुनिका बालबालिकाको क्यान्सरको निःशुल्क उपचारसमेत गर्न थालेपछि निःशुल्क उपचारमा लाग्ने शुल्क बढ्ने अनुमान छ।

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive
Phedikhola, Syangja

Notice for the Letter of Intent

(First date of Publication: 9th of January 2025)

Pursuant to sub-clauses 27.2 and 27.3 of the Public Procurement Act, 2063 (as amended), this is to notify all bidders who submitted bids for contract identification No. ***21-PRM-W-NCB-UG-081-82-10***, in response to the Invitation for Bids published in the national daily newspaper ***Nayapatrika National Daily*** on ***November 24, 2024***, that the lowest evaluated and substantially responsive bidders listed below have been selected for the award of the contract. This notice is published in compliance with Clause 47 of the Public Procurement Act, 2063 (as amended).

Contract ID, Name of Work	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (Including VAT and PS)
21-PRM-W-NCB-UG-081-82-10, Improvement of Sarketari Aarukharka Galem Panchase Road in CH 5+000 to 6+650 at Phedikhola-04, Syangja	J.L.C.-Reezone JV, Pokhara-15, Kaski	8,228,403.47

Gaindakot Municipality
Office of Municipal Executive
Gaindakot-5, Nawalparasi (B-S East)
Gandaki Province, Nepal

INVITATION FOR BID

First Date of publication: 9th Jan, 2025

1. ***Gaindakot Municipality*** invites electronic bid from eligible bidders for the job as listed below under the National Competitive Bidding (NCB) procedures.
2. Bidder must submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in Municipality's Rajawa(Revenue) account number as specified below and the scanned copy (.pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, Gaindakot Branch, Nawalparasi
   Name of Office : Gaindakot Municipality
   Rajawa Account No. : 3350100301010002 Ga-1-1
3. Electronic bids must be submitted to the office of Gaindakot Municipality through PPMO website www.bolpatra.gov.np/egp or before ***12:00 Noon*** on 10th ***Feb, 2025***. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 PM NST*** on 10th ***Feb, 2025*** at Gaindakot Municipality. Bids must be valid for a period of ***90 (Ninety) days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the security deposit amount in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, Gaindakot Branch, Nawalparasi
   Name of Office : Gaindakot Municipality
   Dharauti Account No. : 3350100303000002 Ga-3
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

Contract no./ID	*Description of Works*	*Bid Security Amount (Nrs.)*	*Bid Document Fee (NRs.)*	*Last Bid Submission date*
02/Goods/NCB/GM/081/082	Procurement, Supply and Delivery of Firefighter (4WD)	250,000/-	Rs. 3,000/-	12:00 Noon on 10th Feb, 2025

Chief Administrative Officer

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
("A" Class Institution Licensed from Nepal Rastra Bank)

निक्षेप उपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति : २०८१।०९।२५ गते)

काठमाडौं जिल्ला दक्षिणकाली न.पा. १ बस्ने मैनाधर खत्रीको छोरी कान्छा खत्रीको श्रीमती मैया खत्रीको मिति २०८०।१२।०३ मा मृत्यु भएकाले यस बैंकमा रहेको खाताको रकम भुक्तानी सम्बन्धमा इच्छाएको व्यक्तिमा निज ग्राहकका एकाघरका तीन जना छोराहरू भगवान खत्री, नारायण खत्री र रामबहादुर खत्री रहेको तर निक्षेप दाबी गर्न आउँदा छोरा भगवान खत्री, छोरा रामबहादुर खत्री बेपत्ता भएको भनी निजको श्रीमती अम्बिका खत्री र छोरा नारायण खत्रीको मृत्यु भई बुहारी गोमा खत्री आएको हुँदा निजहरू बाहेक अन्य कसैको हकदाबी लाग्ने भएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आ-आफ्नो सबुद प्रमाणसहित यस बैंकको शाखा कार्यालय कालीमाटीमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

विपिन जोशीको रिहाइको पहल गर्न इजरायललाई आग्रह

काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणाले हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइको प्रयास गरिदिन इजरायललाई आग्रह गरेकी छिन् । नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत परराष्ट्रमन्त्री राणाले इजरायल सरकारलाई आग्रह गरेकी हुन् । इजरायली राजदूत बासले बुधबार परराष्ट्रमन्त्री राणासँग शिष्टाचार भेट गरेका थिए । 'नेपाली विद्यार्थी विपिनको अवस्थाबारे चासो राखेर परराष्ट्रमन्त्रीज्यूले हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह दोहोऱ्याउनुभएको छ,' परराष्ट्रमन्त्री राणाका प्रेस सल्लाहकार एकराज पाठकले भने ।

हमास समूहको अपहरणमा परेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको भन्ने सूचना आइरहेकाले यस विषयमा परराष्ट्रमन्त्री राणाले इजरायली राजदूतसँग जानकारी मागेकी थिइन् । हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई अपहरणमुक्त गर्न लागेको भन्ने समाचार आएकाले जोशीको रिहाइलाई विशेष राखिदिन परराष्ट्रमन्त्रीको जोड थियो । राजदूत बासले हमासको नियन्त्रणमा रहेका वृद्धवृद्धा, महिला तथा बालबालिकासमेतको नाजुक स्वास्थ्य अवस्थामा रहेका नागरिकको रिहाइका लागि इजरायल सरकारले केही महिनाअघि हमासलाई सूची पठाएको जानकारी दिए । पहिलो चरणमा उनीहरूलाई नियन्त्रणमुक्त गर्ने तयारी भएको भन्ने सूचना आएको राजदूत बासको भनाइ थियो । यद्यपि, रिहाको सूचीमा जोशी भए-नभएको उनले खुलाएनन् ।

२० असोज ०८० मा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित एक हजारभन्दा बढी व्यक्तिको हत्या गरेका थिए । त्यही दिन उनीहरूले कञ्चनपुरका विपिन जोशीलाई अपहरण गरेर लगेका थिए । हमास समूहको अपहरणमा परेकामध्ये ३४ जनालाई मुक्त गर्न लागिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यद्यपि, हमास समूहले युद्धविराम हुने तथा गाजाबाट इजरायली फौज फिर्ता हुने सर्तमा युद्धबन्दी छाड्ने अडान सार्वजनिक गरेको छ । हमासले पहिलो चरणमा महिला, बालबालिका र वृद्धवृद्धा अपहरणमुक्त गर्ने आश्वासन दिएको छ ।

हमासको आक्रमणमा कैलालीका नारायणप्रसाद न्यौपाने र आशिष चौधरी, दार्चुलाका लोकेन्द्रसिंह धामी, बझाङका गणेशकुमार नेपाली, दार्चुलाका दीपेशराज विष्ट, डोटीका राजन फुलारा र पदम थापा, सल्यानका प्रवेश भण्डारी, धनुषाका आनन्द साह र सुनसरीका राजेशकुमार स्वर्णकारको मृत्यु भएको थियो । मृत्यु भएका विद्यार्थी नेपालबाट 'अध्ययन र आर्जन सँगसँगै' कार्यक्रमअन्तर्गत इजरायल गएका थिए ।

आकर्षक काम र ज्यालाको प्रलोभनमा कस्मिर पुऱ्याएर बन्धक बनाउँदै श्रमशोषण

कस्मिर पुगेका १२० नेपाली मजदुरमाथि चरम यातना, आठ महिनासम्म काममा लगाएर रित्तो हात फर्काइयो

गोलबजार नगरपालिका- ३ को भाङबारी गाउँ ।

● **धनप्रसाद लामा**, वडाध्यक्ष, गोलबजार नगरपालिका- ३

निवेदनकै आधारमा पनि भारत लैजाने वेला कबोल गरिएबमोजिम ९५ लाख १४ हजार पाँच सय रुपैयाँ पारिश्रमिक बाँकी देखिन्छ । पीडित मजदुरहरूले दिएको निवेदनका आधारमा न्यायका लागि पहल गर्नेछु ।

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार नगरपालिका वडा नम्बर २, ३ र ६ अन्तर्गतका तीनवटा गाउँबाट रोजगारीका लागि भारतको कस्मिर श्रीनगर पुगेका १२० जना नेपाली कामदार चरम श्रम शोषणमा परेका छन् । बन्धक बनाएर काममा लगाइएका उनीहरूलाई ज्याला माग्दा ज्यान मार्ने धम्की दिइन्थ्यो । स्थानीय ठेकेदारको प्रलोभनमा परेर आठ महिनापछि पारिश्रमिकसमेत नपाई रित्तो हात फर्किएकामध्ये ४५ जनाले आइतबार वडा कार्यालयमा पारिश्रमिक दिलाइदिन निवेदन दिएका छन् ।

गत चैत, वैशाख र जेठमा तीन चरणमा गरी गोलबजार- ३ जम्दहका हरिचन सदा र नाम नखुलेका उनका सम्धीमार्फत ४०-४० जनाको दरले १२० जना नेपाली कामदार भारतको कस्मिर पुऱ्याइएको गोलबजार नगरपालिका- ३ भाङबारीका ३१ वर्षीय वीरेन्द्र सदाले बताए । आकर्षक रोजगारी दिलाइदिने भन्दै लगिए पनि भवन निर्माणको काममा लगाइएको र आफूहरूमाथि चरम यातना भएको उनले बताए । महिना बिलेबित्तिकै ज्याला दिलाइदिने भनेका ठेकेदार सदा आफू भने बिचबाटोबाटै फर्किएको र अहिले फरार रहेको सदाले बताए ।

'घर खर्च पठाउन भारतीय ठेकेदारसँग पारिश्रमिक माग्दा दिनहुँ कुटपिट गर्थ्यो । धेरै हल्ला गऱ्यो भने मारेर फ्याँकिदिन्छु भन्दै धम्क्याएर श्रम शोषण गऱ्यो । मजदुरीका लागि भारत जाने वेला गाउँले ठेकेदार हरिचन सदाले दिएको सात हजार छाडेर गएँ । फर्किने वेलामा दुई हजार रुपैयाँ भाडा पाएँ, मासिक ३३ हजार रुपैयाँको दरले आठ महिनामा हुने दुई लाख ५७ हजार रुपैयाँ अझै पाएको छैन,' उनले भने । स्थानीय ठेकेदार सदाले मासिक ३३ हजार रुपैयाँ पारिश्रमिक पाइन्छ भन्दै गत चैतमा कस्मिरको ललरपुरा पुऱ्याइएलगत्तै मोबाइलसमेत खोसेर बन्धक बनाई आठ महिनासम्म भवन निर्माणको काममा आफूहरूलाई लगाइएको उनको भनाइ छ ।

कस्मिरबाट जसोतसो ज्यान जोगाएर वीरेन्द्रसँगै गाउँ फर्किएका ३५ वर्षीय सुन्दर सदाले भारतीय ठेकेदारले दिनहुँ कुटपिट गर्दै राम्ररी खानसमेत नदिई काममा जोताएको गुनासो गरे । 'कस्मिर पुगेलगत्तै हामीसँग भएको सबैको मोबाइल खोसियो,' उनले भने, 'दैनिक १२-१४ घण्टासम्म विश्राम नगरी काममा जोताउँथे, तर एक छाक मात्र खान दिन्थ्यो । पेटभरि खान र काम गरेको ज्याला मागे कुटपिट गरिहाल्थे । घरमा फोन गर्दा भारतीय ठेकेदारकै मोबाइलबाट कुरा गर्नुपर्थ्यो, कुटपिटको डरले जे बोल्न भन्थ्यो, त्यही बोल्थ्यौं ।'

भारतीय ठेकेदारको आँखा छलेर भागी नेपाल फर्केका भाङबारी गाउँका ३७ वर्षीय अनिरुद्ध सदाले मजदुरी गरेको पारिश्रमिकसमेत नपाएकाले बाटामा माग्दै, रेलमा विनाटिकट सास्ती झेलेर घर फर्किएको सुनाए । 'गत कात्तिकमा कस्मिरबाट भारतीय ठोकेदारको आँखा छलेर भाग्न सकेँ । फर्किएपछि कस्मिरमा आफूहरूले भोगेको दुःख र सास्तीबारे गाउँलेलाई सुनाएँ,' उनले भने । त्यसपछि गाउँलेले हरिचनलाई गाउँका अन्य मजदुरहरू सकुशल फिर्ता गराउन दबाब दिएपछि दुई-दुई हजार रुपैयाँ भाडा लिएर गाउँ फर्किएको उनले बताए ।

गाउँ फर्किने वेला गाउँले ठेकेदार हरिचनले भारतीय ठेकेदारलाई फोनमार्फत १५ लाख भारु आफ्नो खातामा जम्मा गरिदिन र काममा लगाएका मजदुरहरूलाई भाडा मात्र दिएर फर्काउन भनेको ४५ वर्षीय विनोदकुमार सदाले बताए । कस्मिर पुगेलगत्तै आफ्नो मोबाइल खोसेर कम्पाउन्डसहितको घरमा राखेर भारतीय ठेकेदारले भनेअनुसार काम गर्न बाध्य भएको उनीहरूको गुनासो छ ।

महिनौंसम्म राम्ररी खानसमेत नपाएर जोखिमपूर्ण काममा लगाइएका मजदुरमध्ये अधिकांश बिरामी परेको स्थानीय ४८ वर्षीया जलास सदाले बताइन् । 'मेरो छोरो विवेक पनि बिरामी भएर फर्किएको छ,' उनले भनिन्, 'कमाउन गएको छोरा कुटपिटले बिरामी भएर फर्कियो ।' गाउँमा ऋण-सापटी गरेर उपचार गराएपछि बल्ल हिँड्डुल गर्न सक्ने भएको उनले बताइन् ।

'पीडित मजदुरहरूले दिएको निवेदनका आधारमा न्यायका लागि पहल गर्नेछु,' वडाध्यक्ष धनप्रसाद लामाले भने । आफ्नो वडा क्षेत्रबाट गएकामध्ये ४५ जनाले गाउँ छोड्ने वेला तीन लाख ८५ हजार पाँच सय रुपैयाँ पेस्की लिएर गएको निवेदनमा उल्लेख रहेको उनले बताए । 'निवेदनकै आधारमा पनि भारत लैजाने वेला कबोल गरिएबमोजिम ९५ लाख १४ हजार पाँच सय रुपैयाँ पारिश्रमिक बाँकी देखिन्छ,' लामाले भने ।

सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले झुक्याएर भारत पुऱ्याई जोखिमपूर्ण काममा लगाइए पनि पारिश्रमिक नपाएको विषयमा कार्यालयमा कुनै उजुरी नपरेको बताए । 'पीडितहरूले निवेदन दिए त्यसका आधारमा छानबिन गरी स्थानीय ठेकेदार झिकाएर पारिश्रमिक दिलाउन पहल गरिनेछ,' उनले भने । सिराहाका विभिन्न स्थानबाट भारतमा आकर्षक रोजगारी दिलाइदिने भन्दै कामदार लैजाने स्थानीय ठेकेदार हरिचन सदा फरार भएका छन् । पीडितहरूले आफूविरुद्ध कारबाहीका लागि प्रशासन र वडा कार्यालय जाने तयारीको सूचना पाएपछि उनी श्रीमतीसहित सम्पर्कविहीन भएका हुन् ।

■ इँटा, ढुंगा, गिट्टी, बालुवा बोक्नुपर्थ्यो, पैसा मागे ठेकेदारले मारिदिने धम्की दिन्थ्यो : वीरेन्द्र सदा

०८० चैतको दोस्रो हप्तातिर हरिचन सदा, नातामा उनको सम्धी पर्नेले गाउँमा अपरिचित दुईजना व्यक्ति लिएर आए । कस्मिरमा मासिक ३३ हजार रुपैयाँ पारिश्रमिक हुन्छ, काम भवन निर्माणको हो भनेपछि लोभियौं । हरिचन र उनका सम्धीसँग आएकामध्ये एकजना डिल्ली धमला र अर्का एकजनाको नाम थाहा छैन । हरिचनसहितका चारजनाले गोलबजार- ३ भाङबारी र वडा नम्बर २ मा पर्ने नवटोली गाउँका मुसहर समुदायलाई हाम्रै गाउँमा भेला गराएर कामबारे सुनाए । काम गरेको ज्याला दैनिक एक हजार एक सय रुपैयाँ पाइन्छ भन्दै प्रलोभन देखाए । भवन निर्माणको काममा राम्रो पारिश्रमिक पाइने सुनाएपछि तीनवटा गाउँका १२० जना मुसहर समुदायका मजदुरहरू श्रीनगर जान सहमत भयौं ।

त्यही दिन गाउँमा रक्सी र मासु पनि खुवाए । कस्मिर जान तयार भएकाहरूको परिवारलाई पछि पारिश्रमिकबाट कट्टा हुने गरी पाँच हजारदेखि १५ हजार रुपैयाँसम्म पेस्कीसमेत दिएपछि विश्वास नगर्ने कुरा पनि भएन । मलाई पनि पेस्कीबापत सात हजार रुपैयाँ दिएपछि फुरुंग भएँ । हरिचनले तोकिएको पारिश्रमिक महिना बितेलगत्तै दिने भनेर ग्यारेन्टी लिएपछि श्रीनगर जान तयार भयौं । त्यसको करिब एक सातापछि भारतको कस्मिर जान पहिलो चरणमा मसहित ४० जना गाउँबाट निस्किर्यौं ।

पहिलो चरणमा गाउँबाट गएका मसहित ४० जनालाई लहान हुँदै बसबाट भारतीय बजार लौकहा पुऱ्याएर त्यहाँबाट रेल चढाएर दुई दिनमा श्रीनगर पुऱ्याए । हामीलाई रेल चढाउन गएका हरिचन 'राम्ररी काम गर्नु, पारिश्रमिकमा तलमाथि हुँदैन' भन्दै लौकहाबाटै फर्किए । श्रीनगर पुगेलगत्तै हाम्रो मोबाइल खोसेर एउटा घरमा बन्धक बनाएर राखियो । त्यसपछि दैनिक एक छाक खाना खुवाएर अग्ला-अग्ला भवन निर्माणको काममा लगाइयो । हामी श्रीनगर पुगेको दुई महिनाभित्र दुई चरणमा छिमेकी गाउँका थप ८० जनालाई पनि त्यहीँ पुऱ्याइयो, तर उनीहरूलाई नजिकै अर्को घरमा राखिएको थियो । काम भने अलग-अलग ठाउँमा गर्नुपर्थ्यो । उनीहरूलाई पनि एक छाक मात्र खान दिइन्थ्यो । दिउँसो सामान्य खाजाको घरमै इँटा, ढुंगा, गिट्टी, बालुवा बोक्नुपर्थ्यो । महिना बितेपछि घरखर्च पठाउन ज्याला माग्दा भारतीय ठेकेदारले उल्टै कुटपिट गर्थे । घरमा कुरा गर्छु भन्दा उसैले आफ्नो मोबाइल दिएर कुरा गर्न लगाउँथ्यो । आफूहरूलाई परेको अप्ठ्यारोको बारेमा घरमा सुनाउनै पाउँदैनथ्यौं । करिब आठ महिनासम्म यातना झेलेपछि जसोतसो ज्यान जोगाएर गाउँ फर्किएपछि सामाजिक छलफल राख्दा हरिचनले मासिक १५ हजार रुपैयाँको दरले एक महिनाको अवधिमा १२० जनाको पारिश्रमिक उपलब्ध गराउने कबोल गरे । त्यसपछि उनी श्रीमतीसहित गाउँबाट फरार भएका छन् ।

संक्षेप

परराष्ट्रसचिव राईले सम्हाले कार्यभार

काठमाडौं/ नवनियुक्त परराष्ट्रसचिव अमृतबहादुर राईले बुधबार परराष्ट्र मन्त्रालयमा कार्यभार सम्हालेका छन् । मन्त्रिपरिषद् बैठकले मंगलबार राईलाई सचिवमा बढुवा गरेको थियो । परराष्ट्रसचिव सेवा लम्सललाई बेल्जियमका लागि राजदूत सिफारिस गरेर प्रधानमन्त्री कार्यालयमा सरुवा गरेलगत्तै राईले ९ मंसिरदेखि कामु सचिवका रूपमा परराष्ट्रको नेतृत्व सम्हालेका थिए । परराष्ट्र मन्त्रालयले सचिव राईले कार्यभार सम्हालेको जानकारी सार्वजनिक गरेको छ । परराष्ट्रका अनुसार राई ०५२ मा निजामती सेवामा प्रवेश गरेका थिए । उनीसँग संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि तथा दक्षिण अफ्रिकाका लागि नेपाली राजदूतका रूपमा काम गरेको अनुभव छ ।

दिदीबहिनी मृत फेला, हत्याको आशंका

सल्यान/ वनगाड-कुपिण्डे नगरपालिका- ११ गलगोलका तीन वर्षीया करिश्मा र ६ महिनाकी रागवी बुधबार दिउँसो घरमा मृत फेला परेका छन् । स्वास्थ्यमा कुनै समस्या नभएका दिदीबहिनीको मृत्यु शंकास्पद रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । घटना शंकास्पद भएकाले आमा पूर्णिमा रानालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख प्रहरी निरीक्षक रेशमबहादुर न्यौपानेले जानकारी दिए । पूर्णिमाका पति कामको सिलसिलामा जिल्लाबाहिर छन् । घटनाको अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

एचएमपिभी साधारण रुघाखोकी गराउने भाइरस हो : स्वास्थ्य मन्त्रालय

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले हालै चीनलगायत देशमा देखिएको मानव मेटाप्न्युमो भाइरस नयाँ भाइरस नभएको जनाएको छ । यो सामान्य रुघाखोकी उत्पन्न गराउने भाइरस भएको र विगतमा पनि नेपालमा देखिएको मन्त्रालयले जनाएको छ । 'जाडो महिनामा श्वासप्रश्वासजन्य संक्रमणको दर बढ्नु स्वाभाविक मानिन्छ । मानव मेटाप्न्युमो भाइरस (एचएमपिभी) नयाँ भाइरस होइन, यो साधारण रुघाखोकी उपत्न गराउने नेपालमा विगतमा पनि देखिएको भाइरस हो । जसको परीक्षण, निगरानी र प्रतिकार्यका लागि आवश्यक क्षमता र तयारी नेपालले गरिसकेको छ,' बुधबार मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । एचएमपिभी भाइरस संक्रमणका विषयमा गलत सूचना फैलिएपछि मन्त्रालयले विज्ञप्तिमार्फत प्रस्ट पारेको हो । यो भाइरसले कमजोर प्रतिरक्षा भएका व्यक्तिहरूलाई गम्भीर संक्रमण हुने सम्भावना रहेको मन्त्रालयले जनाएको छ ।

पाँच महिनामा सवारी दुर्घटनामा परी नौको मृत्यु

रामेछाप/ चालू आर्थिक वर्षको पाँच महिनामा रामेछापमा सवारी दुर्घटनामा परी नौजनाले ज्यान गुमाएका छन् । यस अवधिमा २१ सवारी दुर्घटनामा परी ११ जना गम्भीर र ४१ जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख दीपक चौलागाईंले बताए । दुर्घटनामा चार पुरुष, तीन महिला, दुई बालकसहित नौजनाको ज्यान गएको थियो । चौलागाईंका अनुसार गत साउनमा एक, असोजमा नौ, कात्तिकमा तीन र मंसिरमा आठ गरी २१ सवारी दुर्घटना भएका थिए । पाँच महिनाको अवधिमा ट्रक दुई, बस दुई, जिप चार, ट्र्याक्टर दुई, ट्र्याम्पो दुई र नौवटा मोटरसाइकल दुर्घटनामा परेका हुन् । १८ पुससम्मको तथ्यांकअनुसार २१ दुर्घटनामा नौ पुरुष, २२ महिला, पाँच बालक र पाँच बालिकासहित ४१ जना सामान्य घाइते भएका छन् । कच्ची धुलाम्मे सडक, चालक र यात्रुको लापरबाहीले गर्दा सवारी दुर्घटना भएको र सवारी दुर्घटनाबाट १४ वटा सवारीमा क्षति पुगेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले जनाएको छ ।

शान्ति प्रक्रिया टुंग्याउन माओवादीले दबाब दिने

● **प्रचण्ड**, अध्यक्ष, माओवादी

शान्ति प्रक्रियालाई माओवादी कमजोर बनाउने अन्तिम हतियारका रूपमा लिएकाले नै यो नटुंगिएको हो । अब बिस्तारै दबाब बढाउन यो विषय सडक र सदनमा लैजानुपर्छ भन्ने लागेको छ ।

काठमाडौं/ प्रमुख प्रतिपक्षी दल माओवादीले शान्ति प्रक्रिया टुंग्याउन दबाब दिने भएको छ । शान्ति प्रक्रियाका बाँकी काम अघि बढाउन दलहरूसँग छलफल गर्ने र सरकारलाई दबाब दिने नीति माओवादीले लिएको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले चाँडै दलका शीर्ष नेताहरूसँग भेटेर ध्यानाकर्षण गराउने र रोकिएको प्रक्रिया अघि बढाउन आग्रह गर्ने तयारी गरेका छन् । शान्ति प्रक्रिया लम्बिनुका धेरै कारण रहेको र अहिले ती कारणका पोका खोल्ने पक्षमा आफू नरहेको उनले बताए । आवश्यक परे सडक संघर्षमा समेत जाने तयारी माओवादीको छ ।

सडकबाट दबाब नदिई शान्ति प्रक्रिया अघि नबढ्ने निष्कर्ष माओवादीको छ । राज्यद्वारा बेपत्ता पारिएका राजेन्द्र ढकालको २६औं स्मरण दिवसका अवसरमा ढकाल परिवारले आयोजना गरेको 'शान्ति प्रक्रिया र बेपत्ता नागरिक सार्वजनिकीकरणको सवाल' विषयक कार्यक्रममा बुधबार प्रचण्डले शान्ति प्रक्रियालाई केही राजनीतिक शक्तिले माओवादीविरुद्ध प्रयोग गर्ने हतियारका रूपमा लिएको दाबी गरे ।

राजनीतिक सहमतिकै आधारमा शान्ति प्रक्रिया टुंग्याउनुपर्छ भनेर आफूले निरन्तर पहल गरेको उनले बताए । 'अघिल्लो संसद्कै वेलामा विधेयक टुंग्याउने कुरा थियो, तर अन्तिममा समस्या आयो,' उनले भने, 'यसपटक विधेयक टुंगिएर पनि आयोग गठनका लागि सिफारिस समिति बनेको वेलामा अन्तिम समयमा समस्या आएको छ, यसको मुख्य कारण राजनीतिक नै हो । शान्ति प्रक्रियालाई माओवादी कमजोर बनाउने अन्तिम हतियारका रूपमा लिएकाले नै यो नटुंगिएको हो । अब बिस्तारै दबाब बढाउन यो विषय सडक र सदनमा लैजानुपर्छ भन्ने लागेको छ ।'

मंगलबार सम्पन्न माओवादी केन्द्रीय समिति बैठकले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्ने सन्दर्भमा देखिएको सरकारी उदासीनताप्रति आपत्ति जनाएको थियो । तत्काल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकहरूको छानबिनसम्बन्धी आयोगहरूको गठन प्रक्रिया अगाडि बढाइ शान्ति प्रक्रियाका बाँकी कार्य सम्पन्न गर्न बैठकले माग गरेको थियो ।

माओवादीले पीडितहरूको पक्षबाट नेतृत्व गर्ने प्रचण्डको दाबी छ । पीडितहरूले पटक-पटक यो विषयलाई उठाइरहनुपर्ने भन्दै उनले सडक आन्दोलनको तयारीमा जुट्न सुझाव दिए । पीडितले सरकार र राजनीतिक नेतृत्वलाई अब त शान्ति प्रक्रिया नटुंग्याए बर्बाद हुन्छ भन्ने ठाउँमा नपुऱ्याएसम्म अर्को १८ वर्ष यत्तिकै जाने खतरा रहेको उनले औंल्याए । प्रचण्डले दबाब बढ्दै गयो भने शान्ति प्रक्रिया चाँडै टुंगिने, तर दबाब पुगेन भने राजनीति हाबी भएर समस्या जहाँको त्यहीँ रहने बताए । १२ बुँदे समझदारी र शान्ति सम्झौता संविधानको अंग भइसकेपछि कार्यान्वयन गर्नु राज्यको दायित्व भएको उनले बताए ।

प्रचण्डले युद्ध र क्रान्तिको नेतृत्वकर्ता तथा शान्ति सम्झौताको हस्ताक्षरकर्ता हुनुको नाताले छिटोभन्दा छिटो यो विषय टुंगियोस् भन्ने प्रयासमा रहेको स्पष्ट पारे । आफू प्रधानमन्त्री हुँदा पटक-पटक पीडितहरूलाई बोलाएर छलफल गरेको स्मरण गर्दै उनले सोचेजसरी टुंगिन नसकेको बताए । उनले पटक-पटक आफूलाई बहुमत र अल्पमतका आधारमा शान्ति प्रक्रियासँग जोडिएको विधेयक टुंग्याउन आग्रह गरिए पनि त्यसलाई इन्कार गरेको उनले स्पष्ट पारे । 'हामीले जसरी १२ बुँदे समझदारी र शान्ति सम्झौतामा सहमति गरेका छौं, त्यसैको मर्म र भावनाअनुसार नै यसलाई टुंग्याउनुपर्छ । यसबाट विचलित भयौं भने कहिल्यै पनि टुंगिँदैन भनेर नै यसमा निरन्तर सहमतिको प्रयास भइरहेको छ,' उनले भने । तत्कालीन जिल्ला बार एसोसिएसन गोरखाका अध्यक्ष ढकाललाई सुरक्षाकर्मीले २४ पुस ०५५ मा तनहुँबाट गिरफ्तार गरी बेपत्ता पारेका थिए ।

भ्रष्टाचारी ठहर सिंहलाई कारबाही माग्दै धर्ना

काठमाडौं/ भ्रष्टाचार मुद्दामा दोषी ठहर कांग्रेस सर्लाही सभापति सुरेन्द्रप्रसाद सिंहलाई पार्टीको जिम्मेवारीबाट हटाउन माग गर्दै केन्द्रीय कार्यालय सानेपामा धर्ना थालिएको छ । पार्टी नेतृत्वसमक्ष पटक-पटक सिंहलाई विधानअनुसार जिम्मेवारीबाट हटाउन माग गरे पनि निरन्तर बेवास्ता गरेपछि बुधबारबाट केन्द्रीय कार्यालय सानेपामा दबाबका लागि धर्ना सुरु गरिएको कांग्रेस सर्लाही उपसभापति नवीन अधिकारीले बताए । तर, पार्टी केन्द्रीय अनुशासन समिति संयोजक आनन्दप्रसाद ढुंगानाको आग्रहमा केही दिनका लागि धर्ना स्थगित गरिएको उनको भनाइ छ ।

ढुंगानालगायतले २८ पुसभित्र नेतृत्वसँग माग पूरा गर्न पहल गर्ने आश्वासन दिएसँगै धर्ना स्थगित भएको अधिकारीले बताए । 'हामीले पार्टी नेतृत्वलाई पटक-पटक भन्यौं । नेतृत्व नै संरक्षणमा लाग्दा विधानको व्यवस्थाअनुसार जिम्मेवारीबाट हटाइएन । त्यसैले बाध्य भएर धर्ना सुरु गरेका छौं,' उनले भने, 'अनुशासन समिति संयोजक आनन्द ढुंगाना, समिति सदस्य सञ्जय गौतम, मुख्यसचिव कृष्णप्रसाद पौडेलले पार्टीको आन्तरिक विषय भएकाले पार्टी नेतृत्वसँग छलफल गरेर २८ पुसभित्र माग पूरा गर्छौं भन्नुभएको छ । उहाँहरूको आग्रहमा धर्ना स्थगित गरेका छौं । माग पूरा नभए धर्ना निरन्तर हुनेछ ।' सिंहलाई कारबाहीका लागि नौ महिनाको बिचमा कांग्रेस सर्लाहीले केन्द्रीय कार्यालयमा दुईपटक औपचारिक पत्र पठाएको थियो । अनौपचारिक रूपमा पटक-पटक नेतृत्वलाई भेटेर यसबारे जानकारीसमेत गराएका थिए ।

शीतलहर बढेपछि महोत्तरीका १४ स्थानीय तहका विद्यालय बन्द

महोत्तरीमा **रञ्जन भण्डारी**

शीतलहर बढेसँगै महोत्तरीका १४ स्थानीय तहले बर्खे बिदाबाट कट्टा हुने गरी सामुदायिक र संस्थागत विद्यालयमा जाडो बिदा दिएका छन् । दिनभरिको हुस्सु र शीतलहरले बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भन्दै जिल्लाका १५ मध्ये १४ स्थानीय तहले जाडो बिदा दिएका हुन् । गौशाला नगरपालिकाले भने बिदा नदिएको नगरका प्रमुख प्रशासकीय अधिकृत सुबोधकुमार ठाकुरले बताए । विभिन्न स्थानीय तहले आ-आफ्नो पालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा २२ पुसदेखि १ माघसम्म बिदा दिएका छन् ।

मनरा सिस्वा नगरपालिकाले २४ देखि २९ पुससम्म, पिपरा गाउँपालिकाले २२ देखि २९ पुससम्म, महोत्तरी गाउँपालिकाले २४ देखि २६ पुससम्म, एकडारा गाउँपालिकाले २४ पुसदेखि १ माघसम्म, जलेश्वर नगरपालिकाले २३ देखि २९ पुससम्म, भंगहा नगरपालिकाले २४ देखि २९ पुससम्म, मटिहानी नगरपालिकाले २२ देखि २९ पुससम्म, लोहारपट्टी नगरपालिकाले २२ देखि १ माघसम्म, बल्वा नगरपालिकाले २३ देखि २९ पुससम्म, सम्सी गाउँपालिकाले २४ देखि २९ पुससम्म, सोनमा गाउँपालिकाले २४ देखि २९ पुससम्म, औरही नगरपालिकाले २५ देखि २९ पुससम्म, रामगोपालपुर नगरपालिकाले २४ देखि २९ पुससम्म र बर्दिवास नगरपालिकाले २५ देखि २९ पुससम्म जाडो बिदा दिएका छन् । शीतलहर बढेपछि बर्दीवास र रामगोपालपुर नगरपालिकाले दैनिक ज्यालादारी गर्ने र विभिन्न कारण घरबाट निस्कनुपर्नेका लागि चोक तथा बस्तीमा सामूहिक घुर (आगो ताप्ने) व्यवस्था गरेका छन् ।

चिसो बढेपछि दाउराको माग

रौतहट/ केही दिनयता रौतहटसहित मधेश प्रदेशमा शीतलहरका कारण अत्यधिक चिसो बढेको छ । बिहान-बेलुका बाक्लो हुस्सु र शीतलहर चल्दा चिसोबाट जोगिन स्थानीय बासिन्दाले दाउराको माग गर्न थालेका छन् । मंगलबार बिहानैबाट चलेको शीतलहरका कारण रौतहटसहित मधेशको जनजीवन प्रभावित भएको छ । बाक्लो हुस्सु र चिसो सिरेटोले यहाँको जनजीवन कष्टकर हुँदै गएको हो । चिसोबाट बालबालिका, वृद्धवृद्धा र दैनिक ज्यालादारी गरी जीवनयापन गर्नेहरू बढी प्रभावित भएका छन् । घाम नलाग्दा दैनिक ज्यालादारीको भरमा जीवनयापन गर्ने मजदुर तथा रिक्सा तथा ठेलाचालक ज्यामी, डकर्मी बढी प्रभावित भएका छन् ।

चन्द्रनिगाहपुरस्थित सिम्स अस्पतालका चिकित्सक डा. रामकिशोर साहले चिसो बढेपछि बिरामीको चाप बढेको बताए । चिसोबाट बच्न न्यानो लुगा लगाउने, झोलिलो खानेकुरा बढी खाने तथा अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन उनले सर्वसाधारणसँग आग्रह गरे । चिसो बढेपछि सरकारी, वित्तीय संस्थामा सेवाग्राहीको भिड पातलिँदै गएको छ । शीतलहरसँगै बढेको अत्यधिक चिसोबाट बच्न आगो ताप्न दाउराको व्यवस्था हुनुपर्ने माग स्थानीयले राखेका छन् ।

रोजगारीको अवसर

कालिन्चोक सेक्यूरिटी सर्भिसेज प्रा.लि. लाई त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौंको सुरक्षार्थ भू. पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीका ७२ जना सुरक्षा गार्ड आवश्यकता भएको हुँदा, यो सूचना जारी गरिएको छ । ईच्छुक व्यक्तिहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।

सेवा/सुविधा मासिक : रू. २६,५००/-

अपरेशन विभाग

कालिन्चोक सेक्यूरिटी सर्भिसेज प्रा. लि.

धुम्बाराही, काठमाडौं ।

सम्पर्क : ०१४५१९३८० Ext. १०९ / ९८५१०४०७१०

MADAN BHANDARI UNIVERSITY OF SCIENCE AND TECHNOLOGY

Chitlang, Thaha Municipality Ward 9, Bagmati Province, Nepal

Bids Cancellation Notice

Date of publication: Thursday, January 9, 2025 (Poush 25, 2081)

This is to notify all concerned that the University has cancelled the sealed bids received in reponse to the invitation for sealed bids published on Bhadra 6, 2081 (August 22, 2024) for the Procurement of the Supply, Delivery, Installation, Testing and Commissioning of Microtome with Hot Plate and Water Bath (Contract ID: MBUST/G/NCB-01/2081/82) pursuant to Clause 3 Sub-Clause (1) of the Public Procurement Act, 2063.

Vice President, Administration and Finance

नेपालमा बाघको संख्या बढी भएकै हो ?

बाघ बढी भएर बाटामा हिँड्दासमेत बाघ आयो कि भनेर डराउनुपर्ने स्थिति रहेको भन्ने प्रधानमन्त्री ओलीको ज्ञानको स्रोत के हो ?

● विडी जोशी

अग्रलेख

बाघका बारेमा एउटा गढवाली लोकगीतले व्यापक लोकप्रियता पायो- 'गढवाल ने बाघ लागो फ्वाँ बाग रे ।' यस गीतसँग एउटा रोचक प्रसंग जोडिएको छ । यो भारतको उत्तराखण्डको पौडी गढवालका विभिन्न गाउँमा ४० वर्षअघि देखिएको बाघको बिगबिगीसम्बन्धी सत्य घटनामा आधारित भई बनेको गीत हो । उत्तराखण्डका एकजना प्रसिद्ध लोकगायकले झोक्की नामका एक दृष्टिविहीन व्यक्तिले कोटद्वार रेलवे स्टेसनमा यो गीत गाएर माग्दै गरेको देखेका थिए । उनले त्यो गीत टिपेर संगीत भरे, एउटा मिठो गीत रचना गरे । त्यो पुरानो गीतको नयाँ 'रिमिक्स'ले अत्यन्त चर्चा पायो । ब्रिटिसकालमा पनि कुमाउको पहाडी क्षेत्रमा बंगाल टाइगरको व्यापक बिगबिगी थियो भनिन्छ । त्यहाँका नरभक्षी बाघ निर्मूल पार्ने जिम्मा जिम कार्बेटले पाएका थिए । यसबारे उनीद्वारा लिखित चर्चित पुस्तक 'म्यान इटर अफ कुमाउ'मा पढ्न पाइन्छ । पुस्तकमा उल्लेख भएको नरभक्षी बाघको प्रसंगमध्ये 'चम्पावत म्यान इटर' त्यो बाघ थियो, जसले १२० वर्षअघि डडेल्धुरा-बैतडीमा दुई सयजना मानिसमाथि अक्रमण गरी ज्यान लिएर कालीनदी पार गरेर चम्पावत प्रवेश गरेको थियो । सो नरभक्षी बाघले चम्पावतमा पनि धेरै मानिसको ज्यान लियो र कैयौँलाई घाइते बनायो । चार वर्षको अवधिमा ४६४ जनाको ज्यान लिएको नरभक्षी बाघ जिम कार्बेटको प्रयासमा सन् १९०७ मा मारियो ।

जंगली जनावर र मानिसबिचको द्वन्द्व सदियौँदेखि चल्दै आएको छ । तर, जिम कार्बेटको अनुभवमा बाघ हतपत मानिसमाथि आक्रमण गरिहाल्ने स्वभावको हुँदैन । जब बाघ बुढो वा घाइते भएर जंगली हरिणको सिकार गर्न असमर्थ हुन्छ अनि त्यसले मानिसमाथि अक्रमण गर्छ । चितुवाले रातको समयमा र बाघले दिउँसो मानिसमाथि आक्रमण गर्छ । यसैबिच वन्यजन्तुहरूको प्राकृतिक अधिकार, पारिस्थितिकीतन्त्र र पर्यावरण संरक्षण गर्न पनि जरुरी ठानेर जिम कार्बेटकै अग्रसरतामा सन् १९३६ मा स्थापना गरिएको उत्तराखण्डको नैनिताल जिल्लामा अवस्थित जिम कार्बेट राष्ट्रिय उद्यान भारतकै पहिलो वन्यजन्तु उद्यान हो । यस पार्कमा निर्भर बाघको संख्या ३१९ छ । पौडी गढवालको लेन्सडाउनसहितको क्षेत्रमा अहिले रजाजी राष्ट्रिय उद्यान बनिसकेको यस पार्कमा ७८ बाघ छन् । नेपालको क्षेत्रफलको आधा क्षेत्रफल पनि नभएको उत्तराखण्डले पाँच सयभन्दा बढी बाघ संरक्षण गरिरहेको छ ।

केही दिनअघि प्रधानमन्त्री केपी ओलीको एउटा भनाइ चर्चामा आयो । उनी भन्दै थिए- 'नेपालमा तीन सय ५० भन्दा बढी बाघ छन् । यत्रो सानो देशमा त्यति धेरै बाघ किन चाहियो ? एक सय ५० जति भए पुग्छ । बाघ पाल्नुपर्छ तर थोरै पाल्नुपर्छ ।' ओलीले बाटामा यता-उता हिँड्दासमेत बाघ आयो कि भनेर डराउनुपर्ने स्थिति रहेको दाबीसमेत गरेका थिए । उनको कथन थियो, मान्छे खुवाएर बाघ पाल्न सकिँदैन । नेपालमा बाघ बढी भयो भन्ने प्रधानमन्त्रीको ज्ञानको स्रोत के हो भन्न सकिँदैन, तर उनले यो कुरा राख्दै गर्दा नेपालका कुनै पनि वन्यजन्तुविज्ञ, पारिस्थिकीविज्ञ, पर्यावरणविद्, प्रकृतिवादी वा संरक्षणकर्मीसँग सल्लाह गरेका चाहिँ थिएनन् । चीन भ्रमणका क्रममा त्यहाँ धेरै लोपोन्मुख अवस्थामा बाघ रहेको जानकारी पाएपछि नेपालमा बाघ घटाएर बाँकी छिमेकी (चीन) लाई उपहार दिने अभिव्यक्ति आएको पनि हुन सक्ला । तर, खासगरी बफर क्षेत्रमा बस्ने जनता बाघबाहेक अन्य जंगली जनावरबाट पनि पीडित छन् । बाघको संख्या कम हुँदा उसको आहारा बन्ने प्रजातिको संख्या बढेर किसानको बालीनालीमा क्षति बढ्ने सम्भावना रहन्छ ।

संरक्षण प्रयासका बाबजुद विश्वभर जंगली बाघको संख्या घट्दै गएपछि बाघको प्राकृतिक वासस्थान भएका १३ देशका सरकारले सन् २०१० मा पिटर्सबर्ग टाइगर समिटमा पहिलोचोटि एक ढिक्का भएर सन् २०२२ सम्म बाघको संख्या दोब्बर पार्ने निर्णय गरेका थिए । सन् २००९ मा नेपालमा १२१ वटा बाघ थिए । लक्ष्य २५० भए पनि नेपालले १२ वर्षमा पाँचवटा राष्ट्रिय निकुञ्जमा गरी बाघको संख्या तीन गुणा बढाएर ३५५ पुऱ्याउन सफल भयो । पर्सा ४१, चितवन १२८, बाँके २५, बर्दिया शुक्लाफाँटा ३६ । यो सफलतापछाडि सरोकारवाला व्यक्तिको प्रयास, साझेदारी एवं नीतिहरूका साथै विभिन्न देशका सरकारलाई एकताबद्ध गर्ने तथा नेपालको संरक्षित क्षेत्रमा लगानी गर्ने विश्व बैंकको प्रारम्भिक र महत्त्वपूर्ण भूमिका रहेको छ । प्रकृतिवादी

विशेषज्ञहरूले अन्तर्राष्ट्रिय योजनाअनुसार बाघको संख्या दोब्बर बनाउने लक्ष्य राख्नु मूर्खतापूर्ण प्रयास थियो भन्ने अर्थ ओलीको अभिव्यक्तिले दिन्छ । बाघको संख्या तेब्बर बनाउन सफल हुनुलाई नेपालका विज्ञहरू, सरकार, सम्बन्धित निकुञ्ज र आम सरोकारवालाको प्रयासबाट भएको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । यसै कारणले अन्तर्राष्ट्रिय मञ्चमा नेपाल पुरस्कृत भएको छ । तर, प्रधानमन्त्री ओलीको अभिव्यक्तिले उनीहरूलाई हतोत्साहित पारेको छ ।

नेपाल र भारतले आपसमा मिलेर २० वर्षपहिले सुरु गरेको वन्यजन्तु संरक्षणसम्बन्धी कार्यक्रम तराई आर्क भूपरिदृश्यले दुवै देशको हिमालयको फेदमा अवस्थित शिवालिक (चुरे), भावर र तराईको परिस्थितिकी तन्त्रलाई जोड्ने उद्देश्य लिएको छ । यसमा उत्तराखण्डको जिम कर्बेट टाइगर रिजर्भ, रजाजी कर्बेट टाइगर रिजर्भसहित भारत र नेपालका गरी राष्ट्रिय उद्यान र संरक्षित क्षेत्रहरू जोडिनेछन् । भारततिर पश्चिम यमुनादेखि वाल्मीकि टाइगर रिजर्भसम्मका शिवालिक र गंगा मैदानसहित पाँच राज्यलाई यो अभियानले समेटेको छ । नेपालतर्फ रौटहट बागमती नदीदेखि कञ्चनपुरसम्मको क्षेत्र समेटिएको छ । ९०० किमि लम्बाइ र ५१,००२ किमिभित्र १६ वटा संरक्षित क्षेत्रलाई आपसमा जोड्ने वन्यजन्तु गलियारा (कोरिडोर) व्यवस्थापन गर्दा वन्यजन्तुलाई उनीहरूका प्राकृतिक वासस्थानमा निर्बाध विचरणको अवसर प्राप्त हुनेछ ।

कोरिडोरले विभिन्न प्रजातिलाई स्वाभाविक रूपमा घुम्ने ठाउँ दिनेछ । मानवीय गतिविधिका कारण खण्डित भइसकेका वासस्थानलाई पुनः आपसमा जोड्न सके त्यसले स्थानीय विलुप्तिलाई रोक्नमा मद्दत गर्छ । विभिन्न प्रजातिका वन्यजन्तुलाई भोजन, पानी, आश्रयलगायत संसाधनको खोजीमा नयाँ क्षेत्रमा जान, सुरक्षित मार्ग खोज्न मद्दत गर्छ । मौसमी रूपमा स्थानान्तरण गर्ने खालका प्रजातिहरू, सुरक्षित तथा प्रभावकारी रूपले मानव निर्मित अवरोधलाई छलेर नयाँ र सुरक्षित स्थानमा स्थानान्तरण गर्न सक्षम हुनेछन् । प्रजातिहरूमा प्रजननका लागि अधिक विकल्प हुन्छन् । आनुवंशिक विविधता, स्वस्थ पारिस्थितिक तन्त्र जैविक विविधताका लागि वन्यजन्तु कोरिडोर महत्त्वपूर्ण हुन्छ । कोरिडोर जलवायु परिवर्तन न्यूनीकरणका लागि पनि महत्त्वपूर्ण छ । भारततर्फ कोरिडोरहरू स्थापित भइरहेका छन् । तर, महेन्द्र राजमार्ग बनेपछि भौतिक पूर्वाधार विकास निर्माणलगायत मानवीय गतिविधिका कारण खण्डित हुन पुगेको वन्यजन्तुको तराईको वासस्थानलाई फेरि जोड्ने कोरिडोरहरू स्थापना गर्न सम्बन्धित पक्षको ध्यान पुगेको छैन । नेपालतर्फ वन्यजन्तुका लागि स्वतन्त्र विचरण सहज छैन, पूर्वमा चितवन र पर्सा तथा पश्चिममा बाँके, बर्दिया र शुक्लाफाँटासम्म बाघका लागि विचरणको सहज मार्ग छैन । बाघ अत्यधिक प्रादेशिक जन्तु (टेरिटोरियल) हो । यसले क्षेत्र कब्जाका लागि आफ्नै समूह प्रजातिभित्रै संघर्ष गर्छ । कमजोर र वृद्ध बाघ आफ्नो क्षेत्र छाडेर नयाँ क्षेत्र खोज्न बाध्य हुन्छन् । भोजन, पानी, आश्रय तथा साथीको खोजीमा लामो दूरीको यात्रामा गाउँ-नगर पार गर्ने क्रममा बाघहरू चोरी-सिकारीलगायत गतिविधिले असुरक्षित हुन्छन् ।

> मानव संसारको जटिलताले वन्यजन्तुको दुनियाँ बाधित हुनुहुँदैन । किनकि, यस ग्रहमा वन्यजन्तुको पनि हामी मान्छेको जत्तिकै भरपूर अधिकार छ ।

बाघको अवैध सिकार गरी हड्डी र छालाको गैरकानुनी व्यापार हुने गरेको छ । मानिससँगको संघर्षविनै बाघले लामो दूरीको यात्रा गर्न सक्षम हुनु स्वस्थ पारिस्थितिकी तन्त्रको अर्थ र उद्देश्य हो । घरेलु कोरिडोरहरूमा पर्याप्त ध्यान दिएर वन्यजन्तुको वासस्थानलाई जोड्न जरुरी हुन्छ, ताकि बाघ चितवन, पर्सा, बाँके, बर्दिया र शुक्लाफाँटामा मात्र सीमित नरही नेपालका अन्य क्षेत्रमा पनि विचरण गर्न सकून् ।

नेपालको संरक्षित क्षेत्रलाई भारतको संरक्षित क्षेत्रसँग जोड्ने कोरिडोरहरू सक्रिय भइरहेका छन् । बाँके राष्ट्रिय निकुञ्जका बाघले सीमावर्ती भारतको सुहेलवा वन्यजन्तु आरक्षमा नयाँ वासस्थान भेट्टाउन सफल भएका छन् । खाता र कर्णाली नदी कोरिडोरले बर्दिया राष्ट्रिय निकुञ्जलाई भारतको कतर्नियाघाट वन्यजन्तु आरक्षसँग जोड्छ । भारतको वाल्मीकि राष्ट्रिय निकुञ्ज तथा टाइगर रिजर्भ, चितवन राष्ट्रिय निकुञ्ज तथा पर्सा राष्ट्रिय निकुञ्ज आपसमा जोडिएका छन् । पिलभितको टाइगर रिजर्भ, नैनीताल-चाम्पावतको नन्धौर वन्यजन्तु आरक्षले जिम कार्बेट राष्ट्रिय उद्यानलाई नेपालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग जोडिन कोरिडोर प्रदान गर्छ । यही कोरिडोरको माध्यमबाट जिम कोबट पार्कका जंगली हात्ती बर्दिया राष्ट्रिय निकुञ्जमा पुगेको हुन सक्ने अनुमान गरिएको छ ।

नयाँ उपयुक्त घर र सम्भावित साथीको खोजमा महाराष्ट्रको ताडोबा क्षेत्रको एउटा वयस्क बाघ २००० किमिको यात्रा तय गरेर ओडिसाको जंगलमा पुगेको समाचारले भारतीय मिडियामा व्यापक चर्चा पाएको थियो । १२० वर्षअघि 'चम्पावत म्यान इटर' कालीनदीको प्राकृतिक कोरिडोर प्रयोग गरेर डडेल्धुरा-बैतडीबाट भारतको चम्पावत पसेको थियो । नन्धौर वन्यजन्तु आरक्षको त्यही पुनर्स्थापित कोरिडोरमार्फत पौडी गढवालको 'फ्वाँ बाघ' ९०० किमि यात्रा तय गरेर पर्साको जंगलमा पुगेको थियो । वन्यजन्तु विज्ञानको यस उपलब्धिले प्रकृतिवादीहरूलाई रोमाञ्चित पार्ने गर्छ । निश्चित रूपमा प्रकृति, पर्यावरण, जलवायु, पारिस्थितिकीको विषयमा कुनै एक देशको दायित्व हुँदैन । यसको दायित्व वैश्विक समाजले लिन्छ । मानव संसारको जटिलताले वन्यजन्तुको दुनियाँ बाधित हुनुहुँदैन । किनकि, यस ग्रहमा वन्यजन्तुको पनि हामी मान्छेको जत्तिकै भरपूर अधिकार छ ।

(जोशी पर्यावरण एवं पास्थितिकी तन्त्रका अध्येता हुन्)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **उमेशराज जोशी**लाई



■ नेपाल प्रहरीमा स्टाफ कलेज किन आवश्यक छ ?

फाइल बढुवाका माध्यमबाट जो पनि प्रमोसन हुँदै माथि पुग्ने प्रणालीले गर्दा प्रहरी जनशक्तिमा 'क्वालिटी' भएन । सोर्सफोर्सका आधारमा माथि जाने प्रवृत्तिले गर्दा प्रहरीको आन्तरिक प्रणाली कमजोर भयो । यस्तो अवस्थामा अब एसएसपीभन्दा माथि जान स्टाफ कलेज गरेकै हुनुपर्ने व्यवस्थाले गर्दा दक्ष र अपडेटेड प्रहरी नीति निर्माण तहमा पुग्ने अवस्था सिर्जना हुन्छ । स्टाफ कलेजको परीक्षा त्रिविले लिन्छ, प्रहरीले होइन । यसबाट प्रहरीको गुण, क्षमता र दक्षता अभिवृद्धि हुन्छ । यसले प्रहरीलाई अध्ययनशील बनाउँछ । यसबाट प्रहरी अधिकृतहरू नयाँ नयाँ ऐन, कानुन र प्रविधिबारे 'अपडेटेड' हुन्छन् ।

■ यसले प्रहरीको आन्तरिक जीवनमा कस्तो प्रभाव पार्छ ?

सबैभन्दा पहिले यसबाट प्रहरी अद्यावधिक हुन्छ । समयसापेक्ष प्रहरी जनशक्ति तयार हुन्छ । नीति निर्माण तहमा जाने प्रहरी अधिकृतका लागि निरन्तर अध्ययन अत्यावश्यक हुन्छ । प्रभावकारी अनुसन्धानका लागि दक्ष जनशक्ति उत्पादन जरुरी छ । स्टाफ कलेजले यसमा सघाउँछ । एकजनाले तीनपटकसम्म स्टाफ कलेज दिन पाउँछ । एकपटक नसके फेरि अर्कोपटक दिन पाउँछ । यसले उसमा अध्ययन गर्ने, आफूलाई अपडेट गर्ने प्रतिस्पर्धी संस्कृतिको विकास हुन्छ । यसबाट प्रहरी संगठनभित्र 'फेयरनेस' आउँछ ।

■ प्रहरीको समग्र वृत्ति विकासमा कस्तो प्रभाव देखिएला ?

प्रहरीको वृत्ति विकासमा कहिलेकाहीँ 'जाम' देखिन्छ । शक्तिशाली या शक्तिकेन्द्रनिकट कर्मचारीले आफ्नो पालो नआउन्जेल अनेक बहानामा प्रमोसन नै रोकिदिने र आफू त्यसका लागि योग्य भएपछि मात्र प्रमोसन खुलाउने अवस्थासम्म हुन सक्थ्यो । तर, अब स्टाफ कलेज नगर्नेले यसमा चलखेल गर्न पाउँदैन । स्टाफ कलेज गर्ने जनशक्ति सीमित हुन्छन् । त्यसैले, त्यहाँ हुने खिचातानी र दौडधुप बन्द हुन्छ र स्वच्छ प्रहरी संगठनको विकास हुन्छ ।

प्रेरक प्रसंग

दश दिनको सेवा

एक राजाले दरबारमा १० डरलाग्दा जंगली कुकुर पालेका थिए । कुनै गल्ती गर्ने मानिसलाई सजाय दिनुपऱ्यो भने उनी तिनलाई तिनै कुकुर राखेको स्थानमा खसाल्न लगाउँथे र आफू नजिकै बसेर रमिता हेर्थे ।

एकपटक दरबारमा दश वर्षदेखि राजाको सेवामा रहेका एक मन्त्रीले सानो गल्ती गर्दा क्रोधित भएर राजाले उनलाई तिनै कुकुरको खोरमा खसाल्ने सजाय सुनाए । राजाले सजाय दिनुपूर्व मन्त्रीसित उनको अन्तिम इच्छा सोधे । मन्त्रीले भने- महाराज मैले तपाईंको सेवामा १० वर्ष बिताएँ । अब यो सजाय कार्यान्वयन हुनुपूर्व थप दश दिनको अवधि चाहन्छु । राजाले उनको माग स्विकारे । दश दिनपछि सैनिकले मन्त्रीलाई समातेर राजाको आदेशअनुसार जंगली कुकुर राखिएको खोरमा खसालिदिए । राजा नजिकै बसेर रमिता हेरिरहेका थिए । तर, आफ्नो अगाडि आइपुगेका मन्त्रीलाई झम्टेर लुछ्नुको साटो ती जंगली कुकुर उनीसित खेल्न पो थाले । कुकुरहरू पुच्छर हल्लाएर खुसी व्यक्त गरिरहेका थिए । उनीहरू मन्त्रीका खुट्टा चाटिरहेका थिए ।

यो दृश्य देख्दा राजा आश्चर्यचकित भए । उनले ती कुकुरले किन त्यस्तो व्यवहार गरिरहेका छन्, त्यसको कुनै अनुमान नै लगाउन सकेनन् । आखिरमा राजाले मन्त्रीलाई बाहिर निकाल्न लगाए र सोधे- यो सब के भइरहेको छ ? यी कुकुर तिमीलाई झम्टिनुको साटो तिमीसित किन रमाएर खेलिरहेका छन् ? मन्त्रीले जवाफ दिए- महाराज ! मैले तपाईंबाट दश दिनको अवधि मागेको थिएँ । सो अवधिको प्रत्येक क्षण मैले यिनै कुकुरको सेवामा लगाएँ । मैले हरेक दिन यिनलाई नुहाइदिने, खाना खुवाउने, उनीहरूसित खेल्ने काम गरेँ । यी कुकुर जंगली हुँदाहुँदै पनि मेरो दश दिनको सेवालाई भुलेनन् र मलाई टोक्नुको साटो मसँग रमाएर खेले । तर, मैले दश वर्षसम्म गरेको सेवा र स्वामीभक्तिलाई तपाईंले एउटा सानो गल्तीका कारण सबै भुल्नुभयो र यति भयानक सजाय दिनुभयो । मन्त्रीका कुराले राजाका आँखा खुले । उनलाई आफ्नो गल्तीको महसुस भयो । उनले मन्त्रीसित माफी मागे र उनलाई तत्काल सजायबाट मुक्त गरे । साथै, आगामी दिनमा यस्तो गल्ती कहिल्यै नदोहोऱ्याउने प्रण पनि गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेखकले किन चिन्ता लिइरहनु ?

२२ पुसको नयाँ पत्रिकामा शशि थरुरको 'भारतबारे दुई गुटमा विभाजित ट्रम्प समर्थक' शीर्षकको लेख पढेँ । अमेरिका आप्रवासीले विकसित बनाएको देश हो । पहिले श्वेत आप्रवासी गएको साँचो हो । त्यसैले तिनले अन्य आप्रवासीको विरोध गर्नु स्वाभाविकै हो । केवल तीन प्रतिशत मात्र अश्वेत आप्रवासीले ९७ प्रतिशत अमेरिकीको नोकरी खोस्न सक्ने चिन्ता अलि नपत्याउन खालको छ । ट्रम्पको व्यक्तित्वले बताउँछ कि उनी कसैको कठपुतली हुनेछैनन् । भारतविरोधी गुटले यसकारण केही गर्न सक्दैनन् । बलियो भारत अब सबैलाई चाहिएको छ । यो बलियोपन पनि भारतकै पक्षमा जानेछ, थरुरले चिन्ता लिइरहनुपर्दैन ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

सारै दुःखद समाचार

'समयमै उपचार नपाएर सुत्केरी र शिशुको बाटोमै मृत्यु' शीर्षकको समाचार पढ्दा सारै दुःख लाग्यो । घरबाट करिब सात किलोमिटरको दूरीमा रहेको स्वास्थ्य चौकीमा समेत समयमै पुऱ्याउन नसक्दा एक महिला र उनका नवजात शिशुको ज्यान जानु अत्यन्त पीडादायक घटना हो । यस्तो समस्या यो मात्र एउटा होइन, हाम्रा दुर्गम गाउँघरमा यस्ता समस्या पटक-पटक दोहोरिइरहेका हुन्छन् । त्यसैले, यस्ता समस्या दोहोरिन नदिन स्थानीय सरकारले विशेष पहल गर्नुपर्‍यो ।

● **सुबास्ना महतरा**
वीरेन्द्रनगर-४, सुर्खेत

बलात्कार मुद्दामा ढिलासुस्ती किन ?

कानुनले फास्ट ट्र्याकबाट कारबाही प्रक्रिया अघि बढाउनुपर्ने भनिएको बलात्कार मुद्दामा समेत किन यसरी यति लामो समयसम्म विचाराधीन अवस्थामै राखिँदै छ ? के यो देशमा बलात्कृतले कहिल्यै न्याय पाउँदैनन् हो ? के यहाँका सम्बन्धित संयन्त्रका अधिकारी जहिल्यै बलात्कार मुद्दामा पीडितलाई थप पीडा दिने र पीडकलाई उन्मुक्ति दिने नियत बोकेर हिँड्छन् हो ? नत्र २६-परिसरको मुद्दामा पीडितलाई थप पीडा दिने गरी किन अनावश्यक रूपमा तन्काइँदै छ ?

● **कोपिला परियार**
सिनामंगल, काठमाडौं

संविधान संशोधनबारे छलफल खोइ ?

संविधान संशोधनका लागि संसद् खोल्नुपर्‍यो, दलबिच छलफल हुनुपर्‍यो, सरकारसँग दुईतिहाइ छ भन्दैमा मनलागी संविधान संशोधन गरेर जनतालाई धोका दिने काम नहोस् । अर्को कुरा संविधान संशोधन गर्न कार्यदल बनाउँदा विज्ञ व्यक्तिलाई समावेश गरियोस्, राजनीतिक व्यक्ति होइन । राजनीतिक आग्रह, पूर्वाग्रह नराखी राष्ट्रहितमा संविधान संशोधन गरियोस् भन्ने आमनेपालीको चाहना नेताले बुझ्न सकून् । कसैको व्यक्तिगत स्वार्थ र कसैलाई रिझाउनकै लागि संविधान संशोधन नहोस् । सबै नेपालीले संविधानप्रति अपनत्व लिने वातावरण तयार होस् ।

संविधान संशोधन गर्ने मुद्दा बोकेर चार महिनाअघि गठित कांग्रेस, एमाले र अन्य केही दल मिलेर बनेको सरकारले यसबारे खासै चासो दिएको देखिन्न । उता प्रधानमन्त्री केपी ओलीले संविधान संशोधन विसं २०८७ मा मात्र हुन्छ भनेर तत्काल त्यसको कुनै सम्भावना नभएको छनक दिएका छन् । कतिपय राजनीतिक दलले अहिले पनि संविधान मान्दैनौँ भनिरहेका छन् । उनीहरूको माग र आमजनताको चाहना के छ, त्यो बुझ्न जरुरी छ । संविधान मान्दैनौँ भन्न कसैले पाइँदैन । यो संविधान संविधानसभाले बनाएको हो । यसलाई संशोधन गर्न पाइन्छ, मान्दैनौँ भन्नचाहिँ पाइँदैन । सबभन्दा पहिला दलहरूले याद गर्नुपर्‍यो संविधान संशोधन कसका लागि किन गर्ने हो ? कुन-कुन विषयमा गर्ने हो ? कसैलाई रिझाउनकै लागि हो भने संविधान संशोधन गरिरहनु अवश्यक छैन् । संविधान संशोधन नै गर्नुपरे राष्ट्रलाई उच्चबिन्दुमा राखेर जनचाहनाअनुसार गरौँ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पानामा नहरमाथि ट्रम्पको नजर

इतिहासको आलोकमा हेर्दा ट्रम्पका पछिल्ला अभिव्यक्ति स्तब्धकारी त लाग्न सक्छन्, तर आश्चर्यजनक भने होइनन्

देश/विदेश

● रुती टेइटेल

पानामा नहरमाथि अमेरिकी नियन्त्रण पुनः स्थापित गर्ने डोनाल्ड ट्रम्पको भनाइ यो विषयमा लामो समयदेखिको अमेरिकी नीतिमा अन्तर्निहित भावनासँग मेल खान्छ । नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'असल छिमेक' नीति अवलम्बन गर्न नचाहेको स्पष्ट भएको छ । उनले क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोलाई 'गभर्नर' भन्दै खिल्ली उडाउने र चार करोड जनसंख्या भएको यो देश ५१औँ अमेरिकी राज्य बन्नुपर्छ भन्दै आएका छन् । मेक्सिकोकी नयाँ राष्ट्रपति क्लाउडिया सेनबामले ट्रम्पसँगको पहिलो टेलिफोन कुराकानीपश्चात् आफूले विनम्रतापूर्वक ट्रम्पका कुनै पनि सर्तलाई स्वीकार नगरेको बताएकी छिन् ।

अब ट्रम्पले पाँच दशकअघि सुल्झिसकेको पानामा नहरमाथि नियन्त्रणको विषयमा बहस पुनः सुरु गर्न खोजिरहेका छन् । यो विषयमा अमेरिकी नीतिमा अन्तर्निहित भावनासँग ट्रम्पका यी बयानबाजीले मेल खान्छन् । आखिर, पानामा नहर अमेरिकी अवधारणा जो थियो । २०औँ शताब्दीका टेडी रुजवेल्टको सोचको उपज थियो र अमेरिकाले यसलाई छाड्न कहिल्यै चाहेको थिएन । विश्व-व्यापारको करिब पाँच प्रतिशत मालवस्तु र ४० प्रतिशत अमेरिकी कन्टेनर पानामा नहर हुँदै पास हुन्छन् । एट्लान्टिक र प्रशान्त महासागरलाई ८२ किलोमिटर लामो जलमार्गमार्फत जोड्ने यो नहर संयुक्त राज्य अमेरिका र चीनबिचको तीव्र भूराजनीतिक एवं आर्थिक प्रतिद्वन्द्वितामा फस्दै गएको देखिन्छ । पानामामा चिनियाँ प्रभाव बढ्दै गएको कथित निहुँमा ट्रम्पको यो नहर पुनः अमेरिकी नियन्त्रणमा ल्याउने भनाइले धेरैलाई स्तब्ध बनाएको छ । पानामेलीले यसलाई आफ्नो सार्वभौमिकताको अपमानका रूपमा हेरेका छन् ।

हुन त पानामेली इतिहासमा सार्वभौमिकता एउटा लचिलो अवधारणा रहँदै आएको छ । स्पेनिस साम्राज्यको अमेरिकी अवशेषसँग जुझ्दै गर्दा राष्ट्रपति रुजवेल्टले एट्लान्टिक र प्रशान्त महासागरबिच अमेरिकाको व्यापार मार्ग स्थापना गर्नु महत्त्वपूर्ण ठाने, जसबाट दक्षिण अमेरिकालाई फन्को लगाउनुपर्ने बाध्यता अन्त्य हुन्थ्यो । यसका दुई विकल्प थिए- निकारागुआ र कोलम्बिया । कोलम्बिया सहज साबित भयो, तर बखेडा खडा भयो । रुजवेल्ट प्रशासनले कोलम्बियाबाट अलग्गिन चाहने एउटा गुटलाई समर्थन गऱ्यो । फलतः नयाँ मुलुक पानामा भयो, जहाँ अमेरिकाले रुजवेल्टको परियोजना अगाडि बढाउन सक्ने भयो । सन् १९०३ मा पानामालाई वार्षिक रूपमा भुक्तानी दिने गरी अमेरिकाले यो नहर निर्माण र नहर क्षेत्रको 'चिर' नियन्त्रणको अधिकार प्राप्त गऱ्यो । पानामा कब्जा र नहर निर्माण एउटा रणनीतिक व्यापारिक मार्गको निर्माण मात्रै थिएन । सर जर्ज ओटो ट्रेभेल्यानलाई रुजवेल्टले लेखेको पत्रमा लेखिएको छ, 'जहाँ पनि मैले कार्यकारी शक्तिको नजिर स्थापित गर्न सक्थेँ, जसरी मैले... पानामा लिएर गरेँ । मेरो यो कार्य आफैँमा सही त थियो नै, कार्यकारीको शक्ति देखाउने सवालमा पनि नजिर स्थापित गरिरहेको मैले महसुस गरेको छु । मैले एउटा महत्त्वपूर्ण नजिर स्थापित गरेको छु ।' आफ्नो संस्मरणमा रुजवेल्टले कोलम्बियाको सार्वभौमिकता उल्लंघन गर्न बल प्रयोग गरेकोमा आफूलाई 'पछुतो' लागेको स्विकारेका छन्, तर अमेरिकाले कहिल्यै औपचारिक माफी वा क्षतिपूर्तिको प्रस्ताव भने गरेको छैन ।

सन् १९६० को दशकमा अमेरिकी शक्तिप्रति ल्याटिन अमेरिकामा बढ्दै गएको आक्रोश सन् १९६४ मा पानामाले अमेरिकासँगको कूटनीतिक सम्बन्धलाई छोटो समयका लागि स्थगन गरेपछि चरममा पुग्यो । पूर्वराष्ट्रपतिहरू ह्यारी ट्रुम्यान र ड्विइट आइजनहावरसँग

परामर्श गरेपछि राष्ट्रपति लिन्डन जोनसनले सन् १९६४ मा पानामासँग नयाँ व्यवस्थापनका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । तर, सहमतिमा पुग्न दुई डेमोक्र्याटिक राष्ट्रपति र दुई रिपब्लिकन राष्ट्रपति नेतृत्वको १४ वर्षको द्विपक्षीय वार्ता लाग्यो । अन्ततः, जिम्मी कार्टर नहर पानामालाई नै फर्काउने र यो क्षेत्रमाथि हुन पुगेको अन्याय सच्याउने समय आएको निर्णयमा पुगे । राष्ट्रिय रूपमा प्रसारित टेलिभिजनमार्फत सम्बोधन गर्दै कार्टरले अमेरिकीलाई भनेका थिए, 'सन्धि अनुमोदन गर्नुको सबैभन्दा महत्त्वपूर्ण र एक मात्र कारण के भने यो संयुक्त राज्य अमेरिकाको सर्वोपरि राष्ट्रिय हितमा छ र यसले विश्वमा हाम्रो स्थितिलाई थप बलियो बनाउनेछ । हाम्रो सुरक्षा चासो थप सुदृढ हुनेछ । हाम्रा व्यापार अवसरमा सुधार हुनेछ । एउटा विशाल र शक्तिशाली देशका रूपमा हामी सानो सार्वभौम राष्ट्रसँग पनि निष्पक्ष र सम्मानजनक व्यवहार गर्न सक्छौँ भनेर देखाउनेछ ।'

कार्टरले अनुमोदनका लागि दबाब दिँदासमेत अमेरिकी जनता र कंग्रेसबाट भइरहेको विरोधलाई परास्त गर्न महिनौँ प्रयास गर्नुपरेको थियो । अन्ततः सन् १९७७ मा अमेरिका पानामाका जनरल ओमार टोरिजोससँग यस जलमार्गको नियन्त्रण हस्तान्तरण गर्ने सम्झौतामा पुग्यो । तर, त्यसमा केही महत्त्वपूर्ण सर्त थिए । दुवै देशले हस्ताक्षर गरेका दुई सन्धिमध्ये एकमा नहरको सुरक्षामाथि अमेरिकाको नियन्त्रण रहने र यसको सुव्यवस्थामाथिका कुनै पनि खतराविरुद्ध अमेरिकाले सैन्य बल प्रयोग गर्न सक्ने उल्लेख छ । वास्तवमा, यो सन्धिबाट अमेरिकाले पानामा नहरको रक्षा गर्ने अधिकार सदाका लागि आफैँमा कायम राखेको थियो । सन्धिमा सन् १९७९ मा नहर क्षेत्र पानामालाई सुम्पिने र सन् १९९९ सम्ममा नहर सञ्चालनको हस्तान्तरण पनि सम्पन्न गर्ने उल्लेख थियो । त्यसको एक वर्षपछि सिनेटले यी दुई टोरिजोस-कार्टर सन्धि झिनो मतान्तरले अनुमोदन गऱ्यो र अमेरिकाले सन् १९९९ को डिसेम्बरसम्म नहर सञ्चालन आफैँमा राख्यो ।

इतिहासको यो आलोकमा हेर्दा ट्रम्पका पछिल्ला अभिव्यक्ति स्तब्धकारी त लाग्न सक्छन्, तर आश्चर्यजनक भने होइनन् । ट्रम्पले पानामा नहर सम्बन्धमा आफ्नो आगामी कदमबारे सोचिरहँदा हामीले सोध्नुपर्ने प्रश्नचाहिँ के हो भने के अमेरिकाले यसलाई त्याग्ने सम्झौता कहिल्यै गरेको थियो र ?

*(न्युयोर्क ल स्कुलको तुलनात्मक क

चीन–भारत प्रतिद्वन्द्विताबाट निर्देशित हुनेछ एसियाको भविष्य

● ब्रह्मा चेलानी
(चेलानी भारतीय भू-रणनीतिज्ञ हुन् ।)

> जोखिमका बाबजुद भारतले भिन्न विचार राखेर उदाउँदो महाशक्ति चीनको क्षमता र शक्तिलाई खुलमखुला चुनौती दिएको छ, जुन यो शताब्दीमा अरू कुनै शक्तिले गरेको छैन

चीन र भारतले पछिल्लो साता आफ्ना पहाडी सीमामा तनावपूर्ण सैन्य अवरोधलाई न्यून गर्न खोजेका छन् । सन् २०२० मा भारतको लद्दाख क्षेत्रको सिमानामा चीनको अतिक्रमणबाट सुरु भएको अवरोधले हिमालयमा प्रतिद्वन्द्वीबिच सैन्य विस्तार र झडपका घटना वृद्धि भएका छन् । अक्टोबर २३ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच ब्रिक्स शिखर सम्मेलनको छेउमा भएको भेटले एसियाका ठुला राष्ट्रबिचको सम्बन्ध सुधार गर्ने पारस्परिक हितलाई उजागर गरेको छ । वास्तवमा सैन्य गतिरोधलाई निरुत्साहित गर्न र उनीहरूको विवादित सिमानामा शान्ति सुनिश्चित गर्न पारस्परिक कदमका लागि सम्झौता भएको थियो ।

तनावको सुरुवात सन् १९५० को सुरुमा भयो, जतिवेला चीनले ऐतिहासिक रूपमा चिनियाँ र भारतीय सभ्यताबिचको बफर क्षेत्रको रूपमा रहेको ठुलो क्षेत्र (तत्कालीन स्वायत्त तिब्बत) कब्जा गरेर आफूलाई भारतको छिमेकीको रूपमा चित्रित गऱ्यो । त्यो विलयले भारत र चीनबीच सन् १९६२ को सीमायुद्ध गरायो । सन् १९७६ मा माओत्सेतुङको मृत्युपछि दुई देशले कूटनीतिक सम्बन्ध पुनर्स्थापित गरे, तर मोडस भिभेन्डी (विवादित पक्षहरूलाई शान्तिपूर्ण रूपमा सहअस्तित्व गर्न दिने सहमति) गर्ने प्रयासका बाबजुद पनि आपसी आशंका र वैमनस्य कहिल्यै हटेन । हालैका वर्षमा भारतले चीनलाई सन्तुष्ट पार्ने मोदीको प्रारम्भिक प्रयासको तितो फल चाखिरहेको छ । सन् २०२० को चिनियाँ अतिक्रमणले भारतलाई दुःखी बनायो, जतिवेला देश कोभिड-१९ महामारीको प्रतिक्रियामा विश्वकै सबैभन्दा कडा लकडाउन लागू गर्न व्यस्त थियो ।

मोदीले सन् २०१४ मा प्रधानमन्त्रीको पदभार सम्हाल्दा बेइजिङसँगको सम्बन्धलाई पुनर्स्थापना गरी पाकिस्तानसँग चीनको रणनीतिक गठबन्धनलाई कमजोर बनाउन सहयोग पुग्ने विचार राखेका थिए । चीनजस्तै पाकिस्तान एक संशोधनवादी राज्य हो, जसले भारतीय क्षेत्रको ठुलो भूभागमा दाबी गर्छ । तर, पाकिस्तानले पनि सीमापार आतंकवादलाई विदेश नीतिको साधनको रूपमा प्रयोग गरेको छ । चीन-पाकिस्तानबिचको घनिष्ठताले भारतका लागि उच्च सुरक्षा लागत उत्पन्न गर्दै आएको छ, जसमा सैन्य मुठभेडको आभास बढेको छ । 'रक्षात्मक फौज रणनीति'मार्फत भारतले लामो समयदेखि चीन-पाकिस्तान सम्बन्ध तोड्न असफल प्रयास गऱ्यो ।

मोदीको भारतीय जनता पार्टीका पहिलो प्रधानमन्त्री अटल बिहारी बाजपेयीले सन् १९९९ मा पाकिस्तानमाथि विश्वास हासिल गर्ने प्रयास गरेका थिए । त्यसको विपरीत मोदीले सत्तामा पुगेपछि चीनसँग मित्रता गर्ने कुरामा ध्यान केन्द्रित गरे । मोदीले अन्य कुनै पनि विश्वनेताभन्दा पहिले सीलाई आमन्त्रण गरे र चीनलाई 'चिन्ताको देश'को सूचीबाट हटाउँदै चिनियाँ व्यवसायका लागि भारतीय अर्थतन्त्रको ढोका खुला गरे । तर, मोदीको शान्तिको प्रयास अनौठो ढंगले विफल भयो । सीले सन् २०१७ मा एक असामान्य उपहार बोकेर भारत भ्रमण गरे - भारतीय सीमा क्षेत्रमा अथाह चिनियाँ सैन्य घुसपैठ । भुटान-तिब्बत-भारतबिचको सीमामा अवस्थित दोक्लाम पठारमा सन् २०१७ मा चीन र भारतका सेनाबिच सैन्य भिडन्त भयो । अघिल्ला पाँच वर्षमा मोदी र सीबिच भएका १८ बैठकका बाबजुद सन् २०२० मा चिनियाँ अतिक्रमण भयो ।

मोदीले सैन्य आधुनिकीकरणलाई प्राथमिकता दिने र सीमा सुरक्षालाई बलियो बनाउनेलगायत आफ्नो नीतिमा बृहत्तर यथार्थवादलाई जोड दिँदै आएका छन् । जोखिमका बाबजुद भारतले चीनसँग भिन्न विचार राखेर चीनको क्षमता र शक्तिलाई खुलमखुला चुनौती दिएको छ, जुन यो शताब्दीमा अरू कुनै शक्तिले गरेको छैन । वास्तवमा सीले गम्भीर रूपमा गलत अनुमान लगाए कि चीनले बलियो सैन्य प्रतिक्रियालाई आमन्त्रित नगरी भारतमा बदलिएको यथास्थिति लाद्न सक्षम हुनेछ । यस गतिरोधले एकपटकको मेलमिलापकारी भारतलाई एक शत्रुमा परिणत गर्नमा सीको रणनीतिक अदूरदर्शितालाई प्रकाश पारेको छ, जुन सिनोसेन्ट्रिक एसिया (चीन एसियाको सांस्कृतिक, राजनीतिक वा आर्थिक केन्द्र हो भन्ने विश्व दृष्टिकोण) लाई रोक्न कटिबद्ध देखिन्छ । सीले अमेरिकालाई 'आफ्नो देशविरुद्ध चारै दिशाबाट नियन्त्रण, घेराबन्दी र दमन' गरेको आरोप लगाएपछि चीनले आफ्नो सबैभन्दा ठुलो छिमेकीलाई शत्रु बनाएको थियो ।

यो सीको शक्तिशाली संशोधनवादले अन्य दुई प्रमुख इन्डो-प्यासिफिक शक्तिको रणनीतिक मुद्दामा ठुलो परिवर्तनलाई उत्प्रेरित गरेजस्तै हो । जापानले सन् २०२७ सम्म आफ्नो रक्षा खर्च दोब्बर गर्ने निर्णय गरेर प्रभावकारी रूपमा आफ्नो शान्तिवादी युद्धोत्तर सुरक्षा नीति त्याग्दै छ भने अस्ट्रेलियाले अमेरिकी नेतृत्वमा चीनविरोधी अउकस गठबन्धनमा सामेल भएर जोखिम समाप्त गरेको छ ।

आज, चीन-भारत तनाव कम गर्ने र साझा सीमामा जम्मा भएका सेनाहरूलाई फिर्ता गर्ने प्रयास विभिन्न भूराजनीतिक कारकद्वारा सञ्चालित छन् । अमेरिकासँग एकपटक सुमधुर बन्दै गरेको रणनीतिक साझेदारी खलबलिन थालेका वेला भारतका लागि एउटा विचार भनेको विदेश नीतिमा अझ बढी गतिशीलता हासिल गर्नु हो । तथापि राष्ट्रपति जो बाइडेनले यो सम्बन्ध 'विश्वमा सबैभन्दा परिणाममुखी' भएको स्वीकार गरेका छन् ।

चीन, आफ्नो विस्तारवादविरुद्ध बढ्दो पश्चिमी धक्काको सामना गर्दै छ । आफ्नो अर्थतन्त्र पहिले नै फड्को मार्दै गर्दा चीनले दीर्घकालीन वृद्धिमा बाधाहरूको सामना गरिरहेको छ, जसमा कम हुँदै गएको र द्रुत रूपमा बुढ्यौली जनसंख्या र सुस्त उत्पादकता वृद्धि समावेश छ । यसविपरीत भारत (जुन २८.४ को औसत उमेरका साथ विश्वको सबैभन्दा धेरै युवा जनसंख्या भएको देश बनेको छ) जनसांख्यिकीय लाभांश प्राप्त गर्न तयार देखिन्छ । भारतको अर्थतन्त्र चीनको तुलनामा सानो भए पनि अहिले अन्य महत्त्वपूर्ण अर्थतन्त्रको तुलनामा यो तीव्र गतिमा बढिरहेको छ ।

चीनको जनमुक्ति सेना १८ वर्षको उमेरमा दुई वर्ष सेवाका लागि स्पष्ट रूपमा 'स्वयंसेवक' भर्तीमा भर पर्छ भने भारतको सर्व-स्वयंसेवी सेना हाइब्रिड पर्वतीय युद्धमा विश्वको सबैभन्दा अनुभवी सेना मानिन्छ । तथापि, उच्च उचाइमा रहेको हिमाली वातावरणमा भारतको सैन्य धार मिसाइल पराक्रमसहित चीनको उच्च वायु शक्ति क्षमताले खण्डित गर्न सक्छ । यस पृष्ठभूमिमा राष्ट्रपति सी र मोदीले लज्जित वा अपमानबोध नगरी हिमालय क्षेत्रको सैन्य संकटलाई कम गर्न खोजेका छन् । सीमामा तनाव कम गर्नु दुवै नेताका लागि अर्थपूर्ण छ, तर चीन-भारत प्रतिद्वन्द्वी कमजोर हुने सम्भावना छैन । वास्तवमा, यो प्रतिद्वन्द्विताले एसियाली र विश्वव्यापी शक्ति सन्तुलनलाई आकार दिने वाचा गर्छ ।

- द हिलडटकमबाट

इतिहासमा आज

जनवरी ९

सन् १९६४ : पनामा नहरको सुरक्षार्थ तैनाथ अमेरिकी फौजले हानेको गोली लागेर पनामाका ६ विद्यार्थी मारिएपछि देशव्यापी विरोध सुरु भयो । पनामा नहर क्षेत्रमाथि अमेरिकाको स्वामित्वमाथि प्रश्न उठाउँदै विरोधमा उत्रिएका विद्यार्थीमाथि दमन हुँदा उक्त घटना भएको थियो । यस प्रकरणले अमेरिकालाई नहर पनामालाई सुम्पिने मनस्थितिमा पुऱ्याएको थियो ।

सन् १७६० : आक्रमणकारी अफगान फौजले मराठा फौजलाई जमुना नदीको तट बरारी घाटमा भएको युद्धमा हरायो ।

सन् १७९२ : रुस र टर्कीले पाँच वर्षदेखि चलिरहेको युद्ध रोक्ने सम्बन्धमा मोल्दोभाको ज्यासीमा 'ज्यासी सम्झौता'मा हस्ताक्षर भयो ।

सन् १९८० : साउदी अरबले एक वर्षअघि इस्लामको सबैभन्दा पवित्र धार्मिकस्थल मक्कास्थित ग्र्यान्ड मस्क कब्जा गरेका विद्रोहीमध्ये ६३ जनालाई एकैपटक टाउको काटेर मृत्युदण्ड दियो ।

सन् १९९२ : बोस्निया हर्जगोभिनाको एक एकाइ 'रिपब्लिक सप्स्र्का'ले अलग भएको घोषणा गरेपछि बोस्निया युद्धको बिउ रोपियो । तीन वर्ष लामो सो युद्धमा झन्डै एक लाखको मृत्यु भएको थियो ।

सन् २००५ : प्यालेस्टाइन राष्ट्रिय प्राधिकरणका नेता यासर अराफातको निधनपछि उनको उत्तराधिकारी चयनका लागि भएको निर्वाचनमा महमुद अब्बास विजयी भए ।

सन् २००५ : दोस्रो सुडान गृहयुद्धको अन्त्यका लागि सुडान सरकार र सुडान पिपुल्स लिबरेसन मुभमेन्टबिच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भयो ।

सन् २००७ : एप्पल कम्पनीका सिइओ स्टिभ जब्सले आइफोन सार्वजनिक गरे ।

सन् २०२४ : ३४ वर्षका गेब्रियल एट्ल फ्रान्सका सबैभन्दा कान्छा प्रधानमन्त्री चुनिए ।

विश्व संक्षेप

भारतमा सडक दुर्घटनाका घाइतेहरूको खर्च सरकारले व्यहोर्ने

नयाँदिल्ली/ सन् २०२४ मा भारतमा सडक दुर्घटनामा परी करिब एक लाख ८० हजार व्यक्तिको मृत्यु भएको सडक यातायात तथा राजमार्गमन्त्री नितिन गडकरीले जनाए । उनका अनुसार सवारी दुर्घटनामा मृत्यु हुनेमध्ये ६६ प्रतिशत १८ देखि ३४ वर्ष उमेर समूहका रहेका छन् । त्यस क्रममा गडकरीले सडक दुर्घटनामा परी घाइते भएकाहरूको निःशुल्क उपचारको नयाँ योजनाको सुरुवात भएको घोषणा गरे । नयाँ व्यवस्थाअनुरूप दुर्घटनालगत्तै २४ घण्टाभित्र प्रहरीमा सूचना गराएर भर्ना भएका बिरामीको सात दिनको उपचार खर्च वा उपचारका लागि अधिकतम एक लाख ५० हजार भारतीय रुपैयाँसम्म उपलब्ध गराइनेछ । सडक दुर्घटनामा परी मृत्यु भएका व्यक्तिका लागि दुई लाख भारतीय रुपैयाँ पनि उपलब्ध गराउने व्यवस्थासमेत गरिएको गडकरीले बताए ।

लस एन्जलसको जंगलमा लागेको डढेलो नियन्त्रणबाहिर

वासिंटन डिसी/ लस एन्जलसको उपनगरीय क्षेत्रमा जंगली डढेलोको असर पर्न थालेपछि त्यस भेगका दसौं हजार मानिस आफ्ना घरबाट भागेका छन् । अमेरिकी मिडियाका अनुसार उच्च वर्गीय प्यासिफिक पालिसेड्स बस्तीनजिकै आगो निभाउने क्रममा कम्तीमा एक दमकलकर्मी घाइते भएका छन् । केही अन्य मानिस जलेको खबर आएको छ । भयानक हुरीले आगोलाई फैलाएकाले डढेलो नयाँ स्थानतर्फ पनि सल्किँदै गएको छ । डढेलोको कारण बुधबार बिहान लस एन्जलसको आकाश धुवाँको विशाल पर्दाले ढाकिएको देखिन्थ्यो । सहरका मेयर करेन बासले बुधबार बिहान एक्समा पोस्ट गर्दै स्थिति थप खराब हुने चेतावनी दिएका छन् । लस एन्जलस टाइम्सका अनुसार पालिसेड्समा केही दमकलकर्मीले हाइड्रेन्टमा पानीको कमी सामना गरिरहेका छन् । त्यहाँको आगो अहिलेसम्म लगभग तीन हजार एकडमा फैलिसकेको छ । लस एन्जलसको उत्तरमा अवस्थित अल्टाडेनावरपरका दुई हजार दुई सय एकडमा पनि आगजनी नियन्त्रणबाहिर पुगेको एएफपीले जनाएको छ ।

वोलपत्र आव्हान रद्द गरिएको सूचना

(सूचना प्रकाशित मितिः२०८१।५।२५)

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, तारा गाउँ विकास समितिको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१।९।२२ गते प्रकाशित Contract Identification Number:03/NCB/WORK/TGDB/2081/082, Description Work: Construction of Cottage and Community Cultural Museum Building at Tara Gaon Resort Hotel, Kakani, Nuwakot सम्बन्धी वोलपत्र आव्हानको सूचनामा विविध कारणले फरक पर्न गएको कारणले वोलपत्र सम्बन्धी अर्को सूचना प्राप्त नभए सम्मका लागि यो वोलपत्र हाललाई रद्द गरिएको व्यहोरा सम्बन्धित सवैमा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तारा गाउँ विकास समिति,
केन्द्रीय कार्यालय, सहभागिता मार्ग, मध्य वानेश्वर,
सम्पर्क नं.:०१-५१७२०२३

धितो लिलाम बिक्री सम्वन्धी ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपाई ऋणी सदस्य रान कुमारी गुरुङले प्राप्त गर्नु भएको कर्जाको यस संस्था संग गरेको सम्झौता र लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर भुक्तान गर्न पटक पटक मौखिक लिखित जानकारी गराउदा तथा मिती २०८१।५।३ २०८१।७८ र २०८१।९।४ मा नयाँ पत्रिका दैनिक मा कर्जा चुक्ता गर्न आउने सम्वन्धी सार्वजनिक सुचना प्रकासित गरीदा समेत कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाएको हुनाले कर्जा लिदाँ धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामी बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएकाले सहकारी नियमावली २०७५, सहकारी ऐन २०७४ वमोजिम धितो लिलामी विकीका लागी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । अतः यस सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र ऋण चुक्ता गर्ने अघिल्लो दिन सम्मको साबाँ, व्याज एवंम अन्य दस्तुर समेतको सम्पुर्ण रकम भुक्तानी गरी आफ्नो सम्पती फुकुवा गरी लिन ऋणी तथा सम्वन्धीत जमानी कर्ताहरूलाई पुन जानकारी गराइन्छ । अन्यथा यो सुचना प्रकाशित भयको ३६ औ दिनमा निम्न मिती समय र स्थानमा निम्न सर्तहरूको अधिनमा डाक बढावटबाट धितो लिलाम बिक्री गरीने भएकाले खरिद गर्न इच्छुक फर्म कम्पनी तथा सर्वसाधारणहरूलाई यसै सुचनाद्वारा आव्हान गरीन्छ । साथै धितो लिलाम बिक्री गर्दा सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पती बाट कानुन बमोजिम लेना रकम असुलपर गरिने व्यहोरा सुचित गरिन्छ ।

ऋणीको बिवरण	धितो रहेको सम्पतीको बिवरण
नाम : रान कुमारी गुरुङ बाबु : जित बहादुर गुरुङ बाजे : त्रिमान गुरुङ पति :राम प्रसाद राई ठेगाना :गोर्खा जिल्ला गुम्दा गा. वि स.वडा न. ५ ना. प्र. न.१११४७७ गोर्खा जिल्ला	रान कुमारी गुरुङको नामना मालपोत कार्यालय ललितपरको लगतमा श्रेस्ता दर्ता कायम रहेको ललितपुर जिल्ला विष्टछाप ८ ख हाल गोदावरी नगरपालिका वडा नं २ स्थित कि. न. ३३५ को क्षेत्रफल ०-५-०-० को जग्गा ।

उन्नती बचत तथा ऋण सहकारी संस्था लिमिटेड
बोधिग्राममार्ग १५, सातदोबाटो, सम्पर्क.न. : ९८०११५३२९५/५२०१०५६

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८१/०९/२५ गते)

तपसिल बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना प्रकाशन गर्दासमेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५ (पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्तअनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

तपसिल

धितो लिलाम बिक्री हुने मितिः २०८१ साल फागुन महिना ०२ गते, **सम्बन्धित कार्यालयः** कृषि विकास बैंक लि., शाखा कार्यालय, उर्लाबारी
लिलाम हुने स्थानः कृषि विकास बैंक लि., मुख्य शाखा कार्यालय, विराटनगर

ग्राहकको विवरण

१. **ग्राहकको नामः** घिसिङ्ग कृषि फर्म, **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर मोरङ, **फर्मको दर्ता नं.** १८२५९/०७७/०७८ **दर्ता मितिः** २०७७/१०/२७ पान नं. ६१५१४७५०७

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
कृषि तथा पशुपंक्षी पालन/१८३१३४९	गणेश घिसिङ	मोरङ	मधुमल्ला	९/घ	२२५१	०-४-१५

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति	ससुरा
लिला घिसिङ्ग	उर्लाबारी-०४	१६१९२	मोरङ/२०६०/१२/१८/जिल्ला प्रशासन कार्यालय	गणेश घिसिङ	स्वरुप सिं घिसिङ

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
गणेश घिसिङ	उर्लाबारी-०४	४८७-१३१	मोरङ/२०५७/०९/१७/जिल्ला प्रशासन कार्यालय	स्वरुप सिं घिसिङ	पासाङ्ग घिसिङ

२. **ग्राहकको नामः** कमलादेवी भुजेल, ना.प्र.नं. ३०१४/२४१९, **जारी मितिः** २०४६/१२/०९, **जारी भएको कार्यालयः** जिल्ला प्रशासन कार्यालय मोरङ, **बाबुको नामः** चंखबहादुर भुजेल, **ससुराको नामः** जयबहादुर भुजेल **पतिको नामः** बसन्तकुमार भुजेल

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी कर्जा/११६२६८१	कमला देवी भुजेल	मोरङ	मधुमल्ला	५/ढ	७६	०-०-१० (घरसमेत)

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
बसन्तकुमार भुजेल	उर्लाबारी-०६	१३७८/३६५	मोरङ/२०४६/०३/०१/जिल्ला प्रशासन कार्यालय,	जय बहादुर भुजेल	गुमान सिं भुजेल

३. **ग्राहकको नामः** मेनुका बरालना. प्र.नं. २६८४८, **जारी मितिः** २०६२/११/२१, **जारी भएको कार्यालयः** जिल्ला प्रशासन कार्यालय मोरङ, **बाबुको नामः** खेमनाथ पौडेल, **ससुराको नामः** लिलानाथ बराल, **पतिको नामः** विष्णु कुमार बराल

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी र सरल कृषि कर्जा/५१९९३९१	मेनुका बराल	मोरङ	राजघाट	८/घ	५७६	०-१४-१०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
विष्णु कुमार बराल	उर्लाबारी-०९	२३४/२५७१	मोरङ/२०५६/०५/०६/जिल्ला प्रशासन कार्यालय	लिलानाथ बराल	बलराम बराल
अविशेक बराल	उर्लाबारी-०९	०५-०२-७७-०११३९	मोरङ/२०७७/०७/१९/जिल्ला प्रशासन कार्यालय	विष्णु कुमार बराल	लिलानाथ बराल
असिम बराल	उर्लाबारी-०९	०५-०२-७४-०७१३२	मोरङ/२०७४/१०/१५/जिल्ला प्रशासन कार्यालय	विष्णु कुमार बराल	लिलानाथ बराल

४. **ग्राहकको नामः** नरेश ज्वेलर्स, **दर्ता भएको कार्यालयः** वाणिज्य विभाग, विराटनगर मोरङ, **फर्मको दर्ता नं.** १८८७४/०६१ **दर्ता मितिः** २०६१/०५/०१ **पान नं.** ३०१६४१६६१

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा/६२५६८६	प्रभु कुमार खड्गी	मोरङ	मिक्लाजुङ्ग	१/ङ	६३५	०-०-१५

प्रोप्राईटरको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
प्रभु कुमार खड्गी	मिक्लाजुङ-०९	१०८२	मोरङ/२०४३/१०/२३/जिल्ला प्रशासन कार्यालय	शत्रुधन खड्गी	जुठ बहादुर खड्गी

शर्तहरू :

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनुपर्नेछ ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटीवापत् त्यसै दिन यस बैंकमा जम्मा भएको हुनुपर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन ।
६. डाँक बढाबढको शुरूवात अंक उक्त चलअचल सम्पत्तिको मूल्याङ्कनबाट शुरुवात गरिनेछ ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि बिकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २५ पुस ०८१

■ उच्चस्तरीय आयोगले अर्थमन्त्रीलाई बुझायो अन्तरिम प्रतिवेदन

सरकारी बक्यौता तिर्ने र उधारो नियमन गर्ने कानुन ल्याउन सुझाव

नयाँ पत्रिका

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई अन्तरिम प्रतिवेदन पेस गरेको छ। आयोगका अध्यक्ष रामेश्वरप्रसाद खनालले अर्थतन्त्रलाई थप चलायमान र सुदृढ बनाउन तत्काल गर्नुपर्ने विषय समावेश गरिएको सुझाव उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई बुझाएका हुन्।

प्रतिवेदनमा सरकारी दायित्व र अन्य बक्यौता रकम भुक्तानी दिने, वित्तीय क्षेत्रका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई सहजीकरण गर्ने, व्यापारिक उधारो नियमन गर्न कानुन निर्माण गर्नेलगायत छन्।

उच्चस्तरीय आयोगका सदस्य एवं राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले यो प्रतिवेदन प्रारम्भिक भएकाले थप छलफल हुने बताए। उनले भने, 'यो प्रारम्भिक मात्रै हो। अर्थ मन्त्रालयले तत्कालै सुधार गर्न मिल्ने विषय समेटेर प्रारम्भिक प्रतिवेदन बुझाउन भनेकाले हामीले दिएका हौं। यसमा तत्काल सरकारले भुक्तानी गर्नुपर्ने र सहजीकरण गर्नुपर्ने विषय समेटेका छौं।'

यसैगरी, प्रतिवेदनमा समस्याग्रस्त सहकारीबाट देखिएको समस्या सम्बोधन गर्नुपर्ने सुझाव पनि छ। चालू आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामको भुक्तानीलाई प्राथमिकता दिने, बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व पूरा गरेर बजेट उपलब्ध हुन सक्ने भए मात्र नयाँ आयोजनाहरू आउने वर्षको बजेटमा राख्न सुझाव दिइएको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्न पनि सुझाव दिइएको छ।

स्वास्थ्य बिमाको प्रिमियम बढाउन आयोगको सुझाव छ। कोभिडअगाडि राम्रो अवस्थामा रहेको व्यवसाय अहिले समस्यामा रहेको, तर पछि सुधार हुने अवस्था रहेमा विषय हेरीकन एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिने, घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानुन जारी गर्न आयोगको सुझाव छ।

आयोगले चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न १० करोडभन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्नेलगायतका सुझाव दिएको छ। सरकारले अर्थतन्त्रबारे सुझाव दिन गत असोजको तेस्रो हप्ता विज्ञ र निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी उच्चस्तरीय आर्थिक क्षेत्र सुधार-सुझाव आयोग गठन गरेको थियो।

अन्तरिम प्रतिवेदनले दिएका सुझाव

- समस्याग्रस्त सहकारीबाट देखिएको समस्या सम्बोधन गर्नुपर्ने
- चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्ने
- जाजरकोट भूकम्पलगायत विपत्जन्य घटनाबाट क्षति पुगेको भौतिक पूर्वाधारको पुनर्निर्माणको काममा तीव्रता दिने
- सरकारले जग्गा प्राप्तिको कारबाही चलाएको वा प्रक्रिया टुंगो लागेका जग्गाको मुआब्जा वितरणमा तीव्रता दिने
- स्थलमार्गबाट आउने भारतीय पर्यटकलाई थप सहजीकरण गर्ने
- स्वास्थ्य बिमाको प्रिमियम बढाउने
- एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिने
- घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानुन जारी गर्ने
- सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्न बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्र भन्दा बढी हुन नदिने गरी कानुनी व्यवस्था गर्ने
- सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने
- बचत तथा ऋण सहकारी संस्थाहरूमा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमाको कानुनी व्यवस्था गर्ने
- तत्कालका लागि एकै व्यक्तिलाई एक वा एकभन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल सेयर पुँजीको १० प्रतिशतभन्दा बढी हुन नदिने
- १० करोडभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्ने।

बुढीगण्डकी जलाशयमा हजार मेगावाटको सोलार निर्माणको प्रस्ताव

बुढीगण्डकीको निर्माणमा फेरि अर्को खाका बनाइँदै, निजी क्षेत्रलाई पनि समावेश गराइने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

निर्माणको तयारीमा रहेको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् परियोजनाको जलाशयमा करिब एक हजार मेगावाटको 'फ्लोटिङ सोलार प्लान्ट' निर्माण गर्ने प्रस्ताव गरिएको छ। धादिङ र गोरखाको सीमा क्षेत्रमा बग्ने बुढीगण्डकी नदीमा दुई सय ६३ मिटर अग्लो कर्भेचरयुक्त आर्च बाँध बनाइँदै छ। त्यसो गर्दा अधिकतम ६३ वर्गकिलोमिटर क्षेत्रको जलाशय बन्नेछ। सोही जलाशयमा एक हजार मेगावाटको फ्लोटिङ (तालमा तैरिने) सोलार प्लान्ट राख्ने प्रस्ताव प्रवर्द्धक कम्पनी बुढीगण्डकी जलविद्युत् कम्पनीले गरेको छ।

जलाशयमा पानीको न्यूनतम सतह भने ३९ वर्गकिलोमिटरसम्म हुनेछ। त्यसको २५ प्रतिशत अर्थात् ९.७५ वर्गकिलोमिटर जलाशयमा फ्लोटिङ सोलार राख्ने गरी कम्पनीले छलफल अघि बढाएको छ। कम्पनीले आफ्नै स्वामित्वमा अत्तिरिक्त परियोजनाका रूपमा यो अघि बढाउन लागेको हो। यद्यपि, यो बुढीगण्डकी जलविद्युत् परियोजनासँग अन्तरआबद्ध पनि हुनेछ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत चिरञ्जीवी चटौतले जलाशयमा फ्लोटिङ सोलार प्लान्ट बनाउने गरी छलफल भइरहेको बताए। 'यो संसारमा पनि नौलो अवधारणा हो। जापानलगायतका सीमित मुलुकमा फ्लोटिङ सोलार प्लान्ट निर्माण गरेको देखिन्छ। प्रारम्भिक अध्ययनमा बुढीगण्डकी जलाशयमा पनि फ्लोटिङ सोलार प्लान्ट राख्न सकिने देखिएको छ। माछापालन, बोटिङ र वातावरणलगायतलाई असर नपर्ने गरी फ्लोटिङ सोलार प्लान्ट बनाउने गरी छलफल अघि बढेको छ,' उनले भने। यस विषयमा सकारात्मक रूपमा छलफल अघि बढेको उनको भनाइ छ। यो सफल भएमा विद्युत्गृहबाट १२ सय मेगावाट र फ्लोटिङ सोलारबाट एक हजार गरी करिब २२ सय मेगावाट विद्युत् उत्पादन गर्न सकिनेछ।

कम्पनीका पूर्वप्रमुख कार्यकारी अधिकृतसमेत रहेका आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले पनि ऊर्जा सुरक्षाका लागि यो अवधारणा ठिक रहेको बताए।

बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत चिरञ्जीवी चटौत भन्छन्-

जलाशयमा फ्लोटिङ सोलार प्लान्ट बनाउने गरी छलफल भइरहेको छ। यो संसारमा पनि नौलो अवधारणा हो। जापानलगायतका सीमित मुलुकमा फ्लोटिङ सोलार प्लान्ट निर्माण गरेको देखिन्छ। प्रारम्भिक अध्ययनमा बुढीगण्डकी जलाशयमा पनि फ्लोटिङ सोलार प्लान्ट राख्न सकिने देखिएको छ। माछापालन, बोटिङ र वातावरणलगायतलाई असर नपर्ने गरी फ्लोटिङ सोलार प्लान्ट बनाउने गरी छलफल अघि बढेको छ।

'यो बहुउद्देश्य आयोजना हो। यसबाट अधिकतम लाभ लिनुपर्छ। त्यसका लागि यो पनि उपयुक्त अवधारणा हो,' उनले भने। ९ मंसिरमा प्रधानमन्त्री केपी ओलीले राष्ट्रिय गौरवका आयोजनाबारे छलफल गर्दा भेटुवालले कम्पनीको तर्फबाट फ्लोटिङ सोलार निर्माणबारे पनि जानकारी गराएका थिए।

प्रारम्भिक अध्ययनका क्रममा फ्लोटिङ सोलार राख्दा प्रतिमेगावाट साढे पाँच करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। एक हजार मेगावाट क्षमतामा फ्लोटिङ सोलार राख्दा ५५ अर्ब खर्च लाग्ने देखिन्छ। यता बुढीगण्डकी जलविद्युत् परियोजनाको संशोधित लागत भने चार खर्ब १३ अर्ब रुपैयाँ छ। त्यसमा फ्लोटिङ सोलारसमेत समावेश गर्दा कुल लागत चार खर्ब ६८ अर्ब रुपैयाँ पुग्ने देखिन्छ।

ड्याम सरकारले निर्माण गर्ने, विद्युत् उत्पादन निजी क्षेत्रलाई

परियोजनामा लगानी जुटाउन प्रस्ताव गरिएको दुई खाका अर्थ मन्त्रालयमा विचाराधीन रहेका वेला कम्पनीले फेरि अर्को खाका बनाइरहेको छ। परियोजनाको ड्याम र विद्युत् उत्पादन फरक-फरक कम्पनीबाट निर्माण गर्ने गरी नयाँ खाका बनाउन लागिएको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत चिरञ्जीवी चटौतले पनि यसबारे छलफल भइरहेको छोटो प्रतिक्रिया दिए।

यो परियोजना स्वदेशी लगानीमै निर्माण गर्ने गरी सरकारी स्वामित्वको बुढीगण्डकी जलविद्युत् कम्पनी भदौ ०७९ मै स्थापना भइसकेको छ। कम्पनीले यसअघि परियोजनामा लगानी जुटाउन दुई विकल्प अर्थ मन्त्रालयमा पेस गरेको छ। कम्पनीले पहिलो विकल्प पेस गरेको खाकामा एक खर्ब रुपैयाँको स्वपुँजीमा परियोजना बनाउने प्रस्ताव गरेको छ। त्यसमा सरकारको ५१ अर्ब, प्राधिकरणको २० अर्ब, सरकारी तथा सार्वजनिक निकायको नौ अर्ब, सर्वसाधारणको १० अर्ब र आयोजना प्रभावितको १० अर्ब सेयर लगानी हुने प्रस्ताव छ। यस मोडेलमा परियोजना बनाउँदा निर्माण अवधिको ब्याजसहित तीन खर्ब ९८ अर्ब दुई करोड लगानी चाहिनेछ। त्यसमा बाँकी दुई खर्ब ९८ अर्ब दुई करोड भने ऋणमार्फत जुटाउने प्रस्ताव गरिएको छ। त्यसमा सरकारले दुई खर्ब ६ करोड रुपैयाँबराबरको सहुलियत ऋण १ प्रतिशत ब्याजमा उपलब्ध गराउने प्रस्ताव गरिएको छ। बाँकी ९७ अर्ब ९७ करोड रुपैयाँ भने व्यावसायिक ऋण परिचालन गर्ने प्रस्ताव छ।

दोस्रो विकल्प परियोजनामा सरकारले ७३ अर्ब २० करोड रुपैयाँ न्यून सम्भाव्यता कोष (भिजिएफ) दिने प्रस्ताव छ। यस खाकामा परियोजना बनाउँदा लागत तीन खर्ब ८३ अर्ब ६७ करोडमा सीमित हुनेछ। यस मोडेलमा कम्पनीको पुँजी भने ९२ अर्ब २१ करोड हुनेछ। यसमा सरकारको ४७ अर्ब तीन करोड (५१ प्रतिशत), प्राधिकरणको १८ अर्ब ४४ करोड (२० प्रतिशत), अन्य सरकारी तथा सार्वजनिक निकायको आठ अर्ब ३० करोड (९ प्रतिशत), सर्वसाधारणको नौ अर्ब २२ करोड (१० प्रतिशत) र आयोजना प्रभावित बासिन्दाको नौ अर्ब २२ करोड (१० प्रतिशत) सेयर हुने प्रस्ताव गरिएको छ। यसमा सरकारले सहुलियत (१ प्रतिशत ब्याज)मा एक खर्ब ३९ अर्ब ९१ करोड कर्जा उपलब्ध गराउने प्रस्ताव गरिएको छ। ७८ अर्ब ३५ करोड रुपैयाँ भने व्यावसायिक कर्जा परिचालन गरिने प्रस्ताव छ। यो मोडेल विचाराधीन रहेका वेला कम्पनीले पुनः अर्को खाका तयार गर्न लागेको हो। त्यसमा जलाशय निर्माण गर्ने र विद्युत् उत्पादन गर्ने काम फरक-फरक कम्पनीबाट गराउने प्रस्ताव गरिँदै छ।सकिने स्रोतको भनाइ छ।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०९/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रिय कार्यालय : कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/१४ मा दर्ता नं. २१९९४९/०७६/०७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ बालाजु स्थित **म्हैपी अजिमा फुड्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सूर्य भक्त प्रधानाङ्गको बुहारी, केशब भक्त प्रधानाङ्गको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर गा.वि.स/म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **सुनिरा तिमिला (ना.प्र.प.नं. १८७४, भक्तपुर)**

२. इश्वर भक्त प्रधानाङ्गको नाति, सूर्य भक्त प्रधानाङ्गको छोरा, भक्तपुर जिल्ला, नगदेश गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **केशब भक्त प्रधानाङ्ग (ना.प्र.प.नं. २६५१/०४१, भक्तपुर)**

शाखा कार्यालय : जनकपुर, धनुषा

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०७/०४ मा दर्ता नं. २४५८६१/०७७/०७८ कायम भई दर्ता भएको धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ५ स्थित **आइसा फिस इण्डष्ट्रिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जोखन ठाकुर बरहीको नाति, कमल देव ठाकुरको छोरा, धनुषा जिल्ला, नक्टाझिज गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **श्याम सुन्दर ठाकुर (ना.प्र.प.नं.: ६४४०१८४२, धनुषा)**

२. कमल देव ठाकुरको बुहारी, श्याम सुन्दर ठाकुरको पत्नी, धनुषा जिल्ला, नक्टाझिज गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **ज्यन्ती देवी ठाकुर (ना.प्र.प.नं.: १७३१००/१२४७, धनुषा)**

३. जोखन ठाकुर बरहीको नाति, कमल देव ठाकुर बरहीको छोरा, धनुषा जिल्ला, नक्टाझिज गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **श्याम ठाकुर वरही (ना.प्र.प.नं.: ६४४०१७३०, धनुषा)**

४. कमल देव ठाकुर बरहीको बुहारी, श्याम ठाकुर वरहीको पत्नी, धनुषा जिल्ला, नक्टाझिज गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सोहाग देवी (ना.प्र.प.नं.: ६४४०७०६४, धनुषा)**

५. कमल देव ठाकुरको नाति, श्याम सुन्दर ठाकुरको छोरा, धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **आशिष कुमार ठाकुर (ना.प्र.प.नं.: १७-०१-७८-११८७०, धनुषा)**

६. कमल देव ठाकुरको नाति, श्याम ठाकुर बरहीको छोरा, धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अभय कुमार ठाकुर (ना.प्र.प.नं.: १७-०१-७४-००५७५, धनुषा)**

२. ऋणीको विवरण

सिताराम साहको नाति, अमरनाथ प्र. गुप्ताको छोरा, धनुषा जिल्ला, दिगम्वरपुर गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अभिनय प्रसाद गुप्ता (ना.प्र.प.नं. १७३०९२/१२५, धनुषा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

अमरनाथ प्र. गुप्ताको बुहारी, अभिनय प्रसाद गुप्ताको पत्नी, धनुषा जिल्ला, झटियाही गा.वि.स./न.पा. वडा नं. ०८, स्थित स्थायी ठेगाना भएको **मनिका कुमारी साह (ना.प्र.प.नं.: ४०७९८३०२, धनुषा)**

नाफिज सदस्यहरूको साढे १६ करोडको दुर्घटना बिमा

काठमाडौं/ नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का सदस्यहरूको साढे १६ करोड रुपैयाँबराबरको 'सामूहिक दुर्घटना बिमा' भएको छ। नाफिजले आफ्ना सल्लाहकार र सदस्य गरेर २३५ जनाको जनही सात लाखका दरले सामूहिक दुर्घटना बिमा गराएको हो।

बुधबार दुईवटा निर्जीवन सगरमाथा लुम्बिनी इन्स्योरेन्स (सलिको), सिद्धार्थ प्रिमियर इन्स्यारेन्समा बिमा र नाफिजबिच बिमासम्बन्धी सम्झौता भएको छ। कुल बिमांक रकम १६ करोड ४५ लाख रहेको सम्झौतामा सलिकोका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चंकी क्षेत्री, सिद्धार्थ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) वीरेन्द्रबहादुर वैदावर र नाफिजका अध्यक्ष मेनुका कार्कीले हस्ताक्षर गरेका छन्।

नाफिजका अध्यक्ष मेनुका कार्कीले हरेक दिन 'फिल्ड'मा खटिनुपर्ने पत्रकार विभिन्न खालका दुर्घटनाको जोखिममा हुने भएकाले त्यस्तो जोखिम बहन गर्न आफ्ना सदस्यहरूको बिमा गराइएको बताइन्। 'नाफिजले आफ्ना सदस्यहरू कुनै दुर्घटनामा परिहालेमा त्यसको बहन गर्न दुईवटा निर्जीवन बिमा कम्पनीसँगको सहकार्यमा प्रतिसदस्य सात लाखका दरले सबै सदस्यहरूको बिमा गराएको हो', उनले भनिन्

बिमासम्बन्धी सम्झौतापत्र आदानप्रदान कार्यक्रममा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत क्षेत्रीले दुर्घटना बिमाले पत्रकारको सुरक्षामा सहयोग पुग्ने र विश्वसनीय सूचना प्रवाहमा थप योगदान पुग्ने विश्वास व्यक्त गरे। यस्तै, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका सिइओ वैदावरले नाफिजले आफ्ना सदस्य पत्रकारहरूको बिमा गराएर पत्रकारहरूलाई फिल्डमा खटिन थप प्रोत्साहन गरेको बताए।

अब विद्युत् नियमन आयोगको सेवा कागजरहित

काठमाडौं/ अब ऊर्जा क्षेत्रका कम्पनीले विद्युत् नियमन आयोगको सेवा अनलाइनबाटै पाउने भएका छन्। आयोगले बुधबारबाट अनलाइन डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (डिएमएस) लागू गरेसँगै कम्पनीहरूले सार्वजनिक सेयर निष्कासन, सेयर संरचना परिवर्तन, विद्युत् खरिद बिक्री सम्झौताको सहमति र संशोधनलगायतका सेवा अनलाइनबाट पाउने भएका हुन्। कम्पनीहरू यसअघि यस्ता कामका लागि आयोग कार्यालयमै पुग्नुपर्ने बाध्यता थियो। आयोगबाट हुने कामकारबाही तथा सेवालाई छिटो-छरितो, विश्वसनीय, प्रविधिमैत्री बनाउन उक्त प्रणाली सञ्चालनमा ल्याएको आयोगका अध्यक्ष रामप्रसाद धिताललेे बताए।

बुधबारबाट अनलाइन डकुमेन्ट म्यानेजमेन्ट सिस्टमको शुभारम्भ

'यसअघि कम्पनीहरूलाई कागजपत्र बोकेर आयोगको कार्यालयमा आउनुपर्ने बाध्यता थियो। त्यसमा पनि कोठा-कोठामा जानुपर्ने झन्झट थियो,' उनले भने, 'तर, अब त्यसको अन्त्य भएको छ। बुधबार यसको शुभारम्भ गरे पनि कम्पनीले बिहीबारदेखि यो सुविधा पाउनेछन्। साथै, अनलाइनबाटै फाइल कहाँ पुग्यो ? कुन अवस्थामा छ ? थप कागजपत्र पेस गर्नुपर्छ कि पर्दैन ? कति दिनमा स्वीकृत हुन्छ ? भन्ने लगायतका विषयमा जानकारी पाउनेछन्।'

आयोगले बुधबार एक कार्यक्रम गर्दै यो सेवाको शुभारम्भ गरेको हो। कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले यो प्रणालीले आयोगबाट प्रवाह हुने सेवालाई छिटोछरितो हुने बताए। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले पनि यो सुविधा स्वागतयोग्य भएको बताए।

आयोगको पाँचवर्षे मार्गचित्रमा पनि सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई गुणस्तरीय, जिम्मेवार तथा जवाफदेही बनाउने बताएको थियो। साथै, अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास अवलम्बन गर्दै जाने पनि भनेको थियो। सोहीअनुसार सेवालाई कागजरहित बनाउने गरी यो प्रणाली लागू गरेको अध्यक्ष धिताललेे बताए। यो सेवा आयोगको आधिकारिक वेबसाइटमै हुनेछ। भविष्यमा आयोगबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा कामकारबाहीलाई पूर्ण रूपले डिजिटलाइज्ड गरिने उनको भनाइ छ।

सुदूरपश्चिममा सडकको गुरुयोजना : १५ वर्षमा पाँच हजार किलोमिटर कालोपत्रे गरिने

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारले डेढ दशकभित्र पाँच हजार किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्यसहित सडकको गुरुयोजना तयार गरेको छ। प्रदेश सरकारअन्तर्गत यातायात पूर्वाधार निर्देशनालयले तयार पारेको गुरुयोजनामा नौवटै जिल्लाका एक सय ६६ सडक समावेश गरिएको छ।

कुल पाँच हजार किलोमिटर लम्बाइका यी सडक कालोपत्रे गर्न करिब डेढ खर्ब लाग्ने निर्देशनालयको अनुमान छ। बढीमा १५ वर्षभित्र गुरुयोजनाअनुसार सडक निर्माण कार्य पूरा गरिने यातायात पूर्वाधार निर्देशनालयका प्रमुख जगतप्रसाद जोशीले बताए। 'स्रोत जुटाउन सके १० वर्षभित्रै पाँच हजार किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य हो, समस्या भए बढीमा १५ वर्ष लाग्ला,' जोशीले भने, 'गुरुयोजनालाई अन्तिम रूप दिएर राजपत्रमा प्रकाशित गर्ने तयारी छ।' हरेक पालिका केन्द्रसम्म कालोपत्रे सडक पुऱ्याउने र ग्रामीण क्षेत्रलाई सडक सञ्जालसँग जोड्ने लक्ष्य गुरुयोजनाको छ। जिल्ला सदरमुकामदेखि पालिका केन्द्र जोड्ने, राजमार्गदेखि पालिका जोड्ने र दुई वा दुईभन्दा बढी जिल्ला जोड्ने आधारमा सडक योजनाहरू छनोट गरिएको निर्देशनालयले जनाएको छ। त्यस्तै, उत्तर-दक्षिण र पूर्व-पश्चिम जोड्ने, पर्यटकीय केन्द्र तथा आर्थिक केन्द्र जोड्ने सडकलाई गुरुयोजनामा समावेश गरिएको निर्देशनालयका प्रमुख जोशीले जानकारी दिए।

प्रदेश सरकारले निर्माण गरिरहेको दैजी-जोगबुडा सडक

तराइका दुई जिल्ला कैलालीमा पाँच सय ५६ किलोमिटर लम्बाइका २३ वटा सडक र कञ्चनपुरमा दुई सय ७९ किलोमिटर लम्बाइका १४ वटा सडकलाई गुरुयोजनामा समावेश गरिएका छन्। त्यस्तै, अछाममा सात सय ७२ किलोमिटर लम्बाइका १९ वटा, बैतडीमा सात सय १२ किलोमिटरका २६ वटा र डोटीमा ६ सय १७ किलोमिटर लम्बाइका १५ वटा सडक कालोपत्रे गरिनेछन्। सुदूरपश्चिमको विकट हिमाली जिल्ला बाजुरामा २० वटा र दार्चुलामा १७ वटा सडकलाई गुरुयोजनामा समावेश गरिएको छ, जसको लम्बाइ क्रमशः चार सय ८९ किलोमिटर र चार सय ४२ किलोमिटर रहेको छ। बझाङमा ६ सय ४८ किलोमिटर लम्बाइका १९ वटा सडक, डडेलधुरामा १३ वटा योजनाअन्तर्गत चार सय ७९ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य छ। यीमध्ये अधिकांश ट्याक खोलिएका छन्। सडकहरूलाई प्रदेश लोकमार्ग र सहायक लोकमार्ग भनेरसमेत वर्गीकरण गरिएको छ।

यातायात पूर्वाधार निर्देशनालयका अनुसार प्रदेशका ८८ वटा पालिकामध्ये तीनवटा पालिकाको केन्द्रसम्म सडक नै पुगेको छैन। त्यस्तै, ३२ वटा पालिकाको केन्द्रलाई कालोपत्रे सडकले छोएको छैन। करिब सात वर्षको अवधिमा प्रदेश सरकारले पाँच सय २५ किलोमिटर सडक मात्र कालोपत्रे गर्न सकेको छ। सरकारले हालसम्म करिब एक सय, दुई सय किलोमिटर सडक ग्राभेल गरेको र करिब दुई हजार किलोमिटर ट्याक खोलेको पूर्वाधार निर्देशनालयका प्रमुख जोशीले जानकारी दिए। सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पालले आगामी वर्षदेखि सडक गुरुयोजनामा समावेश भएका सडकमा मात्र बजेट विनियोजन गरिने बताए।

लक्ष्मी सन्राइज बैंकको ५ प्रतिशत बोनस सेयर पारित

काठमाडौं/ लक्ष्मी सन्राइजको बैंकको साधारणसभाबाट लाभांश पारित भएको छ। बैंकको बुधबार बसेको २४औं वार्षिक साधारणसभाले चुक्ता पुँजीको ५ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ। पारित बोनस सेयरसँगै बैंकको चुक्ता पुँजी २४ अर्ब ३४ करोड रुपैयाँ पुगेको छ।

साधारणसभाले आर्थिक वर्ष ०८०/८१ का लागि सञ्चालक समितिको प्रतिवेदन तथा सोही आर्थिक वर्षको बैंकको वित्तीय विवरणउपर छलफल गरी स्वीकृत गरेको छ। साथै, आर्थिक वर्ष ०८१/८२ का लागि लेखापरीक्षकको नियुक्तिसमेत गरेको छ।

आव ०८०/८१ मा ३ खर्ब ३३ अर्ब निक्षेप र २ खर्ब ५८ अर्ब कर्जा पुऱ्याएको यस बैंकको वासलातको आकार ३ तीन खर्ब ९५ अर्ब रहेको छ। सो आवमा बैंकले २ अर्ब ९२ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ।

साना किसानको लाभांश पारित

काठमाडौं/ साना किसान विकास लघुवित्त वित्तीय संस्थाको वार्षिक साधारणसभा सम्पन्न भएको छ। बुधबार बसेको साधारणसभाले गत आवको नाफाबाट सेयरधनीलाई १३.३० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.७० प्रतिशत नगद गरी कुल १४ प्रतिशत लाभांश पारित गरेको हो। साथै, सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन, चालू आवका लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारणका विषय पनि टुंग्याएको छ।

लघुवित्तका अनुसार अघिल्लो आव ०७९/८० मा ७७ करोड ३५ लाख खुद मुनाफा रहेकोमा आव ०८०/८१ मा १९.१८ प्रतिशतले वृद्धि भई नाफा ९२ करोड १९ लाख पुगेको छ। आव ०७९/८० मा कुल सञ्चालन आम्दानी रु. १ अर्ब ६६ करोड ९५ लाख रहेकोमा आव ०८०/८१ मा ३१ प्रतिशतले वृद्धि भई रु.२ अर्ब १९ करोड ४१ लाख पुगेको छ।

त्यस्तै, चालू आवमा संस्थाको जारी र चुक्तापुँजी ३ अर्ब ८० करोड ६३ लाख ७३ हजार रहेको बताइएको छ।

विराटनगर र बुढानीलकण्ठमा कुमारी बैंकको उद्यमशीलता प्रशिक्षण

काठमाडौं/ कुमारी बैंकले महिला तथा युवा उद्यमशीलता प्रशिक्षण कार्यक्रम गरेको छ। बैंकले युएसएआइडीसँगको साझेदारीमा विराटनगर शाखाको समन्वयमा उक्त प्रशिक्षण कार्यक्रम गरेको हो।

त्यस्तै, हात्तीगौंडा शाखामार्फत पनि बुढानीलकण्ठ नगरपालिका वडा नम्बर ४ को समन्वयमा बुढानीलकण्ठमा महिला तथा युवा उद्यमशीलता प्रशिक्षण कार्यक्रम गरेको थियो। कार्यक्रममा दुई सयभन्दा बढी महिला तथा युवा उद्यमीहरूको सहभागिता रहेको थियो। बैंकले उद्यमशीलता विकास एवं प्रवर्द्धन गर्न 'देशैभरि वर्षैभरि' उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको छ। बुढानीकण्ठमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र बुढानीलकण्ठ नगरपालिका वडा नम्बर ४ का अध्यक्ष श्रीराम केसीको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा बुढानीलकण्ठ नगरपालिका वडा नम्बर ४ मा स्थायी बसोवास गर्दै आएका उद्यमी महिला तथा युवाका लागि एकदिने उद्यमशीलता प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएका थियो।

बैंकले सहजै बुझ्न सकिने गरी वित्तीय उद्यमी प्रशिक्षण, वित्तीय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारका अभिनयसहितका सन्देशमूलक भिडियो, सचेतनामूलक सन्देश विकास गरी नियमित रूपमा प्रकाशन तथा प्रसारणसमेत गरिरहेको छ। उद्यमी प्रशिक्षणबाट हरेक स्थानीय निकायमा रहेका उद्यमी सोचको प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउँदै आर्थिक रूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

चमेना गृह संचालन सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/२५)

यस क्यापिटलको मूख्य कार्यालय, लाजिम्पाट काठमाडौंको परिसरमा रहेको चमेना गृह संचालन गर्न ईच्छुक ईजाजत प्राप्त फर्म तथा कम्पनीबाट देहायको शर्त सुविधाको अधिनमा रही आफूले उपलब्ध गराउन सक्ने दररेट सहित रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात)औं दिन भित्र वा सो भन्दा अघिनै कार्यालय समय भित्र क्यापिटलको प्रशासन विभागमा दरभाउपत्र दर्ता गराउनु पर्नेछ। दरभाउपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरभाउपत्र दर्ता गराउनु पर्नेछ।
२ दरभाउपत्र साथ फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, प्यान दर्ताको प्रमाणपत्र र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (आफैले प्रमाणित गरि पेश गर्नुपर्नेछ)।
४ चमेना गृह संचालनको लागि कम्तिमा पनि २ दुई वर्ष कुनै पनि संघ संस्थामा चमेना गृह संचालन गरेको प्रमाण पेश गर्नुपर्ने छ।
५ चमेना गृह संचालन गर्ने दरभाउपत्र स्वीकृत भएका फर्म/कम्पनीलाई सेवा सम्झौताको लागि जानकारी दिईनेछ।
६ चमेना गृह संचालनको लागि स्थान, बत्ती, पानी, टेवल तथा कुर्सी यस क्यापिटल द्वारा नै व्यवस्था गराईनेछ र सो वापत कुनै किसिमको शुल्क लिईने छैन।

एनआइएमबि एस क्यापिटल लिमिटेडमा कुनै कारण बिना प्रस्ताव(हरू) स्वीकार वा अस्वीकार गर्ने अधिकार रहनेछ।

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

जानकारीका लागि सम्पर्क :
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.बनं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४५२५२८०, फ्याक्स: ४००५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०९/२५)

यस बैंक (साविक लक्ष्मी बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको **विप्रेषण/विभिन्न शिर्षकमा आधारित कर्जाको** बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जा असुल उपर गरिलिने लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

बैंकको शाखा	क्र.स.	विवरण	नाम	ना.प्र.प.नं.	बाबु/पति	बाजे/ससुरा	ठेगाना
हाँडीगाउँ, काठमाडौं	१	ऋणी	सोनिया लामा	३०१०३७/१६२०४५	भरत बहादुर लामा/ राजेन्द्र तामाङ	रत्न बहादुर लामा/ सुर्य बहादुर तामाङ	धुलिखेल ०१, काभ्रे
		जमानतकर्ता*	राजेन्द्र तामाङ	३०१४९१७४	सुर्य बहादुर तामाङ	चक्र बहादुर तामाङ	धुलिखेल ०१, काभ्रे
तिनाउ, पाल्पा	१	ऋणी	देवे कामी	२१८०	जोवाने कामी	हिरा बहादुर कामी	पिपलधारा ०६ घुर्कोट गुल्मी हालः तानसेन ०१, भुसालडाँडा पाल्पा
		जमानतकर्ता*	कमल बि.क	४१-०१-७१-०२०६१	देवे कामी	जोवाने कामी	पिपलधारा ०६ घुर्कोट गुल्मी हालः तानसेन ०१, भुसालडाँडा पाल्पा
	२	ऋणी	बुद्धि सरा नेपाली	३९-०१-७८-००५३३	बाबुः राम बहादुर सार्की पतिः भविन बहादुर कुमाल	बल बहादुर सार्की	मथागढी ०३, पाल्पा हाल बगनासकाली ०२, पाल्पा
		जमानतकर्ता*	भविन बहादुर कुमाल	३०१०३६/१०२	यज्ञ बहादुर कुमाल	विर बहादुर कुमाल	पोखराथोक ०४, पाल्पा हाल बगनासकाली ०२, पाल्पा
पर्सा	१	ऋणी	विष्णु माया परियार	३५३०१६/८८	बुद्धि राज परियार	समसेर बहादुर परियार	जुटपानी ४, हाल कालिका ७, चितवन
		जमानतकर्ता*	सुजित परियार	३५१०१६/२०३९	बुद्धि राज परियार	समसेर बहादुर परियार	जुटपानी ४, हाल कालिका ७, चितवन
रामपुर, पाल्पा	१	ऋणी	विष्णु सुनार	३९-०२-७५-०१२८२	टेक बहादुर सुनार/नविन सुनार	यम बहादुर सुनार	रामपुर ०७ पाल्पा
		जमानतकर्ता*	नविन सुनार	३९-०१-७०-०५८९९	यम बहादुर सुनार	विष्णु बहादुर सुनार	रामपुर ०७ पाल्पा
लमही, दाङ	१	ऋणी	बासदेव यादव	५३९९/२१४१	राजाराम अहिर	रामफल अहिर	गढवा २ हाल गढवा नं. ६ दाङ
		जमानतकर्ता*	मंगल प्रसाद यादव	१३४१/७५०	हरिराम अहिर	रामसेवक अहिर	बेला ५ हाल राजपुर २ दाङ
			सूर्यलाल भर	५२३००५/८८४	गिरधारी भर	गुलाम भर	बेला ५, हाल राजपुर ३ दाङ
			मिरा यादव	२०२८	फेरई अहिर	गुरु प्रसाद अहिर	गढवा ३ हाल गढवा ६ दाङ
			सुनिता यादव	५२२००३/७८०	दरवारी अहिर	ठाकुर प्रसाद यादव	गढवा ३ हालः गढवा ६ दाङ
सानेपा, ललितपुर	१	ऋणी	फुर्ति मान गुरुङ	२४५/१५५९	गणेश बहादुर गुरुङ	छवि लाल गुरुङ	अंधेरी ४ ओखलढुङ्गा, हाल का.म.न.पा. ४ काठमाडौं।
		जमानतकर्ता*	अश्मिता गुरुङ	१३-०१-७५-००५४५	फुर्ति मान गुरुङ	गणेश बहादुर गुरुङ	सिद्धिचरण, ३ ओखलढुङ्गा, हाल का.म.न.पा. ४ काठमाडौं।
चनौली, चितवन	१	ऋणी	सुरज अस्लामी	०३९३४३	मीन बहादुर अस्लामी	पदम बहादुर अस्लामी	पार्वतीपुर ९, हाल भरतपुर २१, चितवन
		सामुहिक जमानतकर्ताहरु*	गृष्टीना कुमारी घर्ती मगर अस्लामी	३५१०३४/३४१	खडग् बहादुर घर्ती मगर/ सुरज अस्लामी	मीन बहादुर अस्लामी	पार्वतीपुर ९, हाल भरतपुर २१, चितवन
			दुर्गामाया राज भण्डारी	१९३४	फन नारायण श्रेष्ठ/शंकर राज भण्डारी	कृष्ण मान राज भण्डारी	शुक्रनगर १, हाल भरतपुर २१, चितवन
			कृष्ण बहादुर रानाभाट क्षेत्री	३१४२०	भक्त बहादुर रानाभाट क्षेत्री	हर्क बहादुर रानाभाट क्षेत्री	भोर्लेटार १, लमजुङ्ग हाल भरतपुर २५, चितवन
	२	ऋणी	नुमा लामीछाने (ओझा)	२०८५/०४४	लेखनाथ ओझा/ टेकनाथ लामीछाने	रत्नलाल लामीछाने	पार्वतीपुर ८, हाल भरतपुर २१, चितवन
		सामुहिक जमानतकर्ताहरु*	टेकनाथ लामीछाने	१५/०३४/३५	रत्नलाल लामीछाने	जयपती लामीछाने	पार्वतीपुर ८, हाल भरतपुर २१, चितवन
			झलक प्रसाद वास्तोला	३४३००५/४९१	नेत्रपाणी वास्तोला	डण्डापाणी वास्तोला	बागबानी ९, पर्सा हाल भरतपुर २१, चितवन
			अनुप सापकोटा	३५१०३४/३९७	चन्द्रकान्त सापकोटाका	विष्णु दत्त सापकोटा	पार्वतीपुर ४, हाल भरतपुर २१, चितवन
	३	ऋणी	जुन माया गुरुङ्ग	३५-०१-०७१-००५५९	सोम बहादुर गुरुङ्ग / नर बहादुर गुरुङ्ग	मंगल बहादुर गुरुङ्ग	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
		सामुहिक जमानतकर्ताहरु*	जानुका देबी पंथ	७३१	बलराम थापा /कृष्ण बहादुर पंथ	तीलक बहादुर पंथ	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			तीर्थ माया गुरुङ्ग	१६१७/०४४	पदम बहादुर गुरुङ्ग (बाबु)	बुद्धि गुरुङ्ग (बाजे)	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			परीमाया गुरुङ्ग	३५३०२६/६०३	धनजीत गुरुङ्ग/टेक प्रसाद गुरुङ्ग	मन बहादुर गुरुङ्ग	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			विमा गुरुङ्ग	३५१०२६/२०५०	दील बहादुर गुरुङ्ग / नर बहादुर गुरुङ्ग	देउ बहादुर गुरुङ्ग	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
	४	ऋणी	विमा गुरुङ्ग	३५१०२६/२०५०	दील बहादुर गुरुङ्ग / नर बहादुर गुरुङ्ग	देउ बहादुर गुरुङ्ग	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
		सामुहिक जमानतकर्ताहरु*	जानुका देबी पंथ	७३१	बलराम थापा /कृष्ण बहादुर पंथ	तीलक बहादुर पंथ	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			तीर्थ माया गुरुङ्ग	१६१७/०४४	पदम बहादुर गुरुङ्ग (बाबु)	बुद्धि गुरुङ्ग (बाजे)	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			जुन माया गुरुङ्ग	३५-०१-०७१-००५५९	सोम बहादुर गुरुङ्ग / नर बहादुर गुरुङ्ग	मंगल बहादुर गुरुङ्ग	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			परीमाया गुरुङ्ग	३५३०२६/६०३	धनजीत गुरुङ्ग / टेक प्रसाद गुरुङ्ग	मन बहादुर गुरुङ्ग	मंगलपुर हाल भरतपुर १६, चितवन
चनौली, चितवन	५	ऋणी	आकास पाण्डे	१४२५४३	बिर बहादुर पाण्डे	नन्दलाल पाण्डे	श्रीनाथकोट ५, गोरखा हाल भरतपुर २१, चितवन
		सामुहिक जमानतकर्ताहरु*	सरोज थापा	३५१०३४/५९	ज्ञान बहादुर थापा	शेर बहादुर थापा	पार्वतीपुर ९, हाल भरतपुर २१, चितवन
			कौसीला बि.क.	०३९००७	जय बहादुर सुनार/पुर्ण बहादुर बि.क.	तुल बहादुर बि.क	शुक्रनगर ९, हाल भरतपुर २१, चितवन
			कोपीला पाण्डे वस्ती	४४-०१-७२-००२५४	लखन बहादुर वस्ती /आकास पाण्डे	बीर बहादुर पाण्डे	श्रीनाथकोट ५, गोरखा हाल भरतपुर २१, चितवन
	६	ऋणी	आईत कुमारी सार्की	३६१०	वाने सार्की/मंगल बहादुर सार्की	सुक बहादुर सार्की	नरायणी ७, हाल भरतपुर २१, चितवन
		सामुहिक जमानतकर्ताहरु*	नर बहादुर आले	५६६	लाल बहादुर आले	खड्क बहादुर आले	आरुपोखरी १, गोरखा हाल भरतपुर २१, चितवन
			फणीन्द्र पौडेल	१००९	कमल कान्त पौडेल	पदमपाणी पौडेल	पार्वतीपुर ५, हाल भरतपुर २१, चितवन
			प्रकाश चन्द्र पौडेल	१०१	शशीधर पौडेल	तुलसी प्रसाद पौडेल	पार्वतीपुर ५, हाल भरतपुर २१, चितवन
			जीत बहादुर अधिकारी	७५९६३	अम्मर बहादुर अधिकारी	गणेश बहादुर अधिकारी	भरतपुर म.न.पा. २१, चितवन
	७	ऋणी	कल्पना अधिकारी	२३२८/०४४	सुरेन्द्र प्रसाद पौडेल/ विष्णु प्रसाद अधिकारी	रुद्रनाथ पौडेल	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
		सामुहिक जमानीकर्ताहरु *	राजेन्द्र पौडेल	१५१९/०३४/३५	सुरेन्द्र प्रसाद पौडेल	रुद्रनाथ पौडेल	मंगलपुर ४, हाल भरतपुर १६, चितवन
			बलराम प्याकुरेल	५०८९	क्षेत्र बहादुर प्याकुरेल	देवी बहादुर प्याकुरेल	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			भुपेन्द्र पौडेल	१५१७/०३५	सुरेन्द्र प्रसाद पौडेल	रुद्रनाथ पौडेल	मंगलपुर ४, हाल भरतपुर १६, चितवन
			अम्बिका नेपाली	३५-०१-७६-०६००७	कृष्ण बहादुर सार्की/ हरी कृष्ण नेपाली	सुक बहादुर नेपाली	भरतपुर १६, चितवन
	८	ऋणी	मोहन बहादुर बस्नेत	५९९५	उदय बहादुर बस्नेत	देवी बहादुर बस्नेत	मंगलपुर ४, हाल भरतपुर १६, चितवन
		सामुहिक जमानतकर्ताहरु*	बिज्ञान अधिकारी	३५०८३	यम बहादुर अधिकारी	सुरत बहादुर अधिकारी	मंगलपुर ५, हाल भरतपुर १६, चितवन
			नगेन्द्र प्रसाद पुडासैनी	२३३५०	तुलसी प्रसाद पुडासैनी	इक प्रसाद पुडासैनी	नामटार ४ हाल भरतपुर १६, चितवन
			फुल माया श्रेस्ठ	३५३०२६/७४५	शान्त कुमार श्रेस्ठ	गोकुल श्रेस्ठ	मंगलपुर ६, हाल भरतपुर १६, चितवन
			श्याम बहादुर गिरी	११२	धन राज गिरी	मन मान गिरी	मंगलपुर ६, हाल भरतपुर १६, चितवन
पुरानो बानेश्वर काठमाडों	१	ऋणी	अमृत बहादुर मग्राती	२०२०१०३७/१२८	भैरव बहादुर मग्राती	कविर मग्राती	लाम्पानटार. वडा नं. ०४, सिन्धुली
विरगंज	१	ऋणी	लक्ष्मी अधिकारी	२४७६००६७	विष्णु प्रसाद न्यौपाने	हरि प्रसाद न्यौपाने	गाढी ९, पर्सा हाल जितपुर सिमारा २, बारा
रजहर, नवलपरासी	१	ऋणी	कृष्ण प्रसाद तिमिल्सिना	२३०५०	ऋषिराम प्रसाद तिमिल्सिना	लक्ष्मी प्रसाद तिमिल्सिना	रजहर ५, हाल देवचुली १७, नवलपरासी
		सामुहिक जमानतकर्ताहरु*	सरस्वती अधिकारी	३६"२"०१४/३५५	डिल्ली प्रसाद अधिकारी/ कृष्ण प्रसाद चालिसे	टिकाराम अधिकारी	देवचुली १७, गौरीपुर नवलपरासी
			बासुदेव गैरे	१७८५१	फान प्रसाद गैरे	हरिलाल गैरे	देवचुली १७, छिपेनी नवलपरासी
			शान्त कुमार बाग्ले	३६/२६५१	टंक प्रसाद वाग्ले	कृष्ण नन्द वाग्ले	देवचुली १७, बसन्तपुर नवलपरासी
			टिकाराम खरेल	३१५८/८८१	लालु खरेल	मनिराम खरेल	देवचुली १७, बसन्तपुर नवलपरासी
चिमडी, सुनसरी	१	ऋणी	सहानी देवी सरदार बाँतर	१४३६९/५५३ मोरङ्ग	सुवालाल सरदार बाँतर /किनाई सरदार बाँतर	लालजी सरदार	थलाहा ०४, हाल कटहरी ०७, मोरङ्ग
		जमानतकर्ता*	मनोज कुमार सरदार	६६७४०, मोरङ्ग	किनाई लाल सरदार	लालजी सरदार	थलाहा ०४, हाल कटहरी ०७, मोरङ्ग
	२	ऋणी	लक्ष्मी सिंह	४/०६३०२८ सुनसरी	अयोधी सिंह	राजचन्द्र सिंह	साहेवगंज ०९, हाल देवानगंज ५, सुनसरी
		जमानतकर्ता*	रेखा देवी मेहता	०६१०२८/१२५६६७ सुनसरी	जगदिस मेहता/लक्ष्मी सिंह	अयोधी सिंह	साहेवगंज ०९, हाल देवानगंज ५, सुनसरी
	३	ऋणी	भडाङ्ग हस्दा सतार	०५१००७/२० मोरङ्ग	बडकु हस्दा सरदार	सोमाई हस्दा सरदार	कदमाहा ०१, हाल धनपालथान ६, मोरङ्ग
		जमानतकर्ता*	सोना हास्दा	०५१००७/२८८ मोरङ्ग	रामा मुर्मु सतार/ भडाङ्ग हस्दा सतार	बडकु हस्दा सरदार	कदमाहा ०१, हाल धनपालथान गा.पा ६, मोरङ्ग
बुटवल, रुपन्देही	१	ऋणी	दुर्गादेवी वि.क	५५९५९	कृष्ण बहादुर सुनार /दुर्गा बहादुर वि.क	दुर्गा बहादुर सुनार	राम्जा देउराली १, पर्वत हाल कञ्चन १, रुपन्देही
		सामुहिक जमानतकर्ताहरु*	सम्झना थापा	३७२०३८/७२८१९	जीवन बहादुर थापा	नर बहादुर थापा	गजेडी १, हाल कन्चन १, रुपन्देही
			देवी सुनार	३७२०३८/७८७१७	उमे कामी/चन्द्र बहादुर सुनार	रबे कामी	गजेडी १, हाल कञ्चन १, रुपन्देही
			नन्दकला पौडेल	३७२५	लीलामणी पौडेल	पुर्णराम पौडेल	गजेडी १, हाल कन्चन १, रुपन्देही
			गंगा कुमारी दमाई	३७-०२-७१-१५४८९	श्याम बहादुर दर्जि	शेर बहादुर दर्जि	गजेडी १, हाल कन्चन १, रुपन्देही

* तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ जय ट्रफी

१४ खेलपछि ओपनर कुशल भुर्तेलको अर्धशतक

वीरगन्जमा तिवारी यादव

नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर कुशल भुर्तेलले १४ खेलपछि अर्धशतक बनाएका छन् । वीरगन्जमा चलिरहेको जय ट्रफी दुईदिवसीय पुरुष इलिट कपमा नेपाल पुलिसबाट खेलिरहेका कुशलले मधेश प्रदेशविरुद्ध ६३ रन बनाएका हुन् । यसअघि लगातार १३ खेलमा ओपनर कुशल चल्न सकेका थिएनन् । लगातार खराब प्रदर्शनपछि उनको चर्को आलोचना पनि भयो ।

२० लाख पारिश्रमिकसहित फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सको मार्की हुँदा पनि उनी चल्न सकेनन् । जसको घाटा टिमलाई भएको थियो । पछिल्लो समय कुशललाई राष्ट्रिय टोलीबाटै हटाउनुपर्ने भन्दै आलोचना भएको थियो । कुशलले पछिल्लोपटक अमेरिकाविरुद्ध १९ अक्टोबर २०२४ मा अविजित ९२ रन बनाएका थिए । त्यसपछि कुनै पनि खेलमा अर्धशतक बनाएनन् । यसबिचमा उनले एक टी-२० आई, चार एकदिवसीय, नेपाल प्रिमियर लिगमा सात खेल र जय ट्रफीमै दुई इनिङ्स खेलेका छन् । जय ट्रफीमा एक र एनपिएलमा दुईपटक डकआउट भए ।

बुधबार वीरगन्जको नारायणी रंगशालामा ओपनर कुशलले खुलेरै खेले । ६८ बलमा दश चौकासहित ६३ रन बनाए । सात चौकासहित ५६ रनमा अर्धशतक बनाए । कुशलले दिलीप नाथसँग पहिलो विकेटको लागि ९६ रनको साझेदारी गरेका थिए । दुई खेलाडीको उत्कृष्ट प्रदर्शनसँगै पुलिसले पहिलो दिन नै ४५ रनको अग्रता बनाएको छ ।

■ पुलिस ४५ रनले अगाडि

जय ट्रफीको दोस्रो खेलमा पुलिसले मधेश प्रदेशविरुद्ध ४५ रनको अग्रता बनाएको छ । नारायणी रंगशालामा पहिलो दिन दुई अर्धशतक बने । पुलिसका कुशलसँगै पहिलो इनिङ्समा मधेशका मयन यादवले अर्धशतक बनाएका हुन् । पहिलो खेलमा बामगतीविरुद्ध उनले शतक नै बनाएका थिए । जय ट्रफीमा शतक बनाउने मयन पहिलो खेलाडी हुन् ।

पहिलो दिनको स्टम्ससँग पुलिसले ४० ओभर खेलेर तीन विकेटको क्षतिमा १७४ रन बनाएको छ । पुलिसका कप्तान आरिफ शेख १३ र अमित श्रेष्ठ ३४ रनमा अविजित छन् । त्यसअघि ओपनर दिलीप नाथ ४० रनमा आउट भए । मधेशका कप्तान हरिशंकर साहले दुई तथा अभिषेक तिवारीले एक विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको मधेश प्रदेश पहिलो इनिङ्समा १२९ रनमा समेटियो । मधेशले लन्च ब्रेकसम्म २९.१ ओभरमा चार विकेटको क्षतिमा ९९ रन बनाएको थियो । थप ३० रन जोड्दा टोलीले ६ विकेट गुमायो । मधेशका मयन यादवले सर्वाधिक ५९ रन बनाउँदा नीरज यादवले २९ रन बनाए भने अभिषेक तिवारीको १७ रन बनाएका छन् ।

■ गुल्सन पाँच विकेट लिने चौथो खेलाडी

पुलिसका गुल्सन झाले १३ ओभरमा ४० रन दिएर पाँच विकेट लिए । कुशल भुर्तेलले दुई विकेट लिए भने श्रवण यादव र ललित राजवंशीले एक-एक विकेट लिएका छन् । गुल्सन जय ट्रफीमा पाँच विकेट लिने चौथो खेलाडी हुन् ।

यसअघि पहिलो खेलमा बागमतीका सन्दीप लामिछानेले दुवै इनिङ्स तथा पुलिसका ललित राजवंशी, आर्मीका साहब आलमले एक इनिङमा पाँच विकेट लिएका थिए । सन्दीप र साहबले पहिलो खेलको दुवै इनिङ्समा समान १० विकेट लिका थिए ।

■ आर्मीविरुद्ध बागमती १५२ रनले पछाडि

विभागीय टोली त्रिभुवन आर्मी क्लबविरुद्ध बागमती प्रदेश १५२ रनले पछाडि परेको छ । जनकपुरस्थित रामजानकी मैदानमा पहिलो दिन समाप्त हुँदा बागमती पाँच विकेट गुमाएर १२४ को स्थितिमा छ । नन्दन यादव १८ र विपिन आचार्य १ रन बनाएर खेलिरहेका छन् । यसअघि शुभ कंसाकार ३४, उत्तम मगर २८, रित गौतम २१ र आशुतोष घिरैया ११ रन बनाएर पेभेलियन फर्किएका थिए । आर्मीका लागि आकाश चन्दले तीन तथा सोमपाल कामीले दुई विकेट लिए ।

■ इमरान र बसिरको शतक, सन्दीप महँगो साबित

टस हारेर ब्याटिङ गरेको आर्मीका लागि इमरान शेख र बसिर अहमदले शतक बनाए । बलिङतर्फ कप्तान सन्दीप भने महँगो साबित भए । दुई विकेट लिए पनि सन्दीपले २२ ओभरमा १०३ रन खर्चिएका थिए । एक समय उनी तीव्रगतिको बलरको भूमिकामा पनि रहे ।

दुई खेलाडीको अर्धशतकपछि आर्मीले पहिलो इनिङ (६० ओभर)मा पाँच विकेट गुमाउँदै २७६ रन बनाएको थियो । ओपनर इमरान शेखले १०४ बलमा ११ चौकासहित सर्वाधिक ७२ रन बनाए । पाँचौं नम्बर क्रिजमा पुगेका बसिर अहमदले ६४ बलमा आठ चौकासहित अविजित ५३ बनाएका हुन् । अर्का ओपनर तृतराज दासले ४४, कुशल मल्लले अविजित ३५ र भीम सार्कीले ३२ रन बनाए । इमरान र तृतराजले पहिलो विकेटका लागि १०३ रनको साझेदारी गरेपछि आर्मी बलियो स्थितिमा पुगेको हो । बागमतीका लागि विपिन आचार्यले तीन विकेट लिए ।

कुशल लयमा फर्किएका छन्

मन्जित श्रेष्ठ, प्रशिक्षक, नेपाल पुलिस क्लब

मधेश प्रदेशविरुद्ध कुशल भुर्तेलको अर्धशतकीय प्रदर्शनले नेपाल पुलिसलाई धेरै सहयोग पुऱ्याएको छ । उनी पुनः पहिलेको लयमा फर्किने आशा गरिएको छ । पछिल्लो समय उनको राम्रो प्रदर्शन हुन सकेको थिएन । कुशल टिमका भरपर्दो खेलाडी हुन् र उनको प्रदर्शनले टिमलाई सकारात्मक ऊर्जा दिएको छ । अगामी दिनमा पनि उनको प्रदर्शनले टिमलाई सहयोग पुग्ने आशा गरेका छौं ।

मौसमकै कारण प्रदर्शन राम्रो भएन

सुनील साह, प्रशिक्षक, मधेश प्रदेश

वीरगन्जमा भएको पहिलो दिन पुलिससँग सुरुवातको समयदेखि राम्रो प्रदर्शन भइरहेको थियो । तर, मौसमले गर्दा पहिलो दिनको खेलमा असर गरेको छ । सुरुवात राम्रो रह्यो, तर मौसममा आएको परिवर्तनकै कारण लगातार तिन विकेट गएको हो । अब घाम लाग्दै गयो भने प्रदर्शन राम्रो हुने आशा छ । पिच र ग्राउन्ड खेलका लागि तारिफ गर्नलायक रहेको छ । मधेश प्रदेशको टिममा भविष्य भएका खेलाडी देखिएका छन् । अहिले टिममा मयनसँगै नीरज यादवजस्ता अधिकांश खेलाडी पनि राम्रो प्रदर्शन गरिरहेका छन् ।

खेल संक्षेप

दीपेन्द्रसहित ६ खेलाडी पिएसएल ड्राफ्टमा

काठमाडौं/ नेपाल राष्ट्रिय क्रिकेट टोलीका ६ खेलाडी पाकिस्तान सुपर लिग (पिएसएल)को ड्राफ्टअन्तर्गत सिल्भर क्याटेगोरीमा समावेश भएका छन् । बुधबार सार्वजनिक भएको सूचीमा नेपालका दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, गुल्सन झा, अर्जुन साउद, देव खनाल र सोमपाल कामी समावेश छन् । पिएसएलको फाइनल ड्राफ्ट आगामी १३ जनवरीमा हुँदै छ । लिग भने अप्रिल-मेमा हुनेछ । त्यस्तै, अक्सनको गोल्ड र प्लाटिनम क्याटेगोरी सार्वजनिक भएको छैन । अघिल्लो सिजन १० खेलाडी ड्राफ्टमा रहे पनि सबै नेपाली खेलाडी अनसोल्ड भएका थिए ।

सहज जित निकाल्दै आर्मी फाइनलमा

काठमाडौं/ विभागीय टोली त्रिभुवन आर्मी क्लब मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ सिल्ड पुरुष भलिबल च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । बुधबार बुटवल उपमहानगरपालिका- १० स्थित रामनगर खेलमैदानमा सम्पन्न दोस्रो सेमिफाइनलमा आर्मीले मणिमुकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । मंगलबारका लागि तय खेल खराब मौसमका कारण बुधबार सारिएको थियो ।

एकतर्फी खेल आर्मीले २५-१८, २५-१३, २५-१९ ले आफ्नो पक्षमा पाऱ्यो । आर्मी समूह 'बी'को विजेता तथा मणिमुकुन्द समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनलमा पुगेका थिए । आर्मीले उपाधिका अर्को विभागीय टोली नेपाल पुलिस क्लबको सामना गर्नेछ । पुलिसले गुजरात स्टेट भलिबल एसोसिएसनलाई ३-१ को सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

आर्मीको एक दर्जन गोल

काठमाडौं/ विभागीय टोली त्रिभुवन आर्मी क्लबले राष्ट्रिय महिला लिगको दोस्रो चरणमा वालिङ नगरपालिकाविरुद्ध १२-० को जित निकालेको छ । बुधबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा आर्मीलाई जित दिलाउन राष्ट्रिय टोलीकी विमला चौधरी र चन्द्रा भण्डारीले ह्याट्रिक गरे । विमलाले चार तथा चन्द्राले तीन गोल गरे । अनुभवी खेलाडी सपना लामा र अञ्जना थुलुङ राईले समान दुई तथा विमला विकले एक गोल थपेका थिए । यो दोस्रो चरणमा निस्केको सबैभन्दा फराकिलो अन्तरको जित हो । यसअघि एपिएफले वालिङविरुद्ध नै ९-० को जित निकालेको थियो । जितसँगै आर्मीले तीन खेलबाट ७ अंक जोडेको छ । तीनै खेलमा पराजित वालिङ अंकविहीन छ ।

दुई खेलमा आर्मीको पोस्टमा १७ गोल

नयाँ पत्रिका

विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले एन्फा यू-१६ युथ लिगमा लज्जास्पद सुरुवात गरेको छ । टोलीले बुधबारसम्म दुई खेल खेल्दा १७ गोल व्यहोरेको छ । इशान तामाङको कप्तानीमा रहेको आर्मीले एक गोल पनि फर्काउन सकेन । दोस्रो खेलमा आर्मी थ्री स्टार क्लबसँग १०-० ले पराजित भयो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा थ्री स्टारलाई जित दिलाउन सिर्जन श्रेष्ठ र रोहन बम्जनले ह्याट्रिक पूरा गरे । पूर्ण श्रेष्ठले दुई तथा भूपेन्द्रबहादुर रावत र जोङसन खेन्चो काजीले समान एक गोल थपे ।

जितसँगै थ्री स्टारले दुई खेलबाट ४ अंक जोडेको छ । चक्र तामाङको प्रशिक्षणमा रहेको आर्मीले दुवै खेलमा पराजित हुँदा अंक जोड्न सकेन । पहिलो खेलमा आर्मीले अर्को विभागीय टोली नेपाल पुलिस क्लबसँग ७-० को हार व्यहोरेको थियो । थ्री स्टार भने अर्को विभागीय टोली एपिएफसँग गोलरिहत बराबरीमा रोकिएको छ ।

दिनको अर्को खेलमा सातदोबाटो युथ क्लबलाई २-१ ले हराउँदै एपिएफ क्लबले पहिलो जित निकालेको छ । एपिएफको जितमा अभिनाश वाइबा र तेन्जिङ शेर्पाले गोल गरेका थिए ।

सिर्जन र रोहनको ह्याट्रिक

थ्री स्टारको जितमा सिर्जन श्रेष्ठ र रोहन बम्जनले ह्याट्रिक पूरा गरेका थिए । सिर्जनले खेलको ७८, ८८ र इन्जुरी समयमा गोल गरेका हुन् । २३औं मिनेटमा मैदान प्रवेश गरेका रोहनले ७०, ७५ र ८६औं मिनेटमा गरी ह्याट्रिक पूरा गरेका हुन् । खेलको १०औं मिनेटमा भूपेन्द्रको गोलमार्फत थ्री स्टारले अग्रता लियो । २३औं मिनेटमा जोङसनले पेनाल्टीमार्फत २-० ले अग्रता दोब्बर बनाए । पूर्णले ४४ र ६६औं मिनेटमा गोल गर्दा थ्री स्टार पहिलो हाफमै ४-० ले अगाडि बढ्यो । रोहनले ७० र ७५ औं मिनेटमा गोल थप्दा थ्री स्टारको अग्रता ६-० मा पुग्यो । सिर्जनले ७८औं मिनेटमा टोलीका लागि सातौं गोल गरे । आठ मिनेटपछि रोहनले ह्याट्रिक पूरा गर्दै थ्री स्टालाई ८-० को फराकिलो अग्रता दिलाएका हुन् । सिर्जनले निर्धारित समय सकिन दुई मिनेट बाँकी रहँदा गोल गर्दै थ्री स्टारलाई १०-० को सानदार जित दिलाए ।

■ दशौं राष्ट्रिय खेलकुद

कर्णालीबाहिर नेपालगन्ज र काठमाडौंमा खेल हुन सक्ने

नयाँ पत्रिका

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेल नेपालगन्ज र काठमाडौंमा हुन सक्ने बताएका छन् । प्रतियोगिताको सचिवालयको बुधबार उद्घाटन गर्दै मन्त्री चौधरीले खेलस्थलको चाँडै टुंगो लगाइने जानकारी दिए । उनका अनुसार आवासको निरीक्षण भइरहेको छ । 'आवश्यक पूर्वाधार अभावले दशौं राष्ट्रिय खेलकुदका केही खेल नेपालगन्ज र काठमाडौंमा पनि हुन सक्नेछ,' मन्त्री चौधरीले भने, 'अधिकांश खेल कर्णालीमै हुनेछ । त्यस्तै, कर्णाली प्रदेशको खेल पूर्वाधार, बाटो र होटेललगायत अवस्थाबारे पनि निरीक्षण भइरहेको छ ।'

२१ मंसिरमा बसेको राखेप बोर्ड बैठकले प्रतियोगिता २३ देखि ३० चैतसम्म हुने निर्णय गरेको थियो । राखेपले ३६ मध्ये २४ खेल मात्रै कर्णाली प्रदेशमा हुन सक्ने बताउँदै आएको छ । १७ खेलका स्पर्धा सुर्खेतमा हुनेछ । मन्त्री चौधरीले ३ माघमा बस्ने राखेप बोर्ड बैठकमा दशौं राष्ट्रिय खेलकुदबारे थप छलफल हुने बताए । यसअघि २ देखि ९ मंसिरसम्म हुने भनिए पनि राखेप बोर्ड बैठक बस्न नसक्दा प्रतियोगिता निर्धारित समयमै हुन सकेको थिएन । गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएपछि कर्णालीले दशौं आयोजना गर्न झन्डा लिएको थियो ।

दशौं राष्ट्रिय खेलकुदको कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्रिपुरेश्वरस्थित राखेप कार्यालय भवनको दोस्रो तलामा सचिवालय सञ्चालनमा ल्याइएको हो । मन्त्री चौधरीले दशौं राष्ट्रिय खेलकुद भव्य, सभ्य र उत्कृष्ट हुने बताए ।

प्रदेशलाई जिम्मेवारी दिइने

राखेपका सदस्यसचिव टंकलाल घिसिङले देश संघीय संरचनामा गएपछि राष्ट्रिय खेलकुद आयोजना पनि संघीय संरचनामा हुँदै गएको उल्लेख गर्दै यसपल्ट प्रदेशका खेलकुद निकायलाई अझ धेरै जिम्मेवारी दिने बताएका छन् । सदस्यसचिव घिसिङले प्रदेशको पहिचान झल्किने किसिमले खेलाडीले लगाउने पोसाकसँगै यातायात व्यवस्थापन गर्ने जिम्मेवारी पनि प्रदेशलाई नै दिइने स्पष्ट पारे । घिसिङले दशौं राष्ट्रिय खेलकुदको सचिवालयको उद्घाटन पहिलो चरणको काम मात्र भएको बताए । उनका अनुसार प्रतियोगिताको तालिका, पुरस्कार, उद्घाटन, समापनलगायतका विषयमा क्रमैसँग सार्वजनिक गरिनछ ।

■ बागमती खेलकुद परिषद्

४५ दिनदेखि रोकियो चार सदस्यको शपथ

मकवानपुरमा पोष्टराज अधिकारी

बागमती प्रदेश खेलकुद विकास परिषद्का नवनियुक्त चारजना सदस्यको शपथ ४५ दिनदेखि रोकिएको छ । १० मंसिरमा बसेको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले दुई महिलासहित चारजनालाई परिषद्को सदस्यमा नियुक्त गर्ने निर्णय गरेको थियो । सदस्यमा ललितपुरका रवि महर्जन, मकवानपुरका संगीत श्रेष्ठ, चितवनकी नवीना खनियाँ र रामेछापकी कल्पना खड्का नियुक्त भएका थिए ।

सामाजिक विकास मन्त्रालयको सिफारिस र युवा तथा खेलकुद मन्त्रालयको सहमतिमा गरिएको उक्त नियुक्तिमा कानुनी समस्या देखिएको हो । राजनीतिक भागबन्डाअनुसार सहमति जुटाएर गरिएको उक्त नियुक्तिमा आफ्नो मान्छे नपरेको भन्दै शपथग्रहण होल्ड भएको सामाजिक विकास मन्त्रालयका एक कर्मचारीको दाबी छ ।

सत्तासाझेदार दल एमालेबाट दुई र कांग्रेसबाट दुईजनालाई मन्त्रिपरिषद्को बैठकबाट नियुक्त गरिएको थियो । ती कर्मचारीका अनुसार नियुक्त गरिएका मध्ये दुईजना सदस्यको विषयमा सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले समस्या देखाएकी थिइन् । विभागीय मन्त्री मीनकृष्ण महर्जनले सदस्य छनोट गरी पठाएका थिए । सो विषयमा सामाजिक विकासमन्त्रीले समस्या देखाएर व्यक्ति परिवर्तन गर्न भनेको, तर मन्त्रिपरिषद्बाट विभागीय मन्त्री महर्जनले सिफारिस गरेअनुसार नै सदस्य नियुक्त गरेको ती कर्मचारीले बताए ।

मन्त्री महर्जनले कांग्रेसबाट रवि महर्जन र कल्पना खड्कालाई सदस्यमा सिफारिस गरेका थिए । खड्का कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितिका सदस्यसमेत हुन् । दुवै सदस्य फरक समूहबाट ल्याएको र आफ्नो मान्छे नसमेटेको भन्दै सामाजिक विकासमन्त्री खड्गी रुष्ट बनेको आरोप छ ।

केही समयअघि मात्र मन्त्री खड्गीले आफ्नै श्रीमान् प्रकाश खड्गीलाई एक प्रादेशिक अस्पतालको अध्यक्ष पदमा नियुक्त गराएकी थिइन् । उनले स्वास्थ्य मन्त्रालयमार्फत काठमाडौंको टोखा-चण्डेश्वरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष पदमा श्रीमान् प्रकाशलाई नियुक्त गरेकी थिइन् । त्यसपश्चात् प्रदेश सरकार तथा मन्त्रिपरिषद्मा मन्त्री खड्गीको आलोचना हुँदै आएको छ ।

समय व्यवस्थापन नहुँदा ढिला भयो

हरिप्रभा खड्गी, सामाजिक विकासमन्त्री

नियुक्त भएका सदस्यहरूको शपथग्रहण समय अभावका कारण ढिलो भएको हो । मन्त्रालयको विभिन्न कार्यक्रमका लागि जिल्लाबाहिर जानुपर्ने भएकाले शपथग्रहण ढिला भएको हो ।

बाँकी ६ सदस्य नियुक्त

बागमती प्रदेश खेलकुद विकास परिषद्को रिक्त ६ सदस्य नियुक्त गरिएको छ । गत मंगलबारको मन्त्रीस्तरीय निर्णयअनुसार परिषद्मा ६ जना सदस्य नियुक्त गरिएको हो । प्रदेशको सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले सत्तासाझेदार दल एमाले र कांग्रेसबाट तीन-तीनजना गरी ६ जना सदस्य नियुक्त गरेकी हुन् । प्रदेशमा विभागीय युवा तथा खेलकुद मन्त्रालय रहे पनि कानुन संशोधन नहुँदा सो मन्त्रालयले अधिकार प्राप्त गर्न सकेको छैन । जसकारण कानुनी व्यवस्थाअनुसार सामाजिक विकासमन्त्री खड्गीले परिषद्मा ६ सदस्य नियुक्त गरेकी हुन् । एमालेका तर्फबाट दोलखाकी अञ्जना शिवाकोटी, ललितपुरकी दीपा क्षेत्री र काभ्रेका गोविन्दलाल श्रेष्ठलाई नियुक्त गरिएको छ । कांग्रेसका तर्फबाट मकवानपुरका अमृत लुइ्वा, सविन भट्टाचार्य र सिन्धुपाल्चोकका राजन धितललाई नियुक्त गरिएको छ । एक सदस्यको पदावधि बाँकी नै रहेको परिषद्का सदस्यसचिव दीपक लामाले जानकारी दिए । माओवादीको कोटामा श्रीभक्त छवा नियुक्त भएका थिए ।

Bhumikasthan Municipality

Office of the Municipal Executive

Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

Invitation for BIDs

Date of publication: 1-9-2025 (2081-09-25)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Website: www.bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.3000/-** as bidding document fee in the account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Office Code No.: 801055101
   - Revenue Code No.: 14249
   - Account Name : Internal Revenue.
4. Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the BID Security Amount in Bank:
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name: Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 28-01-2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 09-02-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-02-2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi.

Bidders other details are as given below:

Tender No.	Name of Project	Total Amount (Exclusive VAT and Contingency)	BID Price	Bid Security Amount In NRs	Bid security valid period
27/BMA/W/JCPC/081/82	Kharyan Jharana Conservation and pedestrian construction works, Bhumikasthan-9 and 10, Arghakhanchi.	77,02,890.29	NRs. 3000.00 (Not Refundable)	2,25,000	90 Days
28/BMA/W/B/081/82	Health Post Building Construction Works, Bhumikasthan-8, Arghakhanchi.	30,30,230.01	NRs. 3000.00 (Not Refundable)	87,500	

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com